# दिगो विकासका लक्ष्यहरु

## गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन



प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश सरकार, पोखरा, नेपाल
भदौ २०७६

**प्रकाशक**

प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल
फोनः ०६१-४६२१०२
इमेलः ppcgandaki@gmail.com, info@ppc.gandaki.gov.np

www.ppc.gandaki.gov.np

**प्रतिलिपि अधिकार**

प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोटोः प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश
लक्ष्मी प्रसाद डाखुसी, कृष्णमणि बराल

# दिगो विकासका लक्ष्यहरू

## गण्डकी प्रदेशको आधार तथ्याङ्क प्रतिवेदन

गण्डकी प्रदेशको समृद्धिका लागि
## सात प्रमुख संवाहकहरू

- पर्यटन
- कृषि
- उर्जा
- उद्योग
- पूर्वाधार
- मानव संशाधन
- सुशासन

गण्डकी प्रदेशको समृद्धिका लागि
## पाँच प्रमुख सहयोगी क्षेत्रहरू

- प्राकृतिक सौन्दर्य
- जैविक विविधता
- सामाजिक विविधताबीचको एकता
- साँस्कृतिक विविधता, सह–अस्तित्व र पहिचान
- जनसाङ्ख्यिक लाभ





प्रदेश सरकार

# मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश

पत्र संख्याः- २०७६/०७७

चलानी नं.:- ६०२

पोखरा,

नेपाल ।

## प्राक्कथन



दिगो विकासका लक्ष्य (दिविल) हरू संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूले अन्तर्राष्ट्रिय रुपमा सहमति गरेका विकास उद्देश्यहरूको साझा संङ्ग्रह हो । यी लक्ष्यहरू पूरा गर्न नेपाल प्रतिबद्ध छ र प्रादेशिक तहमा हाम्रा योजना, बजेट निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीहरूमा दिविलहरूलाई स्थानीयकरण गर्न प्रादेशिक तहमा हामीले इमान्दार प्रयासको थालनी गरेका छौं, र त्यसले नेपाल सरकारले निर्धारण गरेका राष्ट्रिय विकास लक्ष्यहरूलाई हासिल गर्नेतर्फ परिपूरकको काम गर्नेछ । दिविलहरूलाई सन् २०३० भित्र हासिल गर्न हामी प्रतिबद्ध छौं । त्यसैकारण दिविलहरू केवल अन्तर्राष्ट्रिय कोसेढुंगा होइनन्, नेपाल सरकारका साथै गण्डकी प्रदेश सरकारको पनि प्रतिबद्धता हो । प्रभावकारी योजना तथा कार्यान्वयनका लागि र यी साझा कार्यसूची हासिल गर्न हामीले हाम्रा संस्था र सङ्गठन, मानवस्रोत र क्षमताको विकास गरिरहेका छौं ।

हाम्रा विकास योजना र बार्षिक बजेटले हाम्रा जनताका सामाजिक, आर्थिक र वातावरणीय आकांङ्क्षामाथि जोड् दिंदै कार्यक्रमहरूलाई दिविलको आधारशिला रहेको जनता, ग्रह, समृद्धि, शान्ति र साझेदारीतर्फ अभिमुख गराएका छन् । स्रोतहरूको बाँडफाँट र उल्लेखित लक्ष्यहरू हासिल गर्न हामी नेपाल सरकार, पालिका, विकास साझेदार, नागरिक समाज, निजी क्षेत्र, प्राज्ञिक क्षेत्र, अनुसन्धान संस्था र समुदायसँग सावधानीपूर्वक र नजिकमा रहेर काम गरिरहेका छौं । प्रदेश नीति तथा योजना आयोगले योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सबै सरोकारवालाहरूलाई संलग्न गराउने, स्रोत विनियोजनका प्राथमिकताहरू तय गर्ने र जनताका विकासका आकाङ्क्षाहरू पूरा गरी उनीहरूलाई सन्तुष्ट तुल्याउने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ ।

दिविलहरू विकासका साझा कार्यसूची हुन् र सरकारले मात्र स्रोत व्यवस्थापन र कार्यान्वयनको जिम्मेवारी वहन गर्न सक्दैन । त्यसैकारण, दिविलहरूको कार्यान्वयन र तिनलाई द्रुत गतिमा हासिल गर्नका लागि सबै सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार र विकास साझेदार, निजी क्षेत्र, सहकारी तथा नागरिक समाजलाई गण्डकी प्रदेश सरकारसँग हातेमालो गर्न म आग्रह गर्दछु ।

मुख्यमन्त्री

**पृथ्वी सुब्बा गुरुङ**

*मुख्यमन्त्री तथा*

*अध्यक्ष, प्रदेश नीति तथा योजना आयोग*

प्रदेश सरकार

# प्रदेश नीति तथा योजना आयोग

गण्डकी प्रदेश

पत्र संख्याः- २०७६/०७७
चलानी नं.:- १३४

पोखरा,
नेपाल ।



## भूमिका

वि.सं. २०७४ मा भएका ऐतिहासिक निर्वाचनमार्फत नेपालमा सङ्घीय, प्रदेश तथा स्थानीय, तहका सरकारहरूको गठन भयो र उनीहरूका विकासका आकांङक्षाहरू दिगो विकास लक्ष्य (दिविल) हरूका रुपमा विश्व समुदायले अभिव्यक्ति गरेका महत्वकांङक्षाहरूसँग मेल खान्छन् । नेपालको संविधानले प्रादेशिक सरकारहरूलाई योजना तथा बजेट तर्जुमा गरी जनताका विकास आकांङक्षाहरू पूरा गर्न त्यसलाई कार्यान्वयन गर्ने कार्यादेश प्रदान गरेको छ । यसै कार्यादेश अनुरुप गण्डकी प्रदेश सरकारले सबै क्षेत्रमा दिविललाई मूलप्रवाहीकरण गर्दै आफ्नो पहिलो पञ्चवर्षीय विकास योजना (२०७६-८०) को आधारपत्र तयार गरेको छ ।

यो प्रतिवेदन प्रदेशको विकासको अवस्था र २०३० एजेण्डा तथा वि.सं. २०८१ (पहिलो योजनाको अन्त्य) सम्मका लागि आधाररेखाहरूको स्थिति आंकलन गरी सहभागितामुलक र परामर्शजन्य विधिद्वारा तयार गरिएको हो । यस प्रतिवेदनले प्रादेशिक तहमा दिविलहरूको कार्यान्वयनमा रहेका मुख्य मुद्दा र चुनौतीहरूमाथि प्रकाश पार्दछ र यसले राष्ट्रिय दिविल मार्गचित्र २०१६-२०३० लाई बल पुर्‍याउने काम गर्नेछ । दिविलहरूको प्रगति अनुगमनका लागि नेपालले ४७९ वटा सूचकहरूको विकास गरेको छ । तर धेरै सूचकहरूका लागि प्रादेशिक तहमा खण्डिकृत तथ्याङ्क उपलब्ध छैनन । स्थापित आधाररेखा सूचना भएका दिविल सूचकहरूको गण्डकी प्रदेशले अनुगमन गर्दै भावी राष्ट्रिय तथा प्रादेशिक सर्वेक्षणमार्फत अन्य सूचकहरूको आधाररेखा सूचना विकसित गर्नेछ र त्यसको जानकारी गराउँदै जानेछ ।

यस प्रतिवेनको तयारीमा आफ्ना बहुमुल्य सुझाव दिनु हुने सबै सरोकारवालाहरूलाई म हार्दिक धन्यवाद व्यक्त गर्दछु । आयोगका सदस्यहरू ई. डा. विष्णुराज बराल, डा. भीमा ढुंगाना र उपसचिव श्री मोहन थापालाई परामर्शका क्रममा सरोकारवालाहरूलाई प्रदान गरिएको आफ्ना बहुमुल्य निर्देशनहरू र मस्यौदा प्रतिवेदनमाथि सुझाव र पृष्ठपोषणका लागि धन्यवाद व्यक्त गर्दछु ।

यसैगरी, परामर्श प्रक्रियामा र मसौदा प्रतिवेदनमा प्राप्त बहुमुल्य सुझाव र पृष्ठपोषणका लागि मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार श्री गोविन्दबहादुर नेपाली, मुख्य न्यायधिवक्ता डा. राजेन्द्र घिमिरे, प्रमुखसचिव श्री हरि बस्याल, सचिवहरू श्री दलबहादुर अधिकारी, श्री विष्णुप्रसाद भण्डारी, श्री इश्वर मरहठ्ठा, श्री मनोहर घिमिरे, श्री दीर्घनारायण पौडेल र श्री दुर्गा दवाडीप्रति म कृतज्ञ छु । यस प्रतिवेदनको लेखनमा मलाई साथ दिनुहुने श्री आशुतोषमणी दिक्षित पनि धन्यवादका पात्र हुनुहुन्छ । प्रतिवेदनको तयारीका लागि प्राप्त प्राविधिक सहयोगका लागि संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी) नेपाललाइ विशेष धन्यवाद दिन चाहन्छु ।

प्रादेशिक तहमा दिविलहरूको स्थानीयकरण र कार्यान्वयनका लागि ठूलो स्रोत आवश्यक पर्छ । यस सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला, नेपाल सरकार, नगरपालिकाहरू, गाउँपालिकाहरु, गैरसरकारी संस्था, नागरिक समाज र प्राज्ञिक क्षेत्रलाई यस प्रतिवेदनमा उल्लेखित दिविलहरू हासिल गर्न गण्डकी प्रदेश सरकारसँग सहकार्य गर्न म हार्दिक आग्रह गर्दछु ।

**डा गिरिधारी शर्मा पौडेल**
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
गण्डकी प्रदेश, पोखरा, नेपाल

# सङ्क्षेपीकरणको सूची

| | |
|---|---|
| आ.मा.यो.म. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| आ.मा.का.म. | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| उ.प.व.वा.म. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ऊ.ज.सि.म. | ऊर्जा, जलस्रोत र सिचाइ मन्त्रालय |
| कृ.प.वि.म. | कृषि तथा पशुपक्षी विकास मन्त्रालय |
| के.त.वि. | केन्द्रीय तथ्याङ्क विभाग |
| गृ.म. | गृह मन्त्रालय |
| घ.ब.स. | घरपरिवार बजेट सर्वेक्षण |
| दि.वि.ल. | दिगो विकास लक्ष्य |
| ने.ई.प. | नेपाल ईन्जिनियरिङ परिषद् |
| ने.ब.सू.क्ल.स. | नेपाल बहुसूचक क्लस्टर सर्वेक्षण |
| ने.ज.स्वा.स. | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ने.जी.स. | नेपाल जीवनस्तर सर्वेक्षण |
| ने.वि.प्रा. | नेपाल विद्युत प्राधिकरण |
| ने.दू.प्रा. | नेपाल दूरसञ्चार प्राधिकरण |
| ने.श्र.स. | नेपाल श्रमशक्ति सर्वेक्षण |
| ने.प्र.प्र.प्र. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान |
| ने.रा.बैं. | नेपाल राष्ट्र बैंक |
| ने.ज.स्वा.स. | नेपाल जनसांडखिक तथा स्वास्थ्य संरक्षण |
| प्र.ब.सू.क्ल.स. | प्रदेश बहुआयामिक सूचकाङ्क क्लस्टर सर्वेक्षण |
| प्र.जी.स. | प्रदेश जीवनस्तर सर्वेक्षण |
| प्र.यो.आ. | प्रदेश योजना आयोग |
| प्र.त.का. | प्रदेश तथ्याङ्क कार्यालय |
| ब.ग.सू. | बहुआयामिक गरिबी सूचकाङ्क |
| भौ.पू.वि.म. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| या.व्य.वि. | यातायत व्यवस्थापन विभाग |
| रा.मा.अ.आ. | राष्ट्रिय मानव अधिकार आयोग |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| व.भू.सं.म | वन तथा भू-संरक्षण मन्त्रालय |
| व्य.सू.प्र. | व्यवस्थापन सूचना प्रणाली |
| स.से.प्र.स. | सदाचार तथा सेवा सर्वेक्षण |
| सं.रा.वि.का. | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| स.मा.सा.प्र.म. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| स.सू.प्र.म. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| सा.वि.म. | सामाजिक विकास मन्त्रालय |
| स्वा.ज.म. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| स्वा.व्य.सू.प्र. | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |
| स्वा.से.वि. | स्वास्थ्य सेवा विभाग |
| शि.व्य.सू.प्र. | शिक्षा व्यवस्थापन सूचना प्रणाली |
| श.वि.म. | शहरी विकास मन्त्रालय |

# विषय सूची


**सारसङ्क्षेप** **११**



अध्याय **१**

**परिचय** **१५**

१.१ विषय प्रवेश १६

१.२ उद्देश्यहरू १७

१.३ पद्धति र विधि १७

१.४ प्रतिवेदनको संरचना १७



अध्याय **२**

**दिगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्यहरूको विश्लेषण** **१९**

लक्ष्य १ २०

लक्ष्य २ २१

लक्ष्य ३ २२

लक्ष्य ४ २३

लक्ष्य ५ २४

लक्ष्य ६ २५

लक्ष्य ७ २६

लक्ष्य ८ २७

लक्ष्य ९ २८

लक्ष्य १० २९

लक्ष्य ११ ३०

लक्ष्य १२ ३१

लक्ष्य १३ ३२

लक्ष्य १५ ३३

लक्ष्य १६ ३४

लक्ष्य १७ ३५



अध्याय **३**

**गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यका सूचकहरूको आधार तथ्याङ्क अवस्था** **३७**

३.१ समाज ३८

३.२ आर्थिक तथा जीवमण्डल ४२

३.३ तथ्याङ्कको उपलब्धता र अभाव ४६



अध्याय **४**

**गण्डकी प्रदेशको योजना तथा बजेट निर्माणमा दिगो विकास लक्ष्यको स्थानीयकरण** **४९**

४.१ पृष्ठभूमि ५०

४.२ जनता र समाज ५०

४.३ समृद्धि र ग्रह ५२

४.४ साझेदारी ५५

४.५ शान्ति ५७

४.६ गण्डकी प्रदेशका लागि पहिचान गरिएको लक्ष्य अनुसारको अवसर तथा चुनौतीहरूको झलक ५८

४.७ लक्ष्य अनुसारको कार्यक्रम क्षेत्र र जिम्मेवार निकाय ६०



अध्याय **५**

**अनुगमन तथा मूल्याङ्कन** **६५**

५.१ प्रादेशिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण ६६

५.२ दिगो विकास लक्ष्यका अनुगमन साधन ६६

# रेखा-चित्रहरूको सूची


| रेखाचित्र नं | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | प्रसवोत्तर हेरचाह र कुपोषण | ३९ |
| २ | स्वास्थ्य केन्द्रमा पहुँच | ४० |
| ३ | प्रसवपूर्व हेरचाह र नवजात शिशुमृत्यु दर | ४१ |
| ४ | महिलाको भूस्वामित्व | ४१ |
| ५ | अल्पवेरोजगारी दर | ४३ |
| ६ | सरसफाइको प्रयोग गर्ने घरपरिवार; खरको छानो भएको घरपरिवार; र धाराबाट आउने खानेपानीमा पहुँच भएको घरपरिवार | ४५ |
| ७ | मोबाइल फोन र इन्टरनेट | ४५ |
| ८ | विवाहित वा बन्धनमा बाँधिएका २० देखि २४ वर्षका महिलाको अनुपात | ४६ |
| ९ | जनता, ग्रह, समृद्धि, शान्ति र साझेदारी | ५० |
| १० | गण्डकी प्रदेशको समृद्धिका सात मुख्य संवाहकहरू | ५२ |
| ११ | गण्डकी प्रदेशको समृद्धिका पाँच मुख्य सहयोगीहरू | ५२ |
| १२ | परिवर्तनकारी कार्यक्रम र आयोजना | ५३ |
| १३ | दिगो विकास लक्ष्यहरूमा निजी क्षेत्र | ५६ |

| तालिका नं | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यका सूचकहरूका लागि तथ्याङ्कको उपलब्धता | ४७ |
| २ | दिगो विकास लक्ष्यअनुसार अवसर तथा चुनौतीहरू | ५८ |
| ३ | लक्ष्य अनुसार कार्यक्रम क्षेत्र | ६१ |
| ४ | दिगो विकास लक्ष्यका अनुगमन साधनहरू | ६७ |
| | **परिशिष्ट १-१७** | ७० |

# सारसङ्क्षेप

दिगो विकासको एजेण्डा आर्थिक, सामाजिक तथा वातावरणीय गरी तीन वटा आयामहरूमा विकसित गरिएको छ, जुन समावेशिता र समतामाथि केन्द्रित भएर समानान्तर रूपमा उदाउने परिकल्पना गरिएको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार भएको सङ्घीय शासन प्रणालीको व्यवस्था गरेको छ। यसको उद्देश्य स्पष्ट रूपमा सरकारलाई जनताको नजिक पुऱ्याउनु र विकासमा जनसहभागिता तथा स्वामित्वका लागि स्थान उपलब्ध गराएर विकास र सेवा आपूर्तिको गति र गुणस्तर बढाउनु हो।

संविधानले समावेशी तथा समाजवाद उन्मुख राष्ट्रको निर्माण गर्ने आफ्नो दीर्घकालीन सोचलाई साकार बनाउने लक्ष्य लिनुका साथै आधारभूत सरकारी सेवाहरू सबै नागरिकहरूका लागि सर्वसुलभ रहेको र सबै तहमा पारदर्शी तथा जवाफदेही तरिकाले आपूर्ति गरिएको सुनिश्चित गर्दछ। दिगो विकास लक्ष्य (दिविल) हरूका अवलम्बनले व्यक्ति, संस्था र तीनै तहका सरकारहरूलाई भविष्यका लागि वास्तविक रूपमा अर्थ राख्ने कामहरूको विषयमा केन्द्रित हुने मार्ग तय गर्न सहमत हुन मद्दत गर्नेछ। यसको प्रतिवेदन गण्डकी प्रदेशले संवैधानिक प्रावधान अनुसार गर्नुपर्ने कार्यको प्रतिवेदन पनि हो। प्रतिवेदनले गण्डकी प्रदेशको वर्तमान अवस्था र यस क्षेत्रमा रहेका तथ्याङ्कहरूको अभाव बारे पनि प्रस्ट गर्दछ।

यस प्रतिवेदनमा प्रयोग भएका तथ्याङ्कका मुख्य स्रोतहरूमा गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित स्थितिपत्र, राष्ट्रिय जनगणना, जीवनस्तर सर्वेक्षण, जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, बहुसूचक क्लस्टर सर्वेक्षण आदि हुन्। यसका अतिरिक्त राष्ट्रिय योजना आयोग-विश्व बैंकद्वारा विश्लेषण गरिएका प्रशासनिक तथ्याङ्क[१] यस प्रतिवेदन तयारी गर्दा आवश्यक भएको स्थानमा प्रयोग गरिएका छन्। दिगो विकासका लागि सन २०३० एजेण्डा दिगो विकासका तीन विशेष आयामहरू सामाजिक, वातावरणीय र आर्थिक क्षेत्रमा 'एकिकृत र अविभाज्य' लक्ष्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न लागू भएका हुन्। राष्ट्रिय लक्ष्यहरूलाई सहयोग र परिपूरण गर्न यस प्रतिवेदनमा गण्डकी प्रदेश सरकारले राष्ट्रिय दिगो विकास लक्ष्य रणनीति तथा सूचकहरूलाई स्थानीयकरण गर्ने इमान्दार प्रयास गरेको छ।

अन्य प्रदेशमा भन्दा गण्डकी प्रदेशमा कम गरिबी रहेको छ। गण्डकी प्रदेशमा राष्ट्रिय गरिबी रेखाको कुल गणना दर (headcount rate) १४.९१[२] छ। प्रदेशमा झण्डै ३७१,००० व्यक्ति राष्ट्रिय गरिबीको रेखामुनी रहेका छन्। प्रतिदिन १.९ अमेरिकी डलरमा मापन गरिएको गरिबीको दर ११.०९ प्रतिशत र बहुआयामिक गरिबी सूचकाङ्क १४.२ रहेको छ। गण्डकी नेपालको एउटा महत्वपूर्ण प्रदेश हो, जहाँ जनसङ्ख्याको १०.६ प्रतिशत मानिस बसोबास गर्छन। बहुआयामिक गरिबी सूचकाङ्कले शिक्षा, स्वास्थ्य र जीवनस्तर जस्ता आयामहरूमा समानान्तर रूपमा जनताले सामना गर्ने अति बञ्चितीकरणलाई प्रतिबिम्बित गर्छ। गण्डकी प्रदेशमा बहुआयामिक गरिबीको सुचकाङ्क १४.२ रहनुको अर्थ गण्डकी प्रदेशमा बहुआयामिक गरिबहरूले सबै सूचकहरूमा बञ्चितीकरणको १४.२ प्रतिशतको सामना गर्छन्। यस प्रदेशमा ३५३,५८० जनता बहुआयामिक बञ्चितीकरण र गरिबीमा रहेका छन्। गण्डकी प्रदेशका बहुसङ्ख्यक जनताले आफ्नो आम्दानीको धेरै अंश खाद्यान्नको उपभोगमा खर्च गर्छन्। "आफ्नो उपभोगको दुई तिहाई भन्दा बढी खाद्यान्नमा खर्च गर्ने जनसङ्ख्याको अनुपात" ४४.२१ प्रतिशत रहेको छ। रोजगारी र जनसाङ्ख्यिक हिसाबले १५ देखि २४ वर्षको उमेरसमूहका व्यक्तिहरूको सङ्ख्या गण्डकी प्रदेशको कुल जनसङ्ख्याको करिव २० प्रतिशत रहेको छ। युवा अल्प वेरोजगारी दर राष्ट्रियस्तर भन्दा माथि रहेको कारण रोजगारी र उद्यमशीलतामा युवा मानव संशाधनको परिचालन कमी भएको देखिन्छ।

[१] *दिविल प्रदेशस्तरीय सूचकहरूका लागि तथ्याङ्कहरूको गणना राष्ट्रिय योजना आयोगले विश्व बैंकबीचको प्राविधिक सहकार्यमा गरेको हो।*

[२] *राष्ट्रिय गरिबीको रेखामा प्रतिव्यक्ति दर (हेड काउन्ट दर) के.त.वि.को साना क्षेत्र गरिबी आँकलन प्रतिवेदनबाट लिइएको हो, र प्रति दिन १.९ डलर नेजिस, २०११ प्रयोग गरेर गणना गरिएको हो।*

पाँच वर्षमुनिको बालबालिकामा उचाई अनुसारको तौल नभएको अवस्था[३] राष्ट्रिय स्तरको ५.८ प्रतिशत भन्दा कम ३.९ प्रतिशत मात्र रहेको छ। ५ वर्ष मुनिका बालबालिकामा पुड्कोपना २८.९ प्रतिशत र प्रजनन् उमेरका महिलामा रक्तअल्पता २४.२ प्रतिशत रहेको छ। गर्भावस्थामा स्वास्थ्य केन्द्रमा प्रसवपूर्व सेवा चार पटकसम्म लिने महिलाहरूको प्रतिशत ५९ प्रतिशत[४] रहेको छ, र सबै प्रदेशसँग तुलना गर्दा यो सङ्ख्या तेस्रो ठूलो हो। प्रसवपूर्व स्वास्थ्य सेवाको उपयोग बढ्दा नवजात शिशुको मृत्युदर कम हुने तथ्य प्रदेशहरूबीचको तुलनात्मक विश्लेषणमा प्रस्ट देखिन्छ। चार पटकसम्म प्रसवपूर्व स्वास्थ्य सेवा लिने महिलाहरूको न्यून प्रतिशत रहेको प्रदेशहरूमा नवजात शिशुको मृत्युदर उच्च रहेको छ। साथै, प्रसवपछिको स्वास्थ्य सेवा लिने प्रवृत्तिले कुपोषण दरलाइ कम गर्न बल पुऱ्याउने काम गरेको देखिन्छ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार गण्डकी प्रदेशमा १५ देखि ४९ उमेरसमूहका १९.३ प्रतिशत महिलाहरू परिवार नियोजनका साधन प्रयोगका सम्बन्धमा आफैं सुसूचित भएर आफैं निर्णय लिन्छन्। प्रदेशमा नवजात शिशुको मृत्युदर प्रति १००० जीवित जन्ममा १५ रहेको छ। पाँच वर्षमुनिको मृत्युदर प्रति १००० जीवित जन्ममा २७ रहेको छ। लैङ्गिक समानताको दृष्टिकोणबाट यौन हिंसाको अनुभव गरेका १५ देखि ४९ वर्षका महिलाहरूको अनुपात गण्डकी प्रदेशमा ४.९ प्रतिशत रहेको छ, र जीवनभर शारीरिक र यौन हिंसाको सामना गर्ने महिलाहरूको प्रतिशत १६.९ प्रतिशत रहेको छ। १५ देखि ४९ वर्षको उमेरसमूहमा महिला र पुरुषको साक्षरता[५] दर गण्डकी प्रदेशमा क्रमशः ९४.८ र ८६.३ प्रतिशत रहेको छ। प्रौढहरूको तुलनामा युवा (१५ देखि २४ वर्ष) समूहमा पुरुष र महिलाको साक्षरता दर केही बढी अर्थात क्रमशः ९८.२ र ९६.७ प्रतिशत रहेको छ।

**पाँच वर्षमुनिको बालबालिकामा उचाई अनुसारको तौल नभएको अवस्था राष्ट्रिय स्तरको ५.८ प्रतिशत भन्दा कम ३.९ प्रतिशत मात्र रहेको छ। ५ वर्ष मुनिका बालबालिकामा पुड्कोपना २८.९ प्रतिशत र प्रजनन् उमेरका महिलामा रक्तअल्पता २४.२ प्रतिशत रहेको छ।**

गण्डकी प्रदेशमा कुल उपभोगमा जनसङ्ख्याको तल्लो ४० प्रतिशतको हिस्सा लगभग १८.९ प्रतिशत मात्र रहेको छ। तल्लो २० प्रतिशतको हिस्सा ६.९ प्रतिशत छ। जुन गिनी गुणाङ्कमा मापन गरिएको असमानता राष्ट्रिय स्तर भन्दा बढी रहेको छ। जुन प्रदेशको तुलना गर्दा यो स्तर ०.३७[६] देशकै दोस्रो उच्च हो। साथै, कुल रोजगारीमा प्रति दिन १.९ अमेरिकी डलर भन्दा कममा बाँच्ने व्यक्तिहरूको अंश ११.८ प्रतिशत रहेको छ। गण्डकी प्रदेशमा, कुल जनसङ्ख्याको ८२.५ प्रतिशतको कुनै रूपको विद्युतमा[७] पहुँच रहेको छ। जलविद्युतको जडित क्षमता यस प्रदेशमा तुलनात्मक रूपमा उच्च छ। नेपालको कुल जडित क्षमता (९०० मेगा वाट) मा गण्डकी प्रदेशको योगदान ४८ प्रतिशत (४४८.५) रहेको छ। जलविद्युतमा योगदान गर्नेमा यो प्रदेश सबैभन्दा माथि रहे तापनि स्वच्छ इन्धन प्रविधिमा प्राथमिक रूपमा निर्भरता भएको जनसङ्ख्याको अनुपात भने ४० प्रतिशत अर्थात देशको दोस्रो स्थानमा रहेको छ। खाना पकाउनका लागि प्राथमिक स्रोतका रूपमा ठोस इन्धनको प्रयोग गर्ने जनसङ्ख्या ६९.३ प्रतिशत रहेको छ। अन्य आधारभूत सेवाहरूमा पहुँचको हकमा करिव ५०.४३ प्रतिशत घरपरिवारको धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच छ। खरको छाना भएका भएका घरपरिवार ११.४ प्रतिशत छन भने ९१.७ प्रतिशत जनसङ्ख्यामा सुरक्षित रूपमा व्यवस्थापन गरिएको आधारभूत खानेपानीको पहुँच छ।

---

३ *उचाई अनुसार कम तौल*

४ *गण्डकी प्रदेशको स्थितिपत्रमा उल्लेख गरिएको तथ्याङ्क नेजस्वास २०१६ बाट आएको छ, जसमा ६६.५ प्रतिशत उल्लेख गरिएको छ।*

५ *नेजघस २०१६- "उच्च माध्यमिक विद्यालय गएका सहभागीहरू साक्षर भएको अनुमान गरिएको थियो। अन्य सहभागीहरूलाई एक वाक्य पढ्न दिइएको थियो, र सो वाक्यको सबै वा केही अंश पढ्न सक्ने भए उनीहरूलाई साक्षर भएको मानियो।"*

६ *गण्डकी प्रदेशको स्थितिपत्रमा उल्लेख गरिएको तथ्याङ्क नेजस्वास २०१६ बाट आएको छ, जसमा ०.३७ उल्लेखित छ।*

७ *गण्डकी प्रदेशको स्थितिपत्रमा उल्लेख गरिएको तथ्याङ्क ८२.५ छ जुन जनगणना २०६८ बाट लिइएको हो।*

यस प्रतिवेदनमा प्रयोग भएका अधिकांश तथ्याङ्कहरू नेपाल जीवनस्तर सर्वेक्षण (२०११), नेपाल जनसाङ्ख्यिक घरपरिवार सर्वेक्षण (२०१६) र जनगणना (२०११) बाट अनुमान गरिएका छन्। त्यसमध्ये लगभग २९ प्रतिशत नेपाल जनसाङ्ख्यिक घर परिवार सर्वेक्षणबाट, ३२ प्रतिशत नेपाल जीवनस्तर सर्वेक्षणबाट र बाँकी ३९ प्रतिशत सम्बन्धित मन्त्रालयको प्रशासनिक तथ्याङ्क र गण्डकी प्रदेशको स्थितिपत्र बाट लिइएका छन। नेपाल सरकारले पहिचान गरेका ४७९ दिगो विकास लक्ष्य सूचकहरूमध्ये गण्डकी प्रदेशसँग १३९ (२९%) सूचकहरूको आधार तथ्याङ्क रहेको छ र निश्चित समयको अन्तरालमा प्रगति मापन गरिन्छ। यसैगरी १२५ (२६%) सूचकहरू गण्डकी प्रदेशका लागि निकै सान्दर्भिक छन् तर त्यसबारे कुनै आधार जानकारी उपलब्ध छैन। नयाँ सर्वेक्षण र अन्य प्रशासनिक तथ्याङ्क विश्लेषणमार्फत आधार तथ्याङ्क सूचना स्थापित भएपछि मात्र त्यसबारेमा प्रगतिमापन गरिनेछ। यसैगरी २१५ (४५%) सूचकहरू प्रदेशका लागि कम महत्वका छन् र त्यसबारे कुनै आधार रेखा जानकारी पनि प्रदेशमा उपलब्ध छैनन्।

दिगो विकासका आकाङ्क्षा पूरा गर्न गण्डकी प्रदेशले विकास एजेण्डाको नेतृत्व अर्थतन्त्र, समाज र वातावरण गरी तीन वटा आयामहरू अघि सारेर गर्नेछ। यसक्रममा हरेक दिगो विकास लक्ष्यको एक आपसमा तालमेल (synergy) बढाउनु महत्वपूर्ण हुन्छ। प्राथमिकता प्राप्त विभिन्न क्षेत्रहरूबीच सहकार्य गर्नुको महत्व बुझ्दै एउटा लक्ष्य हासिल गर्दा अर्को लक्ष्य माथि कसरी प्रभाव पार्छ भन्ने कुरालाई ध्यानमा राख्दै एकिकृत र स्थानीय तरिकाले कार्यक्रमहरू सञ्चालन गरिनेछन्। प्रदेशले आफ्नो जनसाङ्ख्यिक लाभको फाइदा कृषिको आधुनिकीकरण र औद्योगिक क्रियाकलापमा परिचालन गर्नेछ। स्वास्थ्य तथा शिक्षा, र सीप विकास गर्न प्रदेश सरकारले कमसल सीपलाई दिक्षित गरी रूपान्तरणको माध्यमबाट उच्चसीपयुक्त जनशक्ति विकास गरी समृद्धि हासिल गर्न तय गरेको संरचनामा मेल गराइनेछ। प्रदेशले परिकल्पना गरेको रूपान्तरणकारी परियोजनाहरूमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल र पृथ्वी तथा सिद्धार्थ लोकमार्गको विस्तार जस्ता ठूला परियोजना रहेका छन्। यी परियोजनाहरूले मुख्य रूपमा दिगो विकास लक्ष्य ९ प्राप्त गर्न बल पुऱ्याउनेछन् र त्यसबाट हुने यातायात पूर्वाधारको सुदृढीकरणबाट दिविल ७ प्राप्त गर्न सघाउ पुऱ्याउनेछन्। गण्डकी प्रदेशलाइ औद्योगिकरण गर्न चाहिने उर्जा (दिविल ७ र ८) तनहुँ र बुढी गण्डकी आयोजनाबाट व्यवस्था गरिनेछ। एक आयोजनाको उपलब्धिले अर्को क्षेत्र वा आयोजनाको प्रतिफलमा बढोत्तरी हुनजान्छ। पूर्वाधार विकास, कृषिको आधुनिकीकरण र उद्योगसम्बन्धी आयोजनाको लागि चाहिने जनशक्ति (दिबिल ३,४) गण्डकी विश्वविद्यालय तथा गण्डकी प्राविधिक प्रतिष्ठानको स्थापनालगायतबाट प्राप्त हुनेछ।

स्थानीय समुदायहरूको शहरी केन्द्रमा रूपान्तरण हुने आकाङ्क्षालाई दृष्टिगत गर्दा आधारभूत पूर्वाधारका सेवाहरू सर्वव्यापी वा कम्तीमा पनि बिद्यमान सेवालाई दोब्बर बनाउनका लागि धेरै स्रोत आवश्यक पर्छ, जुन प्रदेशले एकल सरकारी संयन्त्रबाट बहन गर्न सक्दैन। त्यसैकारण, शहरी विकासमा निजी क्षेत्रको लगानीले बढी प्राथमिकता पाउनेछ। साथै, पूर्वाधारको विकासमा अपाङ्गमैत्री पूर्वाधारको विकास गर्नमा पनि आवश्यक ध्यान दिइनेछ।

प्रादेशिक योजनाको कार्यान्वयनलाई अघि बढाउने र दिगो विकास लक्ष्यहरू हासिल गर्न प्रभावकारी र विषय लक्षित क्षमता अभिवृद्धि गर्न सङ्घीय सहयोग महत्वपूर्ण छ। सङ्घीय सहयोगलाई सुदृढ गरिनेछ जसले गर्दा यो एजेण्डालाई अघि बढाउने प्रतिबद्धता, स्रोतको उपलब्धता र तत्परताका बाबजुद क्षमताको सीमितताले दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा व्यवधान खडा गर्ने छैन। त्यसैकारण दिविलहरूको तर्जुमा र कार्यान्वयन समावेश रहेको प्रादेशिक विकास रणनीतिमा सङ्घीय सरकारको सहयोगमार्फत हुने क्षमता विकासलाई महत्वपूर्ण पक्षका रूपमा संलग्न गरिनेछ। साथै, स्थानीय सरकार र प्रादेशिक शक्तिबीच स्पष्ट सन्तुलन स्थापना गरी दिगो विकास लक्ष्यहरूको प्राप्तिका लागि आवश्यक व्यवस्था गरिनेछ। त्यसका अतिरिक्त दिगो विकास लक्ष्य कार्यान्वयन गर्न ठूलो धनराशीको आवश्यक पर्दछ। आवश्यक स्रोत ब्यवस्थापन गर्न गण्डकी प्रदेश सरकारले निजी र सामुदायिक क्षेत्र जस्ता गैरसकारी साझेदाहरूलाई संलग्न गराएर आर्थिक पक्षको परिधिलाई विस्तार गर्नेछ।

गण्डकी प्रदेश सरकारले सङ्घीय निकाय, प्रादेशिक संघसंस्था र स्थानीय सरकारहरूबीच उपयुक्त समन्वय संयन्त्रलाई संस्थागत गर्न एक सक्षम प्रादेशिक तथ्याङ्क प्रणालीको साथ रहेको सुदृढ अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नेछ। यसको उद्देश्य दिगो विकास लक्ष्यहरूको अनुगमन गर्नु तथा राज्य सुशासनका लागि लागि सही, सान्दर्भिक र सामयिक तथ्याङ्कहरूको नियमित आपूर्ति सुनिश्चित गर्नु रहेको छ।



# १

## अध्याय



# परिचय

## १.१ विषयप्रवेश

दिगो विकासको एजेण्डा आर्थिक, सामाजिक तथा वातावरणीय गरी तीन वटा आयामहरूमा निर्माण गरिएको छ, जसमा समावेशिता र समताको सिद्धान्तमा आधारित भएर समानान्तर रूपमा अघि बढ्ने परिकल्पना गरिएको छ। रियो दि जेनेरियोमा जुन २०१२ मा भएको दिगो विकाससम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन (रियो+२०) मा औपचारिक रूपमा दिगो विकास लक्ष्य (दि.वि.ल.) का सम्वन्धमा पहिलो पटक र त्यसपछि सेप्टेम्बर २०१४ मा संयुक्त राष्ट्रसङ्घको महासभामा छलफल गरिएको थियो। सहस्राब्दी विकास लक्ष्यहरूको समयसीमा (२०१५) अघि दि.वि.ल.हरूका लागि राष्ट्रसङ्घीय खुल्ला कार्य समूह (Open Working Group) ले सन् २०१६ देखि २०३० सम्मको अवधिका लागि विभिन्न प्रकारका दिगो विकासका मुद्दाहरूलाई समेट्ने गरी प्रस्तावित १६९ वटा परिमाणात्मक लक्ष्यसहितका १७ वटा दि.वि.ल.हरूमा सहमति जनायो। दि.वि.ल.को थालनी जनवरी २०१६ बाट भयो र पृथ्वी, मानव र तिनको समृद्धि र शान्तिका लागि विश्वव्यापी रूपमा सहमत साझा विकासको अवधारणाका रूपमा अघि आयो। दि.वि.ल. हरूको विकास सहस्राब्दी विकास लक्ष्यहरूमा आधारित भएर गरिएका छन् तर अधिकारमा आधारित दिगो विकासका मुद्दाहरू बढी समेटिएका छन्। सेप्टेम्बर २०१५ मा संयुक्त राष्ट्रसङ्घको महासभामा दिगो विकासका लक्ष्य र परिमाणात्मक लक्ष्यहरूमा सहमति हुँदा तिनको प्रगति मापन र निगरानीका लागि २३० वटा भन्दा बढी सूचकहरू तय गरिएका थिए।

सङ्घीय शासन प्रणाली अवलम्बन गर्दै वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानले नेपाललाई सामाजिक तथा आर्थिक रूपान्तरणको युगमा प्रवेश गरायो। नयाँ प्रणालीको उद्देश्य सरकारलाई जनताको नजिक पुऱ्याउनु, र विकासमा जनताको सहभागिता तथा स्वामित्वका लागि स्थान उपलब्ध गराएर विकास र सेवा आपूर्तिको गति तथा गुणस्तर वृद्धि गर्नु रहेको छ। मुख्य सार्वजनिक सेवाहरू सबै नागरिकको पहुँचमा हुने र त्यसको सबै तहका सरकारहरूबाट पारदर्शी र जवाफदेही तरिकाले आपूर्ति हुने पनि अपेक्षा गरिएको छ। संवैधानिक ढाँचाले सङ्घीय, प्रदेश र स्थानीय सरकारहरूलाई समन्वयात्मक तथा सहकार्यरात्मक सङ्घीयताको अभ्यास गर्न र आफ्ना जनतालाई अझ राम्रो सार्वजनिक सेवा उपलब्ध गराउन र उच्चस्तरको विकास हासिल गर्न स्वस्थ प्रतिस्पर्धामा संलग्न हुनेतर्फ दिशानिर्देश गर्दछ। नेपालको संविधानले सङ्घीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकार भएको सङ्घीय शासन प्रणालीको परिकल्पना गरेको छ। संविधानले समावेशी तथा समाजवाद उन्मुख राष्ट्रको निर्माण गर्ने आफ्नो दीर्घकालीन सोचलाई साकार बनाउने लक्ष्य लिएको छ।

गण्डकी प्रदेशको सीमा पूर्वमा प्रदेश नं ३ र पश्चिममा प्रदेश नं ५ र कर्णाली प्रदेशसँग जोडिएको छ। यसले नेपालको कुल क्षेत्रफलको १४.९ प्रतिशत (२१,९७४ वर्ग किमी) र कुल जनसङ्ख्याको ९.१ प्रतिशत ओगटेको छ।




गण्डकी प्रदेश नेपालको पर्यटकीय राजधानीका रूपमा परिचित रहेको छ। सयौं सुन्दर पर्यटक आर्कषणका केन्द्रहरू, विश्वका पाँच अग्ला हिमालहरू (धौलागिरी, अन्नपुर्ण, माछापुच्छ्रे, मनास्लु र हिमचुली) रहेको यो प्रदेश भौगोलिक हिसाबले सुसज्जित रहेको छ। पाँच वटा पदमार्गहरू भएर बग्ने तीन मुख्य नदीहरू (बुढी गण्डकी, काली गण्डकी र सेती) मा ऱ्याफ्टिङ्गको सुविधाले एउटा अद्वितीय पर्यटकीय अनुभव प्रदान गर्दछ। पर्यटक आकर्षण मात्र नभई दक्षिणी क्षेत्र (स्याङ्जा र पूर्वी नवलपरासी) मा पाइने विविध प्रकारका फलफूल र बालीका लागि पनि प्रदेश प्रसिद्ध छ।

विशाल सम्भावना र अवसरसँगै प्रदेशमा गरिबी, असमानतालाई कम गर्ने र सबैका लागि आय तथा रोजगारी सिर्जना गर्ने चुनौतीहरू पनि विद्यमान छन्। गरिबी विरुद्ध लड्ने प्राथमिक लक्ष्यतर्फ प्रदेशलाई उन्मुख गराउन स्पष्ट र साझा एजेण्डा आवश्यक छ। हाम्रो लक्ष्यलाई अझ स्पष्ट रूपमा परिभाषित गरी त्यसलाई बढी व्यवस्थापनयोग्य र कम दुर्गम बनाउँदै प्रदेश सबै

जनतालाई त्यससँग परिचित बनाउन, त्यसबाट आशा जागृत गर्न र त्यसतर्फ प्रबलताका साथ अघि बढ्न सक्छ। एजेण्डा २०३० यसका लक्ष्यहरू गरिबी न्यूनीकरणतर्फ मात्र लक्षित छैनन्, यसले सरोकारवालाहरूलाई राष्ट्रिय चुनौतीहरूको सामना गर्नुका साथै अझ बढी समतामूलक विकास र वातावरणीय दिगोपनालाई सुनिश्चित गर्न आमन्त्रण गर्दछ। दिगो विकासका लक्ष्यहरूको अवलम्बनले व्यक्ति, संस्था र सबै तीन तहका सरकारहरूलाई भविष्यका लागि वास्तविक रूपमा अर्थ राख्ने विषयमा केन्द्रित हुने दिशामा सहमत हुन मद्दत गर्नेछ।

## १.२ उद्देश्यहरू

यस प्रतिवेदनको मुख्य उद्देश्य गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गर्नु रहेको छ र निर्दिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्ः

१. राष्ट्रिय दिगो विकास लक्ष्यको बर्तमान अवस्था र भावी मार्गचित्रः २०१६-२०३० प्रतिवेदनमा आधारित भई गण्डकी प्रदेशका लागि दिगो विकास लक्ष्यका सूचकहरूको विकास गर्नु;
२. गण्डकी प्रदेशमा दिगो विकास लक्ष्यको अवस्था विश्लेषण गर्नु;
३. गण्डकी प्रदेशका लागि लागू हुने दिगो विकास लक्ष्य अनुरूपका योजना र नीतिहरूका सम्बन्धमा स्पष्टता प्रदान गर्नु; र
४. सूचना तथा तथ्याङ्कमा रहेका कमीकमजोरी पहिचान गरी भावी मार्गको सिफारिश गर्नु।

## १.३ पद्धति र विधि

यस प्रतिवेदनको आधारभूत संरचना र अन्तर्वस्तु सम्बन्धित मन्त्रालय, विभिन्न सरोकारवाला र मुख्य सूचनाकर्ताहरूसँगका परामर्शमा आधारित भएर तयार गरिएको छ। शृङ्खलाबद्ध जिल्लास्तरीय परामर्श बैठक र अन्तर्क्रिया कार्यशालाहरूको आयोजना गरियो, र गाउँ पालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख, नागरिक समाजका प्रतिनिधि जस्ता विभिन्न सरोकारवालाहरूको विचार र सुझावहरू सङ्कलन गरिएको थियो। यस प्रतिवेदनका तथ्याङ्कका मुख्य स्रोतका रूपमा गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित स्थितिपत्रका सूचना प्रयोग गरिएका छन्। यसका अतिरिक्त, राष्ट्रिय जनगणना, जीवनस्तर सर्वेक्षण, जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, बहुसूचक क्लस्टर सर्वेक्षण र विभिन्न सरकारी निकायहरूबाट प्राप्त प्रशासनिक तथ्याङ्कहरू प्रयोग गरिएका छन।

## १.४ प्रतिवेदनको संरचना

यस प्रतिवेदनको पहिलो अध्यायमा विषय प्रवेश, उद्देश्यहरू, र अध्ययनको पद्धति तथा विधि समावेश गरिएको छ। दोस्रो अध्यायमा दिविल तथा परिमाणात्मक लक्ष्यहरूबारे र तेस्रो अध्यायमा सन् २०१५ का लागि आधार तथ्याङ्कको अवस्था बारे छलफल गरिएको छ, र दिविलहरूको जटिलता र तालमेल (synergy) माथि पनि प्रकाश पारिएको छ। अध्याय चारमा गण्डकी प्रदेशको योजना तथा बजेट प्रणालीमा दिविलहरूको स्थानीयकरण र अध्याय पाँचमा दिविलहरूको अनुगमन ढाँचाबारे छलफल गरिएको छ।

**गण्डकी प्रदेशको सीमा पूर्वमा प्रदेश नं ३ र पश्चिममा प्रदेश नं ५ र कर्णाली प्रदेशसँग जोडिएको छ। यसले नेपालको कुल क्षेत्रफलको १४.९ प्रतिशत (२१,९७४ वर्ग किमी) र कुल जनसङ्ख्याको ९.१ प्रतिशत ओगटेको छ।**



# २

अध्याय



# दिगो विकास लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरूको विश्लेषण

गण्डकी प्रदेशको परिप्रेक्षमा दिगो विकास लक्ष्य तथा परिमाणात्मक लक्ष्यहरूलाई देहायअनुसार विश्लेषण गरिएको छः



## लक्ष्य १. हरेक क्षेत्रमा रहेका सबै स्वरूपका गरिबीको अत्य गर्नेः

दिविल १ ले सन् २०३० सम्ममा सबै क्षेत्रका सबै जनताको चरम गरिबी उन्मूलन गर्ने लक्ष्य लिएको छ । यस क्रममा यसले राष्ट्रिय रूपमा परिभाषित गरिबीको सीमा मुनि रहेका सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपातलाई कम्तीमा पनि आधा घटाउने लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य १.१ र १.२) । यस प्रक्रियामा गरिब र विपन्नमाथि लक्षित राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली तथा उपायहरूको कार्यान्वयन गरिने परिकल्पना गरिएको छ (परिमाणात्मक लक्ष्य १.३) । यसले आर्थिक स्रोत, प्राकृतिक स्रोत र प्रविधिका साथै आधारभूत सेवाहरूको पहुँचमा समान अधिकार सुनिश्चित गर्ने पनि लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य १.४) ।



यो लक्ष्यले गरिव र सङ्कटासन्नहरूको उत्पादनशील क्षमता मजबुत वनाई विपद तथा जलवायुसँग सम्वन्धित सङ्कटबाट सिर्जित आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक प्रभाव घटाउने तर्फ पनि चासो राख्छ (परिमाणात्मक लक्ष्य १.५) । गरिबीको प्रकृति बहुआयामिक छ र गरिबलाई सबै रूपमा अन्त्य गर्ने लक्ष्यलाई त्यसको प्राप्तिसँग स्पष्ट सम्बन्ध भएको परिमाणात्मक लक्ष्यहरू छुट्टाइएको छ। गरिबी उन्मूलनसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरू जस्तै परिमाणात्मक लक्ष्य १.४ र १.५ प्रादेशिक जिम्मेवारीहरूसँग सम्बन्धित छन्। परिमाणात्मक लक्ष्य ४ ले आधारभूत सेवा, स्वामित्व र सम्पत्तिमाथि पहुँचको अधिकारलाई सम्बोधन गर्दछ। आधारभूत सेवाहरू स्थानीय तथा प्रादेशिक सरकारहरूको मुख्य क्षेत्रहरूसँग सम्बन्धित छन् (खानेपानी, सरसफाइ, फोहोर व्यवस्थापन, यातायात, शिक्षा, स्वास्थ्य)। यसका अतिरिक्त, परिमाणात्मक लक्ष्य १.४ले घरपारिवारको बैंकिङ्ग तथा वित्तीय सेवाहरूमा पहुँच सुनिश्चित गर्ने कुरामा जोड दिन्छ। परिमाणात्मक लक्ष्य १.५ ले आर्थिक, सामाजिक र वातावरणीय धक्काहरू(shocks)प्रतिको उत्थानशीलताबारे उल्लेख गर्छ, र प्रदेश सरकारले आफ्नो भूभागमा उत्थानशीलता प्रवर्द्धन गर्न र आफ्ना नागरिकहरू, विशेषगरी गरिबहरूको सङ्कटासन्नता कम गर्ने कार्यमा पुर्ण रूपमा संलग्न हुन साझेदारीहरूको विकास गर्नेछ। बाँकी परिमाणात्मक लक्ष्यहरूमा पनि पनि प्रादेशिक नीतिको महत्वपूर्ण प्रभाव हुन्छ। जस्तै, परिमाणात्मक लक्ष्य १.२ ले शहरी तथा ग्रामीण क्षेत्रहरूमा गरिबी न्यूनीकरण गर्ने एउटा बहुआयामिक अवधारणा प्रस्तुत गर्दछ र परिमाणात्मक लक्ष्य १.३ सामाजिक सुरक्षाका नीतिहरूसँग सम्बन्धित छ, भने परिमाणात्मक लक्ष्य १.१ र १.२ राष्ट्रिय गरिबीको रेखालाई कम गर्नेसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको छ।

केही सूचकहरूले जस्तै आधारभूत सेवामा पहुँच अन्य लक्ष्यहरूसँग सम्बन्धित हुनेछन्ः सुरक्षित र सर्वसुलभ खानेपानीमा पहुँच र घरमा पर्याप्त तथा समतामूलक सरसफाइका लागि लक्ष्य ६; भरपर्दो, दिगो र आधुनिक उर्जा सेवाहरूका लागि लक्ष्य ७, शिक्षाका लागि लक्ष्य ४ (जस्तैः सबै बालबालिकाहरूले निःशुल्क, समतामूलक, समावेशी र गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने); स्वास्थ्यका लागि लक्ष्य ३ (जस्तैः यौन तथा प्रजनन् स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने), पर्याप्त, सुरक्षित र खर्चले धान्न सकिने आवास र आधारभूत सेवाहरूमा पहुँचका लागि लक्ष्य ११.१। यसको अर्थ लक्ष्य १ बाट सुरु हुने अन्तरसम्बन्धहरू चार अन्य लक्ष्यहरूमा सम्बन्धित हुन्छन्।



## लक्ष्य २. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्नेः

दिविल २ ले सन् २०३० सम्ममा भोकमरीको अन्त्य गर्ने र सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा सबै जनताको बर्षैभरी पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य २.१) । यस लक्ष्यले सबै प्रकृति र स्वरूपका कुपोषणको अन्त्य गर्ने पनि उद्देश्य लिएको छ (परिमाणात्मक लक्ष्य २.२) । त्यसका लागि कृषिजन्य उत्पादकत्वमा (परिमाणात्मक लक्ष्य २.३) र सानास्तरका खाद्यान्न उत्पादकहरूको आयमा दोब्बर वृद्धि गर्ने र खाद्यान्न आपूर्ति चक्रमा पहुँच र सुधार सुनिश्चित गर्ने कार्य समावेश छन् । यसले दिगो खाद्यान्न उत्पादन प्रणालीको सुनिश्चितता गर्ने र उत्थानशील कृषिजन्य अभ्यासहरूको कार्यान्वयन गर्ने लक्ष्य पनि लिएको छ। परिमाणात्मक लक्ष्य २.५ ले दिगो खाद्यान्न उत्पादन प्रणालीलाई सहयोग पुऱ्याउन बीउको अनुवांशिक विविधता कायम राख्ने, वनस्पति खेती गर्ने र व्यावसायिक तथा घरेलु पशुपालन गर्ने पनि लक्ष्य लिएको छ।

विशेषगरी खाद्य सुरक्षा र पोषणका कार्यक्रमहरूमार्फत भोकमरीको अन्त्य गर्नमा गण्डकी प्रदेशले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। खाद्य सुरक्षाको भौगोलिक आयाम (territorial dimension) छ। उत्पादन, भण्डारण, वितरण चक्र, बजार स्थिरता र सबैभन्दा सङ्कटासन्नका लागि खाद्यान्नमा पहुँच नीतिहरूमार्फत प्रत्याभूत गर्नमा यसको प्रत्यक्ष जिम्मेवारी छ। सरकारले स्थानीय उत्पादकहरूलाई वितरण चक्रहरूमा पहुँच प्रदान गर्न र गरिबहरूलाई खाद्यान्नमा पहुँच प्रदान गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । पोषणलाई सहयोग गर्न, अल्प पोषणलाई निवारण गर्न र जनचेतना अभियानहरूमार्फत नागरिकहरूलाई परिचालन गर्नका लागि बिभिन्न आयोजनाको तर्जुमा तथा बजेट निर्माणमा गण्डकी प्रदेश सरकार संलग्न छ । विद्यालयहरूमा खास कार्यक्रमहरू (पूर्वप्राथमिक र प्राथमिक उमेरका बालबालिकाका लागि विद्यालयमा कम्तीमा पनि एक पटक पोषिलो खानामा सर्वव्यापी पहुँच) मार्फत बालबालिकामा, र गर्भवती तथा सुत्केरी महिलाहरूमाथि केन्द्रित कार्यक्रमहरू विशेष सान्दर्भिक छन् (परिमाणात्मक लक्ष्य २.१.१ देखि परिमाणात्मक लक्ष्य २.२.२) ।



## लक्ष्य ३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्नेः

सन् २०३० सम्म मातृमृत्यदर प्रति १००,००० जीवित जन्ममा ७० भन्दा कममा पुऱ्याउने (परिमाणात्मक लक्ष्य ३.१) स्वस्थ जीवन र समृद्ध जीवनस्तरसम्बन्धी एउटा परिमाणात्मक लक्ष्य हो । यसले नवजात शिशु र पाँचवर्षमुनिका बालबालिकाको निवारण गर्न सकिने मृत्युलाई अन्त्य गर्ने पनि लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य ३.२) । स्वास्थ्य र समृद्ध जीवनको प्राप्ति एड्स, क्षयरोग, औलो र उपेक्षित उष्णप्रदेशीय रोगहरू जस्ता महामारीको अन्त्यको लक्ष्य राख्दै हेपाटाइटिस, पानीजन्य रोग र अन्य सरुवा रोगहरूको नियन्त्रण गरेर (परिमाणात्मक लक्ष्य ३.३) हासिल गरिन्छ । यस लक्ष्यले निवारण तथा उपचार र मानसिक स्वास्थ्य तथा समृद्धिमार्फत नसर्ने रोगहरूबाट हुने असामयिक मृत्युदरलाई पनि कम गर्ने उद्देश्य लिएको छ (परिमाणात्मक लक्ष्य ३.४) । यस क्रममा यसले लागु औषधिको दुरूपयोग र मादकपदार्थको हानिकारक प्रयोगसहित लागु पदार्थको दुरूपयोगको निवारण तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य ३.५) । यस लक्ष्यमा सन् २०२० सम्ममा विश्वव्यापी रूपमा सडक दुर्घटनाबाट हुने मृत्यु र घाइते हरूको सङ्ख्यालाई आधा घटाउने पनि रहेको छ (परिमाणात्मक लक्ष्य ३.६) । यसले सन् २०३० सम्ममा परिवार नियोजन, सूचना तथा शिक्षासहित यौन तथा प्रजनन् स्वास्थ्य सेवाहरूमा सर्वव्यापी पहुँच, र राष्ट्रिय रणनीति तथा कार्यक्रमहरूमा प्रजनन् स्वास्थ्यलाई एकिकृत गर्ने पनि परिकल्पना गरेको छ (परिमाणात्मक लक्ष्य ३.७, ३.८ र ३.९) ।

गण्डकी प्रदेश सरकार जनताको स्वास्थ्य र समृद्धिका लागि कार्यरत छ । सरकार राज्यका नीतिहरूको व्यवस्थापन गरी मातृ मृत्युदर (परिमाणात्मक लक्ष्य ३.१.१), नवजात र बाल मृत्युदर (परिमाणात्मक लक्ष्य ३.२.१ ; परिमाणात्मक लक्ष्य ३.२.२), पानीजन्य, सरुवा र नसर्ने रोग, लागू पदार्थ दुरूपयोगलगायतलाई न्यून गर्ने कार्यमा लागिपरेको छ । यद्यपि, यसका लागि लक्ष्यहरू ६, ७ र ९ माथिको केन्द्रविन्दुलाई धुमील हुन नदिनु महत्वपूर्ण हुन्छ, किनभने त्यसको प्रादेशिक जिम्मेवारीहरूमाथि प्रत्यक्ष प्रभाव हुन्छ । बहुतहगत प्रत्यायोजनमार्फत स्थानीयकरणले सार्वजनिक कार्यक्रमहरूको मापन गर्न बाँकी परिमाणात्मक लक्ष्यहरूका लागि प्रभावकारी कार्यान्वयन सहजीकरणलाई मद्दत गर्नेछ । जनचेतना अभिवृद्धि कार्यक्रम र प्रभावित समुदायलाई सहयोगमार्फत एड्स, क्षयरोग, हेपटाइटिस र औलो जस्ता सरुवा रोगहरू निवारण गर्न प्रदेश सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ (लक्ष्यङ्क ३.७, ३.७.क., ३.९) ।



## लक्ष्य ४. सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्नेः

यस लक्ष्यले सान्दर्भिक र प्रभावकारी सिकाइका उपलब्धिहरू हासिल हुने गरी सबै छात्रछात्राले निःशुल्क तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने प्रयास गर्दछ (परिमाणात्मक लक्ष्य ४.१) । यसले गुणस्तरीय प्रारम्भिक वालविकास र छात्रछात्राको पूर्व प्राथमिक शिक्षामा पहुँच उपलब्ध गराउने उद्देश्य लिएको छ (परिमाणात्मक लक्ष्य ४.२) । गुणस्तरका साथै लक्ष्य ४ ले गुणस्तरीय शिक्षाको सर्वसुलभता (परिमाणात्मक लक्ष्य ४.३) र ठूलो प्रतिशतमा युवा तथा वयस्कहरूमा सान्दर्भिक प्राविधिक र व्यावसायिक सीपहरू रहेको सुनिश्चित गर्ने कार्य (परिमाणात्मक लक्ष्य ४.५) लाई प्राथमिकता प्रदान गर्दछ । यो लक्ष्यले शिक्षामा लैङ्गिक असमानता हटाउने र सङ्कटासन्न समूहहरू (अपाङ्गता भएका वालवालिका लगायत) का लागि सबै तहको शिक्षा र व्यावसायिक तालिममा समान पहुँच सुनिश्चित गर्ने पनि उद्देश्य लिएको छ (परिमाणात्मक लक्ष्य ४.६; ४.७) । यो लक्ष्यको लक्ष्य ५ सँग अन्तरसम्बन्धित प्रभाव रहेको छ । प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्राहालयको स्थापना पनि प्रदेश सरकारको जिम्मेवारी हो । आधारभूत तथा माध्यमिक शिक्षाको मानकीकरणको जिम्मेवारी पनि प्रदेश सरकारको हो ( परिमाणात्मक लक्ष्य ४.१.१, परिमाणात्मक लक्ष्य ४.१.१.७, परिमाणात्मक लक्ष्य ४.६.१ र परिमाणात्मक लक्ष्य ४.६.१.१.) । परिमाणात्मक लक्ष्य ४.१ र ४.२ ले स्थानीय दृष्टिकोणबाट यस लक्ष्यको अनुगमन गर्ने र राष्ट्रिय तथा प्रादेशिक खर्चको बाँडफाँट र सार्वजनिक विनियोजनमा सक्षमता मापन गर्न क्षेत्रहरूबीच वितरणमाथि जोड दिनुपर्ने कार्यमाथि प्रकाश पार्दछ ।



## लक्ष्य ५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूको सशक्तीकरण गर्नेः

लक्ष्य ५ ले महिला, किशोरी र बालिकाहरू विरुद्ध हुने सबै प्रकारका भेदभाव सबै स्थान र क्षेत्रबाट अन्त्य गर्ने (परिमाणात्मक लक्ष्य ५.१) र महिला, किशोरी र बालिकाहरू विरुद्ध सार्वजनिक तथा निजी क्षेत्रमा हुने सबै प्रकृतिका हिंसाको अन्त्य गर्ने (परिमाणात्मक लक्ष्य ५.२) उद्देश्य लिएको छ । यसले बालविवाह र महिला जनेन्द्रिय छेदन् जस्ता सबै कुप्रथाहरूको उन्मूलन गर्ने (परिमाणात्मक लक्ष्य ५.३) लक्ष्य पनि लिएको छ। अवैतनिक हेरचाहजन्य र घरेलु श्रमको मूल्य पहिचान गरिने सामाजिक तथा आर्थिक पक्षलाई परिमाणात्मक लक्ष्य ५.४ मा समेटिएको छ । यस लक्ष्यले सार्वजनिक जीवनमा महिलाको पूर्ण तथा प्रभावकारी सहभागितालाई परिमाणात्मक लक्ष्य ५.५ मा समेटेको छ। यसले राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनको हरेक तहमा नेतृत्वका लागि समान अवसर सुनिश्चित गर्ने उद्देश्य पनि लिएको छ । यसले यौन तथा प्रजनन् स्वास्थ्य र प्रजनन् अधिकारमा सर्वव्यापी पहुँच पनि उल्लेख गरेको छ (परिमाणात्मक लक्ष्य ५.६) । लैङ्गिक समानता प्रवर्द्धन् र सुनिश्चित गर्ने नीतिहरूको विकास गर्ने जिम्मेवारी पनि प्रदेश र स्थानीय सरकारहरूको रहेको छ। परिमाणात्मक लक्ष्य ५.५ प्रदेश सरकारसँग प्रत्यक्ष सम्बन्धित छ किनभने यसले राजनीतिक, सार्वजनिक र निजी क्षेत्रमा महिलाहरूको सहभागिता र समान अवसरको खोजी गर्दछ।



## लक्ष्य ६. सबैका लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्नेः

दिविल ६ ले सबैका लागि सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच हासिल गर्ने लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य ६.१) । यस लक्ष्यले सबैका लागि पर्याप्त र समतामूलक सरसफाइ र स्वच्छता उपलब्ध गराउने र खुला दिसा-पिसाब गर्ने अभ्यासको अन्त्य गर्ने (परिमाणात्मक लक्ष्य ६.२) उद्देश्य लिएको छ । प्रदूषण तथा हानिकारक रसायन र वस्तुहरूको विसर्जन कार्यको न्यूनीकरण गरेर पानीको गुणस्तरमा सुधार ल्याउने लक्ष्य (परिमाणात्मक लक्ष्य ६.३) पनि रहेको छ । यसमा सबै क्षेत्रमा पानी-प्रयोगको कुशलतालाई उल्लेख्य मात्रामा सुधार गर्ने र सबै तहमा एकिकृत जलस्रोत व्यवस्थापन लागू गर्ने कार्यक्रम पनि समावेश छन् । तर त्यसक्रममा यस लक्ष्यले हिमाल, वन, जलाधार, नदी, भूमिगत जलभण्डार र ताल-तलैयाहरूसहित पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीको संरक्षण र पुनर्स्थापना गर्ने पनि प्रयास गर्नेछ (परिमाणात्मक लक्ष्य ६.४, ६.५ र ६.६) ।



## लक्ष्य ७. खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्नेः

दिविल ७ ले खर्चले धान्न सकिने, भरपर्दो र आधुनिक उर्जा सेवाहरूमा सर्वप्यापी पहुँच प्राप्त गर्ने (परिमाणात्मक लक्ष्य ७.१), उर्जाहरूको सम्मिश्रणमा नवीकरणीय उर्जाको हिस्सा उल्लेखनीय रूपमा बढाउने (परिमाणात्मक लक्ष्य ७.२) र उर्जा दक्षताको सुधारको दर दोब्बर गर्ने (परिमाणात्मक लक्ष्य ७.३) उद्देश्य लिएको छ। परिमाणात्मक लक्ष्यहरू ७.१, ७.२ र ७.३ ले आधुनिक उर्जा प्रणालीको पहुँचलाई सर्वव्यापी र दक्ष बनाउने प्रयास गर्छन्।




## लक्ष्य ८. स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन् गर्ने:

यस लक्ष्यले कम्तीमा पनि वार्षिक सात प्रतिशत प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादनको वृद्धि हासिल गरी कायम राख्ने (परिमाणात्मक लक्ष्य ८.१), विविधीकरण, प्राविधिक स्तरोन्नति र नवप्रवर्तन्मार्फत उच्चस्तरको उत्पादकत्व हासिल गर्ने (परिमाणात्मक लक्ष्य ८.२) उद्देश्य लिएको छ। सबै महिला र पुरुषका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम हासिल गर्ने (परिमाणात्मक लक्ष्य ८.३), स्रोतको दक्षतामा सुधार गर्ने (परिमाणात्मक लक्ष्य ८.४), निकृष्ट प्रकृतिको बालश्रमको उन्मूलन गर्ने (परिमाणात्मक लक्ष्य ८.७), र सबैका लागि वित्तीय सेवाहरूको विस्तार गर्ने (परिमाणात्मक लक्ष्य ८.१०) पनि यस बृहत लक्ष्यका महत्वपूर्ण परिमाणात्मक लक्ष्यहरू हुन्। औद्योगीकरणको प्रवर्द्धन्, नयाँ रोजगारी सिर्जना र आर्थिक विकास पनि प्रदेश सरकारका जिम्मेवारी हुन् र त्यस अर्थमा माथि उल्लेखित परिमाणात्मक लक्ष्यहरू गण्डकी प्रदेशका लागि पूर्ण रूपले सान्दर्भिक छन्।

साथै सरकारले दिविल ११ (शहरी लक्ष्य) र दिविल ८ बीच अन्तरसम्बन्धित सहकार्यको पनि खोजी गर्नेछ। गण्डकी प्रदेशसँग सम्बन्धित सबैभन्दा प्रासङ्गिक परिमाणात्मक लक्ष्य ८.९ हो, जसले रोजगारी सिर्जना गर्ने र स्थानीय संस्कृति तथा उत्पादन प्रवर्द्धन् गर्ने, दिगो पर्यटनको प्रर्वद्धन् गर्ने नीतिहरूको तर्जुमा र कार्यान्वयन गर्ने प्रयास गर्दछ। गण्डकी प्रदेशको असीमित पर्यटकीय सम्भावनालाई दृष्टिगत गर्दा शहरीकरण, पर्यटन र रोजगारी सिर्जनाबीच सहकार्यात्मक अन्तर्क्रियाको नीति अवलम्बन हुनेछ। अनौपचारिक रोजगारी (८.५) र युवा (८.६) माथि केन्द्रित जस्तैः अन्य पक्षको उपयुक्त कार्यान्वयनका लागि भरपर्दो स्थानीय तथ्याङ्क आवश्यक हुन्छ।



## लक्ष्य ९. उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन् र नव प्रवर्तनलाई प्रोत्साहन गर्नेः

दिविल ९ ले आर्थिक विकास र मानव समृद्धिलाई सघाउ पुऱ्याउन क्षेत्रीय तथा सीमापार पूर्वाधारसहित गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधारको विकास गर्ने उद्देश्य बोकेको छ (परिमाणात्मक लक्ष्य ९.१)। यसक्रममा यसले समावेशी र दिगो औद्योगीकरणलाई प्रवर्द्धन् गर्ने प्रयास गर्दछ (परिमाणात्मक लक्ष्य ९.२)। यसले मूल्य शृङ्खलाको विकास गरी बजार एकिकृत गर्न सानास्तरका औद्योगिक र अन्य उद्यमहरूको पहुँच बढाउने उद्देश्य लिएको छ (परिमाणात्मक लक्ष्य ९.३)। साथै परिमाणात्मक लक्ष्यहरूले निर्माण गरिएको पूर्वाधार उत्थानशील भएको सुनिश्चित गर्ने (परिमाणात्मक लक्ष्य ९.४) र वैज्ञानिक अनुसन्धान बढाउने प्रयास गर्दछन् (परिमाणात्मक लक्ष्य ९.५)। लक्ष्य ११ का लागि यस लक्ष्यले परिपूरकको काम गर्छ र आर्थिक वृद्धि र औद्योगिकरणका लागि यसलाई पूर्वशर्तका रूपमा लिने गरिन्छ। उदाउँदो शहरी क्षेत्रका रूपमा गण्डकी प्रदेशलाई आफ्नो पूर्ण आर्थिक क्षमता अनुसार विकास गर्न पर्याप्त र भविष्य-प्रतिरोधी पूर्वाधार आवश्यक हुन्छ। ग्रामीण र शहरी क्षेत्र वीच सम्बन्ध-सम्पर्कलाई सुदृढ गर्नु, आपूर्ति चक्र र ग्रामीण क्षेत्रको उत्पादकत्वमा सुधार ल्याउन पनि महत्वपूर्ण छ। गण्डकी प्रदेश सरकारले दिगो यातायात, उर्जा, खानेपानी र सूचना तथा सञ्चार प्रविधिको विकासका लागि कमजोर पूर्वाधारको क्षेत्रमा उल्लेखनीय लगानी वृद्धि गर्नेछ।




## लक्ष्य १०. मुलुकभित्र र मुलुकहरूबीचको असमानता न्यून गर्नेः

यस लक्ष्यले जनसङ्ख्याको तल्लो ४० प्रतिशतको आय वृद्धिलाई राष्ट्रिय औसत भन्दा उच्च दरमा हासिल गरी कायम राख्ने परिकल्पना गर्दछ (परिमाणात्मक लक्ष्य १०.१)। यसका लागि सबैको सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरणलाई सशक्त बनाउँदै त्यसको प्रवर्द्धन् गर्ने सोच लिएको छ (परिमाणात्मक लक्ष्य १०.२)। यसले समान अवसरको मापन गरी परिणाममा रहेका असमानताहरू कम गर्ने (परिमाणात्मक लक्ष्य १०.३); नीतिहरू, विशेषगरी वित्त, ज्याला र सामाजिक सुरक्षा नीतिहरूको अवलम्बन गरी व्यापक भईरहेको प्रयासलाई सहयोग गर्ने र प्रगतिशील ढङ्गले उच्च समानता कायम गर्ने (परिमाणात्मक लक्ष्य १०.४) उद्देश्य लिएको छ। आय र सेवामा पहुँचका सम्बन्धमा स्पष्ट असमानताप्रति ठूला शहरहरू जोखिममा रहने भएकाले असमानता स्थान विशेषका हिसावले आफै बढेर जान्छ। भू–उपयोग, आर्थिक वृद्धिको नीतिमाथि नियन्त्रण रहने र गाउँपालिका / नगरपालिकाहरूलाई आधारभूत सेवाहरू आपूर्ति गर्न सहयोग गर्ने भएकाले यो गण्डकी प्रदेश सरकारका लागि महत्वपूर्ण मुद्दा हो, किनभने ती सबैले असमानतामाथि प्रभाव पार्न सक्छन्।



## लक्ष्य ११. शहर तथा मानव वस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउनेः

यस लक्ष्यले सबैका लागि पर्याप्त, सुरक्षित र आर्थिक रूपले धान्न सकिने आवास र आधारभूत सेवाहरूमा पहुँच उपलब्ध गराउने र अव्यवस्थित वस्तीहरूको स्तोरन्नति गर्ने प्रयास गर्दछ (परिमाणात्मक लक्ष्य ११.१) । यसले सबैका लागि सुरक्षित, धान्न सकिने, सर्वसुलभ र दिगो यातायात प्रणालीमा पहुँच सुनिश्चित गर्दै समावेशी तथा दिगो शहरीकरणलाई विस्तारगर्दछ (परिमाणात्मक लक्ष्य ११.२ र ११.३) । यसले विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गर्ने र विपद्बाट कुल गार्हस्थ्य उत्पादनमा हुने आर्थिक हानिनोक्सानीलाई उल्लेखनीय रूपमा कम गर्ने पनि लक्ष्य लिएको छ (परिमाणात्मक लक्ष्य ११.४) । यसले महिला तथा बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित, समावेशी र सर्वसुलभ हरित तथा सार्वजनिक स्थानहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने उद्देश्य पनि बोकेको छ ।



## लक्ष्य १२. दिगो उपभोग र उत्पादनका ढाँचा सुनिश्चित गर्नेः

यो लक्ष्यले दिगो उपभोग र उत्पादनसम्बन्धी १० बर्षीय कार्यक्रमको रूपरेखाको कार्यान्वयनको प्रस्ताव गर्दछ जसले गर्दा सन् २०३० सम्ममा प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र कुशल प्रयोग हासिल गर्नेछ (परिमाणात्मक लक्ष्य १२.१ र १२.२) । यसले सन् २०३० सम्म प्रति व्यक्ति खाद्यवस्तुको दुरूपयोगलाई खुद्रा र उपभोक्ताको स्तरमा आधाले घटाउने पनि सोच लिएको छ (परिमाणात्मक लक्ष्य १२.३) । साथै, यसले रसायन र सबै फोहोरहरूको जीवनचक्रभर वातावरणीय रूपमा असल व्यवस्थापनलाई सुनिश्चित गर्दछ (परिमाणात्मक लक्ष्य १२.४)। वातावरणको व्यवस्थापनलाई सघाउ पुऱ्याउन यसले निवारण, न्यूनीकरण, पुनःप्रशोधन र पुनःप्रयोगमार्फत फोहोरमैलाको उत्पादनलाई उल्लेखनीय रूपमा कम गर्ने पनि उद्देश्य लिएको छ (परिमाणात्मक लक्ष्य १२.५)। साथै, यसले प्रकृतिसँग सङ्गतिपूर्ण दिगो विकास तथा जीवनशैलीका लागि सुहाउँदो सूचना र चेतना पनि सुनिश्चित गर्दछ (परिमाणात्मक लक्ष्य १२.६)।

लक्ष्य ११ का लागि लक्ष्य १२ ले पनि प्रभाव पार्दछ। दुवै लक्ष्यहरूले उपभोगको बढ्दो मागलाई सम्बोधन गर्छन् र दिगो उत्पादन हासिल गर्ने प्रयास गर्छन्। यो प्रदेशको ग्रामीण क्षेत्रहरूसँग पनि त्यत्तिकै सम्बन्धित छ, जसको दिगो कृषिमाथि प्रत्यक्ष प्रभाव रहेको हुन्छ (लक्ष्य २) । यो लक्ष्य दिविल ७, ८ र १३ अर्थात क्रमशः उर्जा, दिगो वृद्धि र जलवायु परिवर्तनसँग पनि अन्तरसम्बन्धित छ।



## लक्ष्य १३. जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउनेः

दिविल १३ जलवायु परिवर्तनसम्बन्धी जोखिम र प्राकृतिक विपद्प्रति उत्थानशीलता र अनुकूलन क्षमता सुदृढ गराउनेतर्फ लक्षित छ। यसले जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूमा एकिकृत गर्ने सोच बनाएको छ। साथै, यसले शिक्षा र चेतनामा सुधार ल्याउने र जलवायु परिवर्तनको न्यूनीकरण, अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्व चेतावनीसम्बन्धी मानव तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने लक्ष्य लिएको छ।

यी परिमाणात्मक लक्ष्यहरू लक्ष्य ११ सँग उल्लेखनीय रूपमा अन्तरसम्बन्धित छन् किनभने उर्जा प्रयोग र कार्बनडाइअक्साइड उत्सर्जनको केन्द्रविन्दुमा शहरहरू रहने गर्छन्। यो लक्ष्य प्रदेशको द्रुत शहरीकरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ, किनभने जलवायु-उत्थानशील पूर्वाधार निर्माण गर्ने यहाँ ठूलो अवसर विद्यमान छ।



## लक्ष्य १५. पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्नेः

यो लक्ष्यले भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोगलाई बल पुऱ्याउने काम गर्दछ । यसले सबै प्रकारका वनहरूको दिगो व्यवस्थापनको प्रवर्द्धन गर्ने र मरुभूमीकरणलाई रोक्ने पनि लक्ष्य लिएको छ । यसको उद्देश्य पर्वतीय पारिस्थितिकीय प्रणाली र त्यसको जैविक विविधतालाई संरक्षण गरी सन् २०३० सम्ममा दिगो विकासलाई आवश्यक लाभहरू उपलब्ध गराउन उनीहरूको क्षमतामा वृद्धि गर्ने पनि रहेको छ ।



## लक्ष्य १६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्नेः

यो लक्ष्यमा मुख्यतः समावेश भएका परिमाणात्मक लक्ष्यहरूमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदरलाई सबै ठाउँमा उल्लेखनीय रूपमा कम गर्ने, बालबालिका विरुद्ध हुने दुर्व्यवहार, शोषण, बेचबीचखन र सबै प्रकारका हिंसा र यातनाको अन्त्य गर्ने रहेका छन् । यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विधिको शासनको प्रवर्द्धन गर्ने र सबैका लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने प्रयास गर्दछ । यस लक्ष्यले अवैध वित्तीय तथा हातहतियारको ओसारप्रसारको न्यूनीकरण, चोरी भएका सम्पत्ति पुनःप्राप्ति र फिर्ता गर्ने कार्यलाई सुदृढ गर्ने र सबै प्रकृतिका सङ्गठित अपराधको नियन्त्रण गर्ने उद्देश्य बोकेको छ । भ्रष्टाचार र घुसखोरीलाई त्यसका सबै स्वरूपमा न्यून गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरूको निर्माण गर्ने कार्य पनि लक्ष्यअन्तर्गत रहेका छन् ।

अन्य सबै दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू महत्वपूर्ण छन् । लक्ष्य १६ अन्तर्गत प्रदेश र स्थानीय सरकारहरूका लागि विशेष सान्दर्भिक रहेका परिमाणात्मक लक्ष्यहरूमा हिंसासम्बन्धी परिमाणात्मक लक्ष्य (१६.१), सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्थाहरूसम्बन्धी परिमाणात्मक लक्ष्य (१६.६), सबै तहमा जिम्मेवार, समावेशी, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय प्रक्रियासम्बन्धी परिमाणात्मक लक्ष्य (१६.७) र जन्म दर्तासम्बन्धी परिमाणात्मक लक्ष्य (१६.९) रहेका छन् ।



## लक्ष्य १७. दिगो विकासका लागि कार्यान्वयनको माध्यम सुदृढ गर्ने र विश्वव्यापी साझेदारीलाई पुनःजीवन्त तुल्याउनेः

दिविल १७ ले आन्तरिक स्रोत परिचालनलाई सुदृढ तुल्याउने प्रयास गर्दछ। यसले विकसित राष्ट्रहरूबाट आधिकारिक विकास सहायताको पूर्ण कार्यान्वयन, विभिन्न स्रोतहरूबाट विकासोन्मुख राष्ट्रहरूका लागि अतिरिक्त वित्तीय स्रोत साधनहरूको परिचालन, दिगो विकासका लागि नीतिगत एकरूपतामा वृद्धि र तथ्याङ्क, अनुगमन र तथ्याङ्कीय क्षमताको सुदृढीकरणलगायतका लक्ष्यहरू बोकेको छ। लक्ष्य १७.१ प्रत्यक्ष रूपमा सम्बन्धित छ, जुन आन्तरिक स्रोत परिचालनको सुदृढीकरणमा केन्द्रित छ। यसमा स्थानीय सरकारहरूको वित्तीय क्षमता समावेश छ, किनभने अन्ततः धेरै लक्ष्यहरूको कार्यान्वयनका लागि उनीहरू नै जिम्मेवार हुन्छन्। साथै तथ्याङ्क, अनुगमन र तथ्याङ्कीय क्षमताको सुदृढीकरण संविधानमा निर्दिष्ट गरिएको छ, जहाँ आधिकारिक तथ्याङ्कहरूको सङ्कलन र व्यवस्थापनको जिम्मेवारी सबै तीन तहका सरकारहरूलाई प्रदान गरिएको छ।



# ३
## अध्याय



# गण्डकी प्रदेशमा दिविल सूचकहरूको आधार तथ्याङ्क अवस्था

यस अध्यायले दिविल सूचकहरू, आधार तथ्याङ्क अवस्थासहित सूचकहरूको विस्तृत सूची, अल्पकालीन परिमाणात्मक लक्ष्यहरू, र परिशिष्ट १-१७ मा उपलब्ध गराइएका लक्ष्यहरूबीचको तालमेल बारे छलफल गर्दछ। यो भागलाई सामाजिक, आर्थिक र वातावरणीय (जीवमण्डल) गरी तीन वटा क्षेत्रहरूमा बाँडिएको छ। तथापि, रेखाचित्रमा देखापर्ने लक्ष्यहरू प्राथमिकीकरणको सङ्केत होइनन्।

## ३.१ समाज

दिविलहरूसँग सम्बन्धित सामाजिक लक्ष्यहरू अधिकांश गरिबी (दिविल १), भोकमरी (दिविल २), असल स्वास्थ्य र समृद्धि (दिविल ३), गुणस्तरीय शिक्षा (दिविल ४), लैङ्गिक समानता (दिविल ५), धान्न सकिने उर्जा (दिविल ७), दिगो शहर र समुदायहरू (दिविल ११) र शान्ति, न्याय र सुदृढ संस्थाहरू (दिविल १६) का रूपमा छलफल गरिएका छन्। लक्ष्यहरूको एकअर्कामाथि सहक्रियाशील प्रभाव पर्दछ, उदाहरणका लागि, गरिबीको रेखामुनि रहेको व्यक्तिहरू सामान्यतया स्वास्थ्य सेवा, सुरक्षा र शिक्षा जस्ता आधारभूत सेवाहरूबाट बञ्चित हुने गर्छन्। गण्डकी प्रदेशका गरिबीमा रहेका व्यक्तिहरूले पनि भोकमरी, सामाजिक भेदभाव र निर्णय प्रक्रियाहरूमा पुर्ण सहभागिता जनाउन सकेका छैनन।

अन्य प्रदेशको तुलनामा गण्डकी प्रदेशमा सबैभन्दा कम गरिबी रहेको छ। गण्डकी प्रदेशमा राष्ट्रिय गरिबी रेखाअनुरूपको गरिबीको दर १४.९१ रहेका छ। प्रदेशमा झण्डै ३७१,००० व्यक्ति राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन्। गरिबी रेखाको कुल गणना दरलाई कुनै व्यक्तिलाई बाँच्नका लागि आवश्यक न्यूनतम स्रोतको प्रतिनिधित्व गर्ने कुनै मापदण्ड (नेपाल श्रमशक्ति सर्वेक्षण, २०११ अनुसार वार्षिक रु १९,२६१) भन्दा कम आय वा सम्पत्ति भएको जनसङ्ख्याको प्रतिशत भनेर बुझिन्छ। साथै गरिबीको रेखामुनि रहेको बालबालिकाहरू २८.३ प्रतिशत रहेका छन्। तथापि, प्रतिदिन १.९ अमेरिकी डलरमा मापन गरिएको गरिबीको दर भने ११.०९ प्रतिशत रहेको छ।

दिगो विकासका लक्ष्यहरूले गरिबीलाई सबै रूप र आयाममा पहिचान गरी त्यसलाई अन्त्य गर्ने प्रयास गर्दछन्। त्यसैले राष्ट्रिय मौद्रिक गरिबीलाई राष्ट्रिय बहुआयामिक गरिबी सूचकाङ्कसँग बुझ्न जरुरी छ। बहुआयामिक गरिबी सूचकाङ्कले शिक्षा, स्वास्थ्य र जीवनस्तर जस्ता आयामहरूमा समानान्तर रूपमा जनताले सामना गर्ने अति बञ्चितीकरणलाई प्रतिबिम्बित गर्छ। वहुआयामिक गरिवीको सूचकाङ्क १४.२ रहनुको अर्थ गण्डकी प्रदेशमा सबै सूचकहरूमा सबै व्यक्तिहरू बञ्चित हुने हो भने बहुआयामिक गरिबहरूले कुल बञ्चितीकरणको १४.२ प्रतिशतको सामना गर्छन्।

बहुआयामिक गरिबी सूचकाङ्क प्रतिव्यक्ति दर र बञ्चितीकरणको उपज हो, जहाँ प्रति व्यक्ति (हेड काउन्ट) सूचकाङ्क १४.२ र गरिबीको प्रबलता ४२.८ रहेको छ। यसले जनसङ्ख्याका झण्डै ४२.८८ प्रतिशत बहुआयामिक गरिब रहेको देखाउँछ र जो बहुआयामिक गरिबी भनेर पहिचान गरिएको छ ती शिक्षा, स्वास्थ्य र जीवनस्तरसम्बन्धी सूचकहरूमा १४.२ प्रतिशतले बञ्चित छन्। साथै, गण्डकी प्रदेश ११.६ प्रतिशत जनसङ्ख्यासहित नेपालको मध्यम आकारको प्रदेश हो। यस प्रदेशमा ३५३,००० बहुआयामिक सूचकाङ्क गरिब बसोबास गर्छन्।

माथि उल्लेख गरिए जस्तै गरिबी एउटा बहुकारक र बहुआयामिक अवधारणाका रूपमा उदाएको छ, जसलाई लक्ष्य १ अन्तर्गतका परिमाणात्मक लक्ष्यहरूमा उद्धृत गरिएको छ। उदाहरणका लागि, “सबै आयामहरू” (१.२), सामाजिक सुरक्षा (१.३), अधिकार, स्रोतमा पहुँच र नियन्त्रण (१.४) र उत्थानशीलता निर्माण। त्यसैकारण गरिबी धैरै अर्थमा लक्ष्य २ जस्ता अन्य लक्ष्यहरूबाट अविभाजित छ भनेर तर्क गर्न सकिन्छ।

> **गण्डकी प्रदेशमा राष्ट्रिय गरिबी रेखाअनुरूपको गरिबीको दर १४.९१ रहेका छ। प्रदेशमा झण्डै ३७१,००० व्यक्ति राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन्।**

गरिबी न्यूनीकरण सामाजिक तथा आर्थिक वातावरणका विभिन्न पक्षहरूबीच हुने अन्तर्क्रियाको परिणाम हो । गरिबीलाई एकातर्फ शिक्षा, स्वास्थ्य र सेवा सुविधाहरूमा पहुँचले बल पुऱ्याउँछ भने अर्कोतर्फ कृषि उत्पाकतत्वले । गण्डकी प्रदेशमा प्रति व्यक्ति खाद्यान्न उत्पादन २३४ केजी[८] रहेको छ भने राष्ट्रिय प्रतिव्यक्ति खाद्यान्न उत्पादन १९७ केजी रहेको छ।

यद्यपि, साना किसानको औसत वार्षिक आम्दानी रु ४४,७०९ को राष्ट्रिय औसत भन्दा बढी छ। करिव ४४.२१ प्रतिशत जनसङ्ख्या आफ्नो दुई तिहाई आम्दानी खाद्यान्नमा खर्च गर्छन्। खाद्यान्नमा कुल खर्चको अंश प्रतिबिम्वित गर्ने सूचकहरूले दिगो विकास र गरिबीबाट जनतालाई बाहिर ल्याउने प्रदेश सरकारको आकाङ्क्षालाई अर्थपूर्ण प्रभाव प्रदान गर्छन् र खाद्य सामग्री बहन गर्ने क्षमता बढाउँछ। मानिसहरूको प्रति व्यक्ति आय बढेपछि आयमा खाद्यान्न खर्चको अंश कम हुन जाने "एन्जेल्स ल" ले बताउँछ। सो सूचकले जनतालाई गरिबीबाट माथि उठाउने र खाद्य सामग्रीको बहन क्षमता बढाउने प्रदेश सरकारको आकाङ्क्षाका लागि अर्थपूर्ण पृष्ठपोषण गर्छ।

खाद्यान्नको बहन क्षमतालाई खाद्यान्नको उत्पादकत्व र उपलब्धताले सुदृढ बनाउने गर्छ। खाद्यान्नको बहन क्षमता र उपलब्धता दुवै मिलेर जनताको स्वास्थ्य र समृद्धिलाई थप बल पुऱ्याउने काम गर्छ। स्वास्थ्यमा दिविलहरूको तथ्याङ्कले गण्डकी प्रदेशमा प्रजनन् उमेरका करिव २४.२ प्रतिशत महिला अदृश्य भोकमरी र रक्तअल्पताबाट पीडित रहेको देखाउँछ जसका कारण जन्मिएका वच्चाहरूमा शारिरीक तथा मानसिक विकास कमजोर हुने जोखिम रहन्छ।

पाँच वर्ष मुनिका बालबालिकामा कुपोषणको दर उच्च छ। मानव विकासको लागि चाहिने उमेर अनुसारको उचाइ नपुगेका पाँच वर्ष मुनिका बच्चाहरू २८.९ प्रतिशत, उचाई अनुसार वजन नपुगेका ३.७ प्रतिशत र उमेर अनुसार वजन नपुगेका १४.९ प्रतिशत रहेका छन् जुन राष्ट्रिय स्तर भन्दा कम हो । प्रजनन् उमेरका २४.२ प्रतिशत महिलाहरूमा रक्तअल्पता रहेको छ। प्रदेशमा महिलाहरूले मापदण्ड अनुसार प्रसवोत्तर सेवा लिने प्रवृत्तिले कुपोषणको प्रवलतालाई बल पुऱ्याउने काम गरिरहेको देखिन्छ। उच्चस्तरको प्रसवोत्तर सेवा रहेको प्रदेशहरूमा कुपोषणको मात्रा कम रहेको पाइन्छ। गण्डकी प्रदेशमा पाँच वर्ष मुनिका बालबालिकामा कुपोषणको दर २८.९ प्रतिशत रहेको छ, जहाँ १४ प्रतिशत महिलाहरू मापदण्ड अनुसारको तीन पटक प्रसवोत्तर स्वास्थ्य सेवा लिने गर्छन् (रेखाचित्र १) ।

**रेखाचित्र १: प्रसवोत्तर स्वास्थ्य सेवा र कुपोषण**




*स्रोतः स्वास्थ्य सेवा विभाग (सन् २०१७)*

[८] *खाद्यन्नमा चामल, गहुँ, कोदो, जौं र फापर रहेका छन्।*

मानव स्वास्थ्य गहिरो रूपमा बुहआयामिक अवधारणा हो । साथै, २०३० एजेण्डामा स्वास्थ्य परिमाणात्मक लक्ष्य र अन्य परिमाणात्मक लक्ष्यहरूबीच विविध अन्तर्क्रिया रहेको कुरामा बलियो वैज्ञानिक सहमति छ । जस्तैः स्वास्थ्यका परिणामहरू पहुँचयोग्यता, धान्नसक्ने क्षमता र शिक्षाबाट बलियो रूपमा प्रभावित हुन्छन् । विगतको तुलनामा नेपालका मानिसहरू आज स्वस्थ जीवन बाँचिरहेका छन् । यद्यपि, उनीहरू अनावश्यक रूपमा अझै पनि निवारण गर्न सकिने रोगहरूबाट पीडित भइरहेका छन्  र धेरैको अल्पआयुमै मृत्यु भइरहेको छ । दिविलहरूमा परिकल्पना गरिएको जस्तो स्वस्थ जीवनका लागि रोग र खराब स्वास्थ्यबाट टाढा रहन एकिकृत र दिगो प्रयासहरूद्वारा सर्वप्रथम निवारण गर्न सकिने रोगहरूको नियन्त्रण हुनुपर्छ ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणले गण्डकी प्रदेशमा १५ वर्ष माथिका करिव ३२.१ प्रतिशत पुरुष र ३८.१ प्रतिशत महिलाले उच्च रक्तचापको औषधि सेवन गरिरहेको देखाउँछ । उच्च रक्तचाप अस्वस्थकर खाना, विशेषगरी नुनिलो खाना र शारीरिक निष्क्रियतासँग सम्बन्धित छ । यसैगरी गण्डकी प्रदेशमा १५ देखि ४९ उमेर समूहका १९.३ महिलाहरूले परिवार नियोजनको साधनको प्रयोग बारे आफै सुसूचित भएर निर्णय लिने गरेका छन् । यौन तथा प्रजनन् अधिकारमा पहुँच र प्रयोगले सरुवा रोगहरू अन्त्य गर्ने कार्यलाई बल पुर्‍याउँछ । झण्डै ५४ प्रतिशत घरपरिवारलाई स्वास्थ्य केन्द्रसम्म पुग्न ३० मिनेट समय लाग्ने गरेको छ (रेखाचित्र २), र ८.३५ प्रतिशत जनसङ्ख्याले घरपरिवारको आयको ठूलो हिस्सा स्वास्थ्यमा खर्च गर्ने गरेका छन् ।

**रेखाचित्र २ः स्वास्थ्य केन्द्रमा पहुँच**




*स्रोतः (केन्द्रीय तथ्याङ्क विभाग, २०११)*

यस प्रदेशमा चार पटक प्रसवपूर्व स्वास्थ्य जाँच सेवा लिने महिलाहरूको प्रतिशत ५९ रहेको छ, जुन प्रदेशहरू मध्ये तेस्रो उच्च हो । प्रसवपूर्व स्वास्थ्य सेवाको उपयोग र नवजात शिशुको मृत्युदरबीच रहेको अन्तर्निहित सम्बन्ध आउँदो भाग (रेखाचित्र ३) मा छलफल गरिएको प्रदेशहरूबीचको तुलनात्मक विश्लेषणवाट स्पष्ट हुन्छ । चार पटकसम्म प्रसवपूर्व स्वास्थ्य सेवाको उपभोग गर्ने महिलाहरूको प्रतिशत न्यून रहेको ठाउँमा नवजात मृत्युदर उच्च रहेको पाइन्छ । गण्डकी प्रदेशमा स्वास्थ्य केन्द्रमा सुत्केरी हुने प्रतिशत पनि सबैभन्दा उच्च (६८ प्रतिशत) रहेको छ । यहाँका ९४.७ प्रतिशत शिशुहरूले डिपीटी, हेपाटाइटीस बी र एचआइभी खोपको तीन मात्रा लिने गर्छन् । नवजात शिशुको मृत्युदर न्यून गर्ने उपायहरू सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छतामा पहुँचसहित आधारभूत स्वास्थ्य सेवा, खाद्यान्न र शिक्षामा पहुँचसँग सम्बन्धित छन् ।

**रेखाचित्र ३: प्रसवपूर्व स्वास्थ्य सेवा र नवजात शिशुको मृत्युदर[६]**




*स्रोतः स्वास्थ्य सेवा विभाग (सन् २०१६)*

यस प्रदेशमा लैङ्गिक समानताको दृष्टिकोणमा यौन हिंसाको सामना गर्ने १५ देखि ४९ वर्षका महिलाहरूको प्रतिशत ४.९ र शारीरिक तथा यौन हिंसाको सामना गर्ने महिलाहरू प्रतिशत १६.५ रहेको छ । अचल सम्पत्तिमाथिको स्वामित्वले महिलाको सामाजिक तथा आर्थिक हैसियतमाथि ठूलो प्रभाव पार्छ, किनभने त्यसले आर्थिक स्वतन्त्रतालाई प्रभावित गर्नुका साथै मूल्य थप गर्ने र रोजगारी सिर्जना गर्ने क्रियाकलापहरूमा संलग्न हुने माध्यम उपलब्ध गराउँछ । साथै, व्यवसायको थालनी गर्न ऋण र अवसरको उपलब्धताको निर्धारण धेरै हदसम्म अचल सम्पत्तिको स्वामित्वले गर्दछ । गण्डकी प्रदेशमा सक्रिय बचत खाता भएका महिलाहरूको प्रतिशत ३९ रहेको छ, र यो सङ्ख्या प्रदेशहरूको बिचमा दोस्रो ठूलो हो ।

महिलाहरूको भूस्वामित्वमा भएको प्रगतिले उनीहरूको आर्थिक क्रियाकलापमा र सशक्तिकरणमा प्रोत्साहित गरेको छ । लगभग २२ प्रतिशत महिलाहरूको जमिनमा स्वामित्व रहेको छ । सम्पत्तिको स्वामित्वका हकमा झण्डै १३ प्रतिशत महिलाहरूले घरपरिवारमा सम्पत्ति (घरजग्गा) माथि स्वामित्व रहेको बताए (रेखाचित्र ४) । श्रम शक्तिमा महिलाहरूको प्रभावकारी सहभागिताले अर्थतन्त्रमा उत्पादकत्वलाई बल प्रदान गर्दछ र मर्यादित श्रमको सिर्जनाको लक्ष्य ८ का लागि प्रत्यक्ष प्रभाव पार्दछ । साथै सम्पत्तिमाथिको स्वामित्वले सशक्तीकरण र वित्तिय सेवाहरूमा एकिकरणलाई अझ सुदृढ बनाउने काम गर्छ । राजनीतिक सहभागिताको हकमा गण्डकी प्रदेशमा करिब ३३.३३ प्रतिशत संसद् सदस्यहरू महिला रहेका छन भने स्थानीय तहमा ४१ प्रतिशत महिला जनप्रतिनिधिहरू रहेका छन् ।

**रेखाचित्र ४: सम्पत्ति (भूमि) माथि महिलाको स्वामित्व**




*स्रोतः नेश्रसस (२०११), विश्व बैंक आंकलन*

[६] *“सर्वेक्षणको अघिको १० वर्ष अवधिको नवजात दर” नेजघस २०१६*

शिक्षाको दिविल अन्य दिविलहरूसँग कुनै न कुनै रुपमा अन्तरसम्बन्धित छ। जस्तैः गरिबी, स्वास्थ्य, लैङ्गिक समानता, आर्थिक वृद्धिमा शिक्षाको प्रत्यक्ष प्रभाव पर्दछ। त्यसैगरी अन्य क्षेत्रमा हुने प्रगतिले शिक्षामाथि धेरै तरिकाले समानान्तर प्रभाव पार्नसक्छ।

१५ देखि २४ वर्षका पुरुष र महिलाबीचको साक्षरता दर पुरुष र महिलाका लागि क्रमशः ९४.८ र ८६.३५ प्रतिशत रहेको छ। प्रदेशमा ४,६०७ वटा विद्यालयहरू छन् र प्राथमिक विद्यालयमा औसत भर्ना दर ९६.७ प्रतिशत रहेको छ, जसमा लैङ्गिक समानता प्राथमिक विद्यालयमा १.०३ नजिक रहेको छ। उच्चस्तरको औसत भर्ना दरले आधिकारिक विद्यालय जाने उमेरका जनसङ्ख्यालाई समेट्ने कार्य उच्च रहेको देखाउँछ। प्राथमिक तहमा कुल भर्ना दर १३२.१ रहेको छ (कुल भर्ना दरले उमेरका वाबजुद प्राथमिक शिक्षामा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्यालाई प्रतिनिधित्व गर्दछ, जसलाई आधिकारिक प्राथमिक विद्यालय उमेरका विद्यार्थीहरूको सङ्ख्याले भाग गरिन्छ)। प्राथमिक र आधार भूत दुवै तहमा कुल भर्ना दरको विश्लेषणले प्राथमिक तहमा बढी वा कम उमेरका बालबालिका धेरै रहेको देखाउँछ।

लैङ्गिक समानता सूचकाङ्क प्राथमिक विद्यालय र निम्नमाध्यमिक विद्यालयमा क्रमशः १.०३ र १.०१ रहेको छ। सामाजिक तथा आर्थिक सूचकाङ्कका रूपमा रहेको लैङ्गिक समानता सूचकाङ्कले विकास पुरुष र महिलाहरूको शिक्षामा तुलनात्मक पहुँचलाई मापन गर्दछ। लैङ्गिक समानता सूचक १ बराबर हुनुको अर्थ महिला र पुरुषबीच समानता भएको सङ्केत हो। लैङ्गिक समानता सूचकाङ्क गण्डकी प्रदेशमा निम्न प्राथमिक तहमा १ भन्दा बढी रहेको छ, यसले छात्रको तुलनामा छात्रा पछाडि रहेको दर्शाउँछ। लैङ्गिक असमनता मानवीय र सामाजिक मुद्दा हो, तथापि यसले विकास र अर्थतन्त्रमा प्रभावहीनता पनि नित्याउँछ। श्रम शक्तिको आपूर्ति देखि सशक्तीकरणसम्म लैङ्गिक समानता उत्पादकत्व बढाउन र आर्थिक वृद्धिलाई विस्तार गर्न अत्यावश्यक छ। अर्थतन्त्रमा महिलाविरुद्ध भेदभावले आर्थिक क्रियाकलाप र मर्यादित श्रमका अवसहरूलाई सङ्कुचित बनाउँछ। श्रम शक्तिमा महिला सहभागिताको अवस्थाले गण्डकी प्रदेशमा श्रमशक्तिमा हरेक १०० जना पुरुषका लागि ७४ जना महिला श्रमिक रहेको देखाउँछ। जबकी राष्ट्रिय स्तरमा ६५.८ प्रतिशत रहेको छ। महिलाहरूले करिव २४.४८ प्रतिशत समय अवैतनिक घरायसी र हेरचाहजन्य श्रममा व्यतित गर्छन्।

## ३.२ आर्थिक र जीवमण्डल

यो क्षेत्रमा स्वच्छ खानेपानी र सरसफाइ (दिविल ६), मर्यादित श्रम र आर्थिक वृद्धि (दिविल ८), उद्योग, नवप्रवर्तन र पूर्वाधार (दिविल ९), असमानताको न्यूनिकरण (दिविल १०), जिम्मेवार उपभोग र उत्पादन (दिविल १२), जलवायु परिवर्तन बिरुद्ध कार्यवाही (दिविल १३) र जमिनमाथि जीवन (दिविल १५) सँग सम्बन्धित दिगो विकास लक्ष्यहरू समावेश छन्।

अत्यावश्यक चिजहरूको असमान वितरणले समाजमा असमानता वढाउँछ जस्तो कि कुनै निश्चित जनसङ्ख्यामा केन्द्रित हुने उपभोग, आम्दानी, कल्याण आदि। चासोमा रहेको असमानता उपभोग, आम्दानी, कल्याण (समृद्धि) आदिको इच्छित माध्यम कुनै खास जनसङ्ख्यामा कसरी वितरित भएको छ भन्ने कुरासँग सम्बन्धित छ, जस्तै खाद्यान्न खर्चमा कुल आम्दानीको हिस्सा। कुल उपभोगमा गण्डकी प्रदेशमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा लगभग १८.९ प्रतिशत रहेको छ, जबकी राष्ट्रियस्तरमा तल्लो ४० प्रतिशतको हिस्सा ६.९ प्रतिशत रहेको छ। असमानता कम भएका समाजहरूमा कुल उपभोग प्रतिशतको हिस्सा जनसङ्ख्याको प्रतिशत बराबर हुनेगर्छ। यसका अतिरिक्त, कुल उपभोग र जनसङ्ख्याको हिस्सामा आएको असमानुपातिक परिवर्तनले जनसङ्ख्याको माथिल्लो दशमक भन्दा तल्लो दशमकमा आयको बढी समान वितरण रहेको देखाउँछ।

गिनी गुणाङ्क (कोअफिसेन्ट) असमानताको मापन गर्ने एउटा माध्यम हो। यसलाई ० र १ बीचको मानको अनुपातको रूपमा परिभाषित गरिएको छ। गिनी गुणाङ्क शून्यको अर्थ उत्कृष्ट समानता हो। गण्डकी प्रदेशमा गिनी गुणाङ्कमा मापन गरिएको असमानता ०.३७ छ जुन राष्ट्रिय औसत भन्दा उच्च हो र प्रदेशहरूको तुलनामा यो दोस्रो उच्च हो।

गण्डकी प्रदेशमा[१०] उपभोगमा समानता भन्दा आम्दानीमा असमानताको दर बढी छ। पाल्मा सूचकाङ्कले जनसङ्ख्याको सबैभन्दा धनी १० प्रतिशतको हिस्सा सबैभन्दा गरिब ४० प्रतिशतको हिस्सासँग भन्दा बढी रहेको स्पष्ट गर्छ। पाल्मा सूचकाङ्क १ नजिकै रहेको राम्रो मानिन्छ, जहाँ मध्यमवर्गको हिस्सा समयको अन्तरालसँगै बढ्न गएको बुझिन्छ। गण्डकी प्रदेशको पाल्मा सूचाङ्क १.४१ छ र यसले आम्दानी र खर्चमा तल्लो र उपल्लो बर्ग बीच ठूलो असमानता रहेको बताउँछ।

गण्डकी प्रदेशमा युवा (१९ वर्ष मुनिको) जनसङ्ख्याको उल्लेखनीय हिस्सा रहेको छ, जसमा पुरुष भन्दा महिलाहरू बढी रहेका छन्। गण्डकी प्रदेशको कुल जनसङ्ख्यामा १५ देखि २४ वर्षको अंश करिब २० प्रतिशत रहेको छ। रोजगारी र उद्यमशीलतामा युवा स्रोतको परिचालन कमजोर भएको देखिन्छ किनभने युवा अल्पवेरोजगारी दर[११] र "अल्प वेरोजागरी" यस प्रदेशमा बढी देखिन्छ। प्रदेशमा नयाँ कामको सृजना कम हुनाले गर्दा युवाहरूको ठूलो हिस्सा विदेशिएको छ। आर्थिक वर्ष २०७३/०७४ मा प्रदेशको करिब १३ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या विदेशिएको अनुमान छ।

**रेखाचित्र ५: अल्प वेरोजगारीको दर**




*स्रोत[१२]: नेश्रसस (२०११)*

जनसङ्ख्याको करिव ८२.५[१३] प्रतिशतको कुनै न कुनै प्रकृतिको विद्युतमा पहुँच छ। जलविद्युतको जडित क्षमता यस प्रदेशमा तुलनात्मक रूपमा उच्च छ। नेपालको कुल जडित क्षमता (९०० मेगा वाट)मा गण्डकी प्रदेशको योगदान ४८ प्रतिशत (४४८.५) रहेको छ। जलविद्युतमा योगदान गर्नेमा यो सबैभन्दा माथि रहे तापनि स्वच्छ इन्धन प्रविधिमा प्राथमिक निर्भरता भएको जनसङ्ख्याको अनुपात भने ४० प्रतिशत मात्र छ अर्थात यो प्रदेश देशको दोस्रो स्थानमा रहेको छ। खाना पकाउनका लागि प्राथमिक स्रोतका रूपमा ठोस इन्धनको प्रयोग गर्ने जनसङ्ख्या ६९.३ प्रतिशत रहेको छ। समग्रमा खाना पकाउनका लागि स्वच्छ इन्धन वा ठोस इन्धनको प्रयोग र विद्युतमा पहुँचलाई समान आधार मान्ने हो भने विद्युतमा उच्च पहुँच भएको प्रदेशमा खाना पकाउनका लागि प्राथमिक स्रोत प्रयोग गर्ने घरपरिवारहरू धेरै रहेको देखिन्छ।

---

[१०] *०.२० = न्यून असमानता ; ०.२५ =असमानता ; उच्च असमानता =०.३५; चरम असमानता =०.५० र त्यसमाथि*
[११] *दुवै उमेर समूह १५-५९ र १५-२४ का लागि*
[१२] *सर्वेक्षणको तथ्याङ्क संग्रहबाट विश्व बैंक कर्मचारीको गणना*
[१३] *स्थितिपत्रमा विद्युतमा पहुँच ८२.५ गणना गरिएको २०६८ को जनगणनाबाट लिइएको हो।*

यस प्रदेशमा राष्ट्रिय र स्थानीय सडहरूसहित सडकहरूको कुल लम्वाई भ्रण्डै १०९,७० किमी छ, जहाँ रणनीतिक सडक सञ्जालको कुल लम्बाई १,६६६ किमी र सडक घनत्व प्रति १०० वर्गकिलोमिटरमा ४८.३२/ किमी रहेको छ। सबै मौसममा सञ्चालन हुने सडकको २ किमी परिधिमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात ८५ प्रतिशत रहेको छ। लोकमार्ग सडकको सडक घनत्व प्रदेशको दक्षिणी भागमा बढी छ, जहाँ जनसङ्ख्याको वितरण पनि बढी छ ।



अन्य आधारभूत सेवाहरूमा पहुँचको हकमा करिव ५०.४३ प्रतिशत घरपरिवारको धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच छ। खरको छाना भएको घर भएका घरपरिवारको सङ्ख्या १०.७७ प्रतिशत छ भने ९१.७ प्रतिशत जनसङ्ख्यामा सुरक्षित रूपमा व्यवस्थापन गरिएको आधारभूत खानेपानीको पहुँच छ (रेखाचित्र ६)। धाराबाट आपूर्ति गरिएको खानेपानीको सूचक सुरक्षित खानेपानीको मापन गर्ने नजिकको सूचक भएपनि यसले गुणस्तरीय र सुरक्षित खानेपानीमा घरपरिवारहरूको पहुँचको वास्तविकतालाई पुष्टि गर्छ भन्ने छैन।

प्रदेशहरूको तुलनात्मक विश्लेषणले धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच भएको घरपरिवारको प्रतिशत र आधुनिक सरसफाइका सुविधाहरूको एकल रूपमा प्रयोग गर्ने घरपरिवारबीचको सम्बन्धलाई उजागर गर्दछ। यस प्रदेशमा ७३.७ प्रतिशत घरपरिवारको विकसित सरसफाइका सेवाहरूमा पहुँच छ (रेखाचित्र ६)। यसलाई धाराबाट आपूर्ति गरिएको खानेपानीमा पहुँच हुँदा घरपरिवारले एकल रूपमा प्रयोग गर्ने सरसफाइका सुविधाहरू निर्माण गर्न प्रोत्साहित हुन्छन् भन्ने अर्थमा व्याख्या गर्न सकिन्छ। यसले सरसफाइको सुविधामा बढ्दो पहुँच, संस्कार र चेतनाले गण्डकी प्रदेश संघीय खानेपानी तथा सरसफाइ मन्त्रालयले बताए अनुसार खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको दावीलाई पनि पूर्णत समर्थन गर्दछ।

**रेखाचित्र ६ : सरसफाइ अभ्यास गर्ने; खरको छाना भएको घरपरिवार; र धाराबाट आपूर्ति भएको खानेपानीमा पहुँच भएका घरपरिवार**




*स्रोतः नेजस्वास (सन् २०१६)*

*(दायाँ र बायाँ अक्षरेखा समान स्तरमा छैनन्। दायाँ अक्षरेखा खरको छाना भएका घरपरिवार इकाईहरूको प्रतिशतका लागि हो। बायाँ अक्षरेखा आधुनिक सरसफाइका सुविधाहरूको एकल रूपमा प्रयोग गर्ने घरपरिवार र धाराबाट आपूर्ति भएको खानेपानीमा पहुँच भएका घरपरिवारको प्रतिशतका लागि हो।)*

गण्डकी प्रदेशमा मोबाइल फोन बोक्ने २० देखि २४ वर्षका महिलाहरूको अनुपात लगभग ८४ प्रतिशत रहेको छ, जहाँ झण्डै ३८ प्रतिशत महिलाहरू इन्टरनेटको प्रयोग गर्छन् (रेखाचित्र ७)। विप्रेषणले ल्याएको उपभोगको प्रवृत्तिमा परिवर्तनले महिलाहरूको हातमा मोबाइल फोन ल्याइदिएको भए तापनि मोबाइल फोनमा इन्टरनेटको प्रयोग भने न्यून छ। मोबाइल फोनको पहुँच बढ्दै जाँदा यसले मानिसलाई इन्टरटेनमा पहुँच बढाउने अवसरको सिर्जना गरेको छ। यसबाट जीवन सुधार्ने विविध प्रकार सेवाहरूमा पहुँच पुऱ्याउने ठूलो अवसर प्राप्त भएको छ। साथै, यसबाट आम जनचेतनाका कार्यक्रमहरू प्रभावकारी हुने सम्भावना बढी हुन्छ।

**रेखाचित्र ७ : मोबाइल फोन र इन्टरनेट**




*स्रोतः नेजस्वास (सन् २०१६)*

**रेखाचित्र ८: विवाहित वा सम्बन्धमा रहेका २० देखि २४ वर्षका महिलाहरूको अनुपात**




*स्रोतः नेजस्वास (सन् २०१६)*

बालविवाहको अनुपात दुवै वर्गमा राष्ट्रिय स्तर भन्दा कम रहेको छ, जुन (१८ वर्ष) अघि ३१.७ प्रतिशत र (१५ वर्ष अघि) ७.५ रहेको छ। यहाँ १५ वर्ष पुग्नु अगावै विवाहित वा सम्बन्धमा रहेका २० देखि २४ वर्षका महिलाहरूको अनुपात १८ वर्ष अघि विवाहित महिलाको अनुपात भन्दा कम छ (**रेखाचित्र ८**)। १८ वर्षमा बालविवाह गर्ने चलन गण्डकी प्रदेशमा अन्य सबै प्रदेशहरू भन्दा कम छ।

## ३.३ प्रादेशिक दिविल सूचकहरूमा तथ्याङ्कको अभाव/अन्तर र उपलब्धता

नेपालका लागि राष्ट्रिय रूपमा पहिचान गरिएका ४७९ दिविल सूचकहरूमध्ये १३९ (२९%) सूचकहरूको मात्र गण्डकी प्रदेशमा खण्डीकृत आधार रेखा तथ्याङ्क उपलब्ध रहेको छ। यी सूचकहरूका बारे केही निश्चित समयको अन्तरालमा जानकारी उपलब्ध गराउन सकिन्छ। यसैगरी गण्डकी प्रदेशका लागि १२५ (२६%) सूचकहरू सान्दर्भिक छन् तर यी सूचकहरूका लागि आधाररेखा सूचना उपलब्ध छैन। नयाँ सर्वेक्षण र अन्य प्रशासनिक तथ्याङ्कमार्फत आधाररेखा सूचना स्थापित भएपछि गण्डकी प्रदेशले यी सूचकहरूबारे जानकारी उपलब्ध गराउनसक्नेछ। राष्ट्रिय स्तरमा पहिचान भएका २२५ सूचकहरू प्रदेशको लागि कम सान्दर्भिक छन् र त्यसबारे कुनै आधार रेखा सूचना नभएकाले नियमित रूपमा जनकारी उपलब्ध गराउन सकिँदैन। (तालिका १)

**नेपालका लागि राष्ट्रिय रूपमा पहिचान गरिएका ४७९ दिविल सूचकहरूमध्ये १३९ (२९%) सूचकहरूको मात्र गण्डकी प्रदेशमा खण्डिकृत आधार रेखा तथ्याङ्क उपलब्ध रहेको छ।**

**तालिका १: गण्डकी प्रदेशमा दिविल सूचकहरूका लागि तथ्याङ्क उपलब्धता र अभाव**

| दिविल हरू | अन्तर्राष्ट्रिय रूपमा दिविल लक्ष्य र परिमाणात्मक लक्ष्यका लागि पहिचान गरिएका सूचकहरूको सङ्ख्या | दिविल लक्ष्य र परिमाणात्मक लक्ष्यका लागि नेपालले राष्ट्रिय स्तरमा थप गरेका सूचकहरू | दिविल लक्ष्य र परिमाणात्मक लक्ष्यका लागि नेपालले पहिचान गरेका कुल सूचकहरू | गण्डकी प्रदेशमा आधाररेखा सूचना भएका राष्ट्रिय सूचकहरू | गण्डकी प्रदेशका लागि सान्दर्भिक तर आधाररेखा तथ्याङ्क नभएका सूचकहरू | आधाररेखा सूचना नभएका राष्ट्रिय रूपमा पहिचान गरिएका र गण्डकी प्रदेशका लागि कम सान्दर्भिक सूचकहरू | कुल सूचकह |
|---|---|---|---|---|---|---|---|
| १ | १४ | १४ | २८ | १४ | ७ | ७ | २८ |
| २ | १३ | १७ | ३० | ८ | ७ | १५ | ३० |
| ३ | २७ | ३२ | ५९ | २१ | २५ | १३ | ५९ |
| ४ | ११ | ३५ | ४६ | १५ | ११ | २० | ४६ |
| ५ | १४ | २२ | ३६ | १६ | ७ | १३ | ३६ |
| ६ | ११ | १४ | २५ | १३ | ६ | ६ | २५ |
| ७ | ६ | ९ | १५ | ६ | ४ | ५ | १५ |
| ८ | १७ | १४ | ३१ | १८ | ४ | ९ | ३१ |
| ९ | १२ | ८ | २० | ५ | ६ | ९ | २० |
| १० | ११ | १६ | २७ | ५ | १० | १२ | २७ |
| ११ | १५ | १५ | ३० | ५ | ६ | १९ | ३० |
| १२ | १३ | १० | २३ | १ | ५ | १७ | २३ |
| १३ | ८ | ११ | १९ | २ | ७ | १० | १९ |
| १४ | १० | ० | १०** | ० | ० | १० | १० |
| १५ | १४ | १७ | ३१ | ४ | ९ | १८ | ३१ |
| १६ | २३ | ८ | ३१ | ३ | ५ | २३ | ३१ |
| १७ | २५ | ३ | २८ | ३ | ६ | १९ | २८ |
| कुल | (२४४–१०=२३४)* | २४५ | ४८९–१०–४७९) | १३९ | १२५ | २२५ | ४८९–१०=४७९** |

*नोट: * १० सूचकहरू विभिन्न लक्ष्यहरू दोहोरिएका छन् । ** नेपालका लागि असान्दर्भिक*

अधिकांश तथ्याङ्क नेश्रस (२०११), नेजस्वास (२०११) र जनगणना (२०११) बाट अनुमानित गरिएका छन् । त्यसमा लगभग २९ प्रतिशत नेजस्वासबाट ३२ प्रतिशत नेश्रसबाट र बाँकी सम्बन्धित मन्त्रालय र गण्डकी प्रदेशको स्थितिपत्र बाट लिइएको छ । तथ्याङ्कको अभाव स्रोत सर्वेक्षण पात्रोमा रहेको ठूलो रित्तता हो । साथै, घरपरिवार र अन्य सर्वेक्षणहरू पनि नियमित रूपमा र पात्रो अनुरूप सञ्चालन हुँदैनन् । तथ्याङ्कमा रहेको अभाव पूर्ति गर्ने कार्य प्राथमिकतामा रहनेछ किनभने दिगो विकासतर्फ अघि बढ्नुको लागि भरपर्दा तथ्याङ्क आवश्यक हुन्छन् ।

दिगो विकास लक्ष्यहरूको प्राप्तिका लागि गतिशील तथ्याङ्क पारिस्थितिकीय प्रणाली अत्यावश्यक छ । आर्थिक वृद्धिलाई नियमित पृष्ठपोषण गर्न, दिविलहरूतर्फ भएको प्रगतिलाई प्रोत्साहित गर्न, आधारभूत सेवाहरूको आपूर्तिको कार्यकुशलतामा सुधार ल्याउन, पारदर्शिता स्थापित गर्न गण्डकी प्रदेशले तथ्याङ्कहरूको अभावलाई व्यवस्थापन गर्ने आफ्ना प्रयासहरूलाई सकेसम्म अगाडि बढाउने छ । दिविलहरूको अनुगमन तथा मूल्याङ्कन गर्न प्रादेशिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण गण्डकी प्रदेशको उच्च प्राथमिकतामा रहनेछ ।



# ४

अध्याय



# गण्डकी प्रदेशको योजना र बजेट निर्माणमा दिविलहरूको स्थानीयकरण

## ४.१ पृष्ठभूमि

दिगो विकासको आकाङ्क्षालाई साकार पार्न गण्डकी प्रदेशले विकासका एजेण्डालाई नीतिमार्फत अर्थतन्त्र, समाज र वातावरण गरी तीन वटा आयामहरूलाई अघि बढाउनेछ। यस क्रममा हरेक दिविल क्षेत्रमा विभिन्न मुद्दाहरूबीच अन्तर्क्रिया र सहक्रिया प्रोत्साहित गर्नु महत्वपूर्ण हुन्छ। प्राथमिकताका विविध क्षेत्रहरूलाई जोड्नुको महत्व र एउटा लक्ष्यको प्राप्तिले कसरी अर्को लक्ष्यलाई प्रभावित गर्छ भन्ने कुरालाई ध्यानमा राख्दै कार्यान्वनयको परिणाम एकिकृत र जैविक तरिकाले मापन गरिनेछ। यो विषयलाई जनता, समृद्धि, पृथ्वी, शान्ति र साझेदारीको समूहमा छुट्टाउन सकिन्छ।

**रेखाचित्र ९: पाँच पी हरु**




## ४.२ जनता र समाज (दिविल १, २, ३, ४ र ५)

राष्ट्रिय गरिबीको रेखामुनी रहेको हालको १४.९१ प्रतिशत जनसङ्ख्यालाई सन् २०२३ सम्म ७.४१ प्रतिशतमा घटाउने र सन् २०३० सम्ममा गरिबी उन्मूलन गर्नका लागि विद्यमान गरिबीको दरलाई सन् २०२३ सम्म हरेक वर्ष १.५ प्रतिशतभन्दा बढीले कम गर्न आवश्यक छ। गरिबीमा भएको न्यूनीकरणलाई सशक्तीकरण, शिक्षा, असल स्वास्थ्य र दीर्घायुबीच भएका सकारात्मक अन्तर्क्रियाको परिणामका रूपमा हेरिनेछ। प्रदेशको आय तथा उपभोगमा तल्लो २० प्रतिशत जनसङ्ख्याको हिस्सामा वृद्धि हुनेछ र रोजगारीका औपचारिक माध्यमहरूमा मानिसहरूको संलग्नता बढ्न जानेछ। तल्लो २० प्रतिशतको हिस्सामा वृद्धिका लागि सो आय समूहको औसत भन्दा बढी वृद्धि आवश्यक हुन्छ, जसको अर्थ श्रमजिवीवर्गको हितमा उत्पादन र आयआर्जन प्रक्रियाको पुनःसंरचना गरिनु आवश्यक हुन्छ। यद्यपि, गरिब घरपरिवारहरूको सही पहिचान एउटा चुनौतीको रूपमा रहेको छ। त्यसैकारण, गण्डकी प्रदेशले गरिबी न्यूनीकरणका लागि एउटा एकिकृत र समष्टीगत रणनीतिको तर्जुमा गरेको छ। यसले गरिबीका अन्तर्वस्तुहरूलाई प्रत्यक्ष रूपमा बुझी गरिबी न्यूनीकरणलाई एउटा अपेक्षाकृत परिणामका रूपमा विभिन्न क्षेत्रहरूबीच क्षेत्रगत अन्तरसम्बन्धहरू स्थापना गर्न प्रदेशलाई ठूलो अवसर ल्याउनेछ।



यसका साथै, गण्डकी प्रदेशसँग रहेको जनसाङ्ख्यिक लाभ अर्को दुई देखि तीन दशकसम्म यथावतै रहनेछ। जनसाङ्ख्यिक लाभको उपयोग गर्न गण्डकी प्रदेश सरकारले संरचनागत रूपान्तरणलाई बढावा दिँदै आर्थिक रूपमा सक्रिय जनसङ्ख्यालाई उत्पादनमुलक क्रियाकलापहरूमा जोड्ने काम गर्नेछ। प्रदेशको अर्थतन्त्रमा पर्यटन, कृषि, उर्जा, उद्योग र सेवा क्षेत्रको प्रमुख योगदान रहेको छ। पर्यटन क्षेत्रले अन्य उत्पादन र सेवा क्षेत्रहरूसँग अग्र तथा पृष्ट सम्पर्क-सम्बन्धहरू स्थापना गर्नेछ। कृषिजन्य मूल्य शृङ्खला पर्यटन मूल्य शृङ्खलामा गएर जोडिनेछ, जहाँ घरेलु कृषिजन्य क्रियाकलापहरूले आन्तरिक पर्यटन क्षेत्रमा आफ्नो बजार पाउनेछ। पर्यटन क्षेत्रले उच्च आर्थिक वृद्धि हासिल गर्न योगदान पुऱ्याउने स्थानीय उत्पादकहरूसँग नजिकको सम्बन्धको विकास गर्नेछ।

गण्डकी प्रदेशमा पाँचवर्ष मुनिका २८.९ प्रतिशत बालबालिका कुपोषित छन्। पाँचवर्ष मुनिका बालबालिकाहरूमा उमेर अनुसार कम तौल र उचाई अनुसार कम तौल क्रमशः २८.९ प्रतिशत र ५.८ प्रतिशत रहेको छ। पुड्कोपना र कम तौल भएका बालबालिकाको सङ्ख्या कम गर्नका लागि हरेक वर्ष झण्डै १.२ प्रतिशतले वार्षिक रूपमा न्यूनीकरण गर्न आवश्यक छ। यो लक्ष्यलाई हासिल गर्न खाद्यान्न आपूर्ति र सुक्ष्मपोषण परिपूरक खानाका साथै झाडापखालाजन्य रोगहरूको नियन्त्रण गर्ने एकिकृत अवधारणालाई उच्च प्राथमिकता दिइनेछ। साथै, सरकारले भूमिको उत्पादकत्व बढाउन र खाद्यान्न मूल्य शृङ्खलाको सहज कार्यसञ्चालन सुनिश्चित गर्ने काम गर्नेछ। यस क्रममा, यसले तीन वटा उपायहरू माथि जोड दिनेछः (क) कृपषकहरूका लागि भूमिमा पहुँच बढाउने; (ख) बढी रहेको कृषिजन्य श्रमिकलाई खेतबाली क्रियाकलापहरूबाट बाहिर ल्याएर सेवा उद्योगहरूमा संलग्न गराउने, (ग) कृषकहरूलाई बजार सम्बन्धी सूचना/जानकारी उपलब्ध गराउने। पहिलो दुई वटा उपायहरू धेरै चुनौतीपूर्ण कार्य हुन र त्यसका लागि परम्परागत भन्दा फरक प्रयासहरू आवश्यक हुन्छ, जसमा भूमिहीन र सीमान्तकृत कृषकहरूका लागि भूमि उपलब्ध गराउने वा उनीहरूलाई अन्य व्यवसायमा संलग्न गराउने हुनसक्छ। यसका साथै, कृषि क्षेत्रकालागि यान्त्रिकीकरण र व्यावासायिकरण गरिनेछ।

पाँच वर्षमुनिको मृत्युदरलाई (प्रतिहजार जीवित जन्ममा) २७ बाट १५ मा झार्ने, नवजात मृत्युदरलाई (प्रतिहजार जिबित जन्ममा) १५ देखि तीनमा पुऱ्याउने, र सन् २०३० सम्ममा विभिन्न प्रकृतिका प्रजनन्‌जन्य मृत्युको सङ्ख्यालाई नियन्त्रण गर्न सर्वव्यापी स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्ने जस्ता स्वास्थ्य क्षेत्रका चुनौतीहरू रहेका छन्। यसैगरी, शिक्षामा महिला वयश्क साक्षरता बढाउने र युवाहरूमा सतप्रतिशत साक्षरता हासिल गर्ने कार्यका लागि शिक्षा क्षेत्रमा बृहत सुधार आवश्यक छ। लैङ्गिक समानता र महिलाहरूको सशक्तीकरण हासिल गर्नु अर्को चुनौती छ। त्यसका लागि आर्थिक कार्यक्रमसहित सामाजिक पुनःसंरचना आवश्यक छ। बालिका र महिला विरुद्ध हुने हिंसा करिव १६ प्रतिशतको दरमा छ र यसलाइ उन्मूलन गर्न आवश्यक छ। हाल प्रदेश सभामा एक तिहाई र स्थानीय तहमा ४१ प्रतिशतको हाराहारीमा महिलाको सहभागिता छ र यस्ता सार्वजनिक नीति निर्माण तह र व्यावसायिक कार्यालयहरूमा महिलाहरूको सहभागिता बढाउने कार्यलाई निरन्तरता दिइनेछ।

बजारमा आधारित नीतिगत औजारमार्फत असमानता नियन्त्रण गर्नुपनि कठिन कार्य हुनेछ। तसर्थ गरिबमुखी आर्थिक वृद्धि नीति तथा कार्यक्रमहरूका साथै ठोस वितरणजन्य उपायहरू अवलम्बन गरिनेछन्। तथापि, कुल आयमा तल्लो ४० प्रतिशतको हिस्सा बढाउन कठिन छ। हाल, जनसङ्ख्याको तल्लो ४० प्रतिशतको कुल आयमा हिस्सा केवल ७.८ प्रतिशत रहेको छ, र यो क्षेत्रमा केही उल्लेखनीय उपलब्धि हासिल गर्ने हो भने कम्तीमा पनि २२ प्रतिशतले बढाएर कुल आयको ३० प्रतिशतमा ल्याउनुपर्छ। यो कार्यलाइ प्रदेश सरकारले प्राथमिकता दिएर कार्यान्वियन गर्नेछ।

खाद्य असुरक्षा र भोकमरीलाई सम्बोधन गर्ने दिगो समाधानका रूपमा गण्डकी प्रदेशले खाद्यान्नको उत्पादनमा वृद्धि गर्ने, कृषिजन्य उत्पादकत्व वृद्धिमा जोड दिँदै गरिबी न्यूनीकरणलाई द्रुत गति प्रदान गर्ने, र खाद्यान्नको वितरणमा सुधार ल्याउने कार्य गर्नेछ। प्रदेशमा झण्ठै दुई तिहाई जनता कृषिमा संलग्न छन्, त्यसैकारण कृषिजन्य उत्पादकत्वमा सामान्य सुधारले पनि गरिबीमा उल्लेखनीय गिरावट आउनसक्छ। यस सन्दर्भमा, कृषि क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण प्रक्रियाको थालनी गरिनेछ। यसले दिगो विकासका लक्ष्यहरूले परिकल्पना गरेअनुरूप उल्लेखनीय मात्रमा कृषि उत्पादकत्वमा वृद्धि ल्याउनेछ। प्रदेशले भोकमरीका लागि मात्र नभई गरिबी न्यूनीकरण, रोजगार सिर्जना र आयमा रहेको असमानता कम गर्ने कार्यका लागि अन्य विविध आर्थिक कार्यहरू गर्नेछ।

## ४.३ समृद्धि र ग्रह (दिविल ६, ७, ८, ९, १०, ११, १२, १३, १४ र १५)

गण्डकी प्रदेशले पर्यटन, कृषि, उर्जा, उद्योग, पूर्वाधार, मानव संसाधन र असल शासन गरी समृद्धिका सात वटा मुख्य संबाहककहरूको पहिचान गरेको छ। यी संबाहक क्षेत्रहरूले गण्डकी प्रदेशमा समृद्धि ल्याउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्। प्रदेशले विकास नीतिहरूमार्फत पर्यटन र कृषि क्षेत्रलाई जोड्ने छ, र मूल्य शृङ्खला सहकार्यका लागि पूर्वाधारको निर्माण गर्नेछ। उदाहरणका लागिः वालिङ, पर्वत र म्याग्दीमा हुने कृषिजन्य (दिविल २) क्रियाकलापहरूलाई पोखरा, जोमसोम र बन्दीपुरको आतिथ्य सेवा क्षेत्र (होटल) को आपूर्ति चक्रमा जोडिनेछ। आर्थिक क्रियाकलापका लागि आवश्यक औद्योगिक उर्जाको माग ३ हजार मेगावाट विद्युत उत्पादनमार्फत र सबैलाई उर्जामा पहुँच सुनिश्चित गरेर (दिविल ७) पूरा गरिनेछ। पूर्वाधार विकासका लागि आवश्यक लगानी (दिविल ९) सार्वजनिक तथा निजी साझेदारीमार्फत पूर्ति गरिनेछ। साथै, कृषिजन्य उत्पादकत्व प्रवर्द्धनका लागि कौशलता र सीप विकास, प्रविधि र उद्यमशीलता आवश्यक हुन्छ। तालिम कार्यक्रमहरू आर्थिक वास्तविकतालाई सहयोग पुग्ने तरिकाले विकसित गरिनेछन्, जसमार्फत आर्थिक आवश्यकताअनुरूपको सीप र मर्यादित रोजगारीको आपूर्ति (दिविल ८) हुनेछ। कृषि क्षेत्रको यान्त्रिकीकरणलाई प्रविधिले सहयोग गर्दै उत्पादन खर्चलाई प्रभावकारी बनाउन मद्दत मिल्नेछ (रेखाचित्र १०)।

**रेखाचित्र १०: गण्डकी प्रदेशको समृद्धिका सात प्रमुख संवाहकहरू**




*स्रोतः गण्डकी प्रदेश स्थिति पत्र*

गण्डकी प्रदेशले प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक विविधताबीच एकता, साँस्कृतिक समृद्धि, सहअस्तित्व र पहिचान, र जनसाङ्ख्यिक लाभगरी समृतिका पाँच मुख्य सहयोगीहरूको पनि पहिचान गरेको छ। पदमार्ग, ताल र ठूला हिमालहरू जस्ता प्राकृतिक सौन्दर्य गण्डकी प्रदेशमा पयर्टनका लागि मुख्य आकर्षणका केन्द्र हुन्। यसका अतिरिक्त, गण्डकी प्रदेशको झण्डै ४६ प्रतिशत भूभाग राष्ट्रिय निकुञ्ज, अन्नपुर्ण र मनास्लु संरक्षण क्षेत्र, पञ्चासे वन आरक्ष र ढोरपाटन शिकार आरक्षलगायत संरक्षण क्षेत्रले ओगटेका छन। प्रदेश सामाजिक विविधताले पनि समृद्ध छ र यहाँको खानाको संस्कृतिलाई अतिरिक्त आर्कषणका रूपमा लिन सकिन्छ। श्रमिक वर्गका रूपमा मानिने १५ देखि ५९ उमेरको जनसङ्ख्या करिव ५६.९ प्रतिशत रहेको छ। उनीहरूलाई कृषि र औद्योगिक क्रियाकलापहरूमा संलग्न गराएर प्रदेशले जनसाङ्ख्यिक लाभको फाइदा लिनेछ। प्रदेश सरकारले परिकल्पना गरेको समृद्धि हासिल गर्न स्वास्थ्य र शिक्षाका साथै सीप विकासलाई संरचनागत रूपान्तरणको आवश्यकता हुनेछ (रेखाचित्र ११)।

**रेखाचित्र ११: गण्डकी प्रदेशमा समृद्धिका पाँच मुख्य सहयोगीहरू**




*स्रोतः गण्डकी प्रदेश स्थिति पत्र*

**रेखाचित्र १२: रूपान्तरणकारी कार्यक्रम/आयोजनाहरू**

| पूर्वाधार (दिविल ९) | कृषि र सिचाईं (दिविल २) | उर्जा र उद्योग (दिविल ७ र ९) | शिक्षा र नवप्रवर्तन (दिविल ३, ४ र ५) |
|---|---|---|---|
| ▪ पोखरा अन्तराष्ट्रिय बिमानस्थल<br>▪ कोरला, पोखरा, त्रिबेणी लोकमार्गको निर्माण<br>▪ पृथ्वी लोकमार्गको चार लेनमा स्तर बृद्धि<br>▪ सिद्धार्थ लोकमार्गको चार लेनमा स्तर बृद्धि<br>▪ पोरखा दुम्कीवास द्रुतमार्गको निर्माण<br>▪ पोखरा महानगरपालिकामा रिङ्गरोड निर्माण<br>▪ पोखरा महानगरपालिका संग जोडिएका सेटलाइट सहर जस्तै सुक्लागण्डकी, कुस्मा, पुतलिबजार र मध्यनेपाल बिचको सडक सम्बन्ध बिस्तार | ▪ भूमिगत पानी र लिफट सिचाई<br>▪ कृषि प्रशौधन उद्योगको स्थापना<br>▪ मोडल कृषि फर्मको विकास<br>▪ एक पालिका एक कोल्डरुम कार्यक्रम<br>▪ एक पालिका एक स्थानीय उत्पादन कार्यक्रम<br>▪ नदी किनार र टाहरूमा सिचाइ बिस्तार<br>▪ पशुदाना उद्योगको स्थापना र संञ्चालन<br>▪ उन्नत पशुपालन<br>▪ गण्डकी गाई फार्म | ▪ प्रदेश स्तरिय औद्योगिक क्षेत्रको स्थापना<br>▪ प्रत्येक पालिकामा एक उद्योग ग्रामको स्थापना<br>▪ २९ वटा निर्माणधिन र ४५ वटा अध्ययनरत बिद्युत आयोजनाहरूको निर्माण<br>▪ कृषि प्रशोधन र खनिज उद्योगहरूको स्थापना<br>▪ नवलपुरको धोवादीमा फलाम कारखानाको स्थापना<br>▪ स्यांजा, तनहुं र नवलपुरमा सिमेन्ट उद्योगको स्थापना | ▪ गण्डकी बिश्व बिद्यालयको स्थापना<br>▪ गण्डकी प्राबिधिक प्रतिष्ठानको स्थापना<br>▪ अन्तराष्ट्रियस्तरको खेलकुद रङ्गशालाको निर्माण<br>▪ गण्डकी बिज्ञान तथा प्रबिधि प्रतिष्ठानको स्थापना<br>▪ माध्यमिक बिद्यालयमा बिज्ञान बिषयको पढाइ बिस्तार |

*स्रोतः गण्डकी प्रदेश स्थिति पत्र*

प्रदेशले परिकल्पना गरेको रूपान्तरणकारी आयोजनाहरूमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, पृथ्वी तथा सिद्धार्थ लोकमार्गको चार लेनमा विस्तार, पोखरा महानगरपालिकामा चक्रपथ र पोखरा देखि त्रिवेणीसम्म द्रुतमार्गको निर्माण जस्ता ठूला आयोजनाहरू समावेश छन् । यी आयोजनालेहरूले दिविल ९ मा गर्ने योगदानले विद्यमान यातायात पूर्वाधारलाई सुदढ बनाउने र दिविल ७ मा पर्ने गण्डकी औद्योगिक क्षेत्र जस्ता अन्य परियोजनाहरूका परिणामहरूलाई थप बल पुऱ्याउने काम गर्नेछन । पूर्वाधार, कृषि र उद्योगमा रहेका आयोजनाहरूका लागि आवश्यक उर्जा र शिक्षा (दिविल ७ र ४) को स्रोत तनहुं जलविद्युत, बुढीगण्डकी जलविद्युत, उत्तरगंगा जलविद्युत, गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षालयजस्ता आयेजनाहरूवाट पुर्ति हुनेछन् ।

समग्रमा प्रदेश द्रुत गतिमा शहरीकरणतर्फ अघि बढिरहेको छ; जसमा हालको शहरी जनसङ्ख्या वृद्धि प्रति वर्ष ३.४ प्रतिशत रहेको छ । यो वृद्धि राष्ट्रिय जनसङ्ख्या वृद्धिको तुलनामा झण्डै तेब्बर हो । प्रदेशमा ११ प्रतिशत भन्दा बढी घरपरिवारहरू खरले छाएको घरमा बस्छन् भने धारामार्फत आपूर्ति गरिएको खानेपानीमा पहुँच हुनेको सङ्ख्या ३३ प्रतिशत भन्दा तल छ । समृद्धि हासिल गर्न र शहरीकरण प्रक्रियामा गुणस्तर कायम गर्न चुनौतीहरू विद्यमान छन् (जस्तैः गुणस्तरमा सुधार गरी हरेक घरपरिवारमा धारामार्फत खानेपानीको आपूर्ति गरी प्रदूषण हटाउने र खानेपानीको पहुँचमा रहेको भिन्नता न्यून गर्ने) साथै, जनसङ्ख्याको ठूलो अंशमा अझैपनि आधुनिक सरसफाई र ढलनिकासको व्यवस्था हुनसकेको छैन । उपयुक्त ढलनिकासको व्यवस्थामा पहुँचसहित सबै घरपरिवारहरूमा आधुनिक शौचालय निर्माणकार्यको विस्तार गर्ने चुनौती रहेको छ ।

शहरी क्षेत्रमा रूपान्तरण हुने स्थानीय समुदायहरूको आकाङ्क्षा लाई दृष्टिगत गर्दा आधारभूत पूर्वाधारको सेवालाई सर्वव्यापी वा कम्तीमा पनि दोब्बर बनाउनका लागि ठूलो स्रोतको आवश्यकता पर्छ, र प्रदेशको एकल स्रोतले मात्र त्यो सम्भव छैन । त्यसैकारण, शहरी विकासमा निजी लगानीले प्रमुखता पाउनेछ । साथै, पूर्वाधारको विकास गर्दा अपाङ्गमैत्री बनाउनेतर्फ पनि पर्याप्त ध्यान दिईनेछ । सर्वसुलभ, भरपर्दो, दिगो र आधुनिक उर्जामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कार्यले गरिबी न्यूनीकरण, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, रोजगारी सिर्जना, औद्योगिकीकरण र जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।



गण्डकी प्रदेशले ७५९ वडाहरूलाई स्थानीय तहका वृद्धि विन्दुका रूपमा, ८५ पालिका सदरमुकामहरूलाई नगरस्तरीय वृद्धि केन्दका रूपमा र ११ जिल्ला सदरमुकामहरूलाई जिल्लास्तरीय वृद्धि केन्द्रका रूपमा विकसित गर्नेछ, र पोखरालाई प्रादेशिक राजधानी र प्रदेशस्तरीय वृद्धि केन्द्रका रूपमा विकास गर्नेछ। यी प्रयासहरूले प्रदेश भित्र सन्तुलित विकासको अनुगमन गरी त्यसलाई निरन्तरता दिन मद्दत गर्नेछ। यो नवीन लक्ष्यलाई हासिल गर्न यसले पूर्व-पश्चिम र उत्तर-दक्षिण यातायात मार्गहरू अनुरूप आठ वटा विकास अक्षरेखाहरूको विकास गर्नेछ। मुख्य विकास अक्ष(corridor)हरू देहायअनुसार रहेका छन्ः

- मुङ्लिङ्ग, डुम्रे, पोखरा, कुश्मा, बाग्लुङ, बुर्तीबाङ्ग विकास अक्ष।
- पोखरा, पुतलीबजार, वालिङ, गलाङ्ग, चापाकोट विकास अक्ष।
- कोरला, जोमसोम, बेनी, कुस्मा, पोखरा, भिमाद, डेढगाँउ, दुम्कीवास, त्रिवेणी विकास अक्ष।
- अरमादी, सेतीबेनी, मिर्मी, रुन्द्रविदी, राम्दी, चापाकोट, गैंडाकोट, कवासोती, सालिग्राम विकास अक्ष।
- डुम्रे, धारापानी, ठोर्चें, रुइलाभन्ज्याङ विकास अक्ष।
- बेनिघाट, आरुघाट, श्रीर्दिवास, रुइलाभन्ज्याङ विकास अक्ष।
- पोखरा महानगरपालिका वरिपरि रिङरोड विकास अक्ष।
- पोखरा महानगरपालिका वरिपरी स्याटेलाईट शहर जस्तैः शुक्लगण्डकी, पुतलीबजार, कुश्मा, मध्य नेपाल विकास अक्ष।

पूर्वतयारी कार्यसहित विपद् जोखिम न्यूनीकरण क्रियाकलापहरूमा प्रदेशले बढी ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको छ। जोखिम समीक्षासम्बन्धी स्वतस्फूर्त क्रियाकलापहरू, र त्यसपछि हुने न्यूनीकरण क्रियाकलापहरूलाई उच्च प्राथमिकता प्रदान गरिनेछ। अतिरिक्त वित्तीय तथा मानवस्रोत आवश्यक हुने अनुमान गर्न नसकिने विपद्हरूका लागि प्रदेशले आपतकालीन योजना बनाउनेछ। दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन गर्दा विपद्हरूको सम्बोधन गरिनेछ र त्यसले दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन विधिलाई अवरोध सिर्जना गर्नेछैन।

यसैगरी, सहजै प्रभाव देखिने विपद्को तत्काल आगमनका अतिरिक्त, दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा जलवायु परिवर्तनलाई ध्यान दिनु त्यक्तिकै महत्वपूर्ण हुन्छ। उदाहरणका लागि, जलवायु परिवर्तनले अझ गम्भीर बनाएको सुख्खाले कृषि, जीविकोपार्जन, खानेपानीमा पहुँच, परिवारहरूको खाद्य सुरक्षा, महिला तथा बालबालिका, विशेषगरी सीमान्तकृत समुदायका र ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूको पोषणको अवस्थामाथि दीर्घकालीन प्रभाव पार्दछ। त्यसैकारण, दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन र बजेट विनियोजन गर्दा जलवायु परिवर्तन र यसका प्रभावहरूबारे पर्याप्त योजना बनाइनेछ। यसका साथै, विपद्हरूको लागि आपतकालीन योजना पनि तयार छ र जसका लागि वित्तीय तथा मानव स्रोतहरू आवश्यकता पनि पहिचान गरिएका छन्।

## ४.४ साझेदारी

सङ्घीय सरकार र प्रदेशबीच साझेदारीः प्रादेशिक योजनाको कार्यान्वयनलाई प्रोत्साहन गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्न सङ्घीय सहायता वृद्धि गर्नु महत्वपूर्ण छ । प्रतिबद्धता, स्रोत उपलब्धता र एजेण्डालाई अगाडि लैजाने तत्परताका बावजुद क्षमताका सीमितताहरूले दिविलहरूको प्राप्तिमा व्यवधान खडा नभएको सुनिश्चित गर्न संघ सकारसँगको सहकार्यलाई थप सुदृढ बनाइनेछ । त्यसैकारण दिविल तर्जुमा र कार्यान्वयन समावेश भएको प्रादेशिक विकास रणनीतिमा सङ्घीय सरकारको सहयोगमा हुने क्षमता विकास कार्यक्रम एउटा महत्वपूर्ण अंशको रूपमा रहनेछ । संस्थागत, भौतिक साधन, सूचना प्रविधि र मानवसंशाधनसम्बन्धी क्षमताका अभावहरूलाई सम्बोधन गरिन्छ, विधि र प्रक्रियालाई सङ्घ र प्रदेशबीच सुव्यवस्थित गरिनेछ । सङ्घ र प्रदेशका प्राथमिकता प्राप्त आयोजना र कार्यक्रमहरूले दिविलहरूलाई साकार पार्न एकअर्कालाई परिपूरण गर्ने काम गर्नेछन् ।

प्रदेश र स्थानीय सरकारबीच साझेदारीः नयाँ शासकीय स्वरूपअन्तर्गत दिगो विकासका लक्ष्यहरू हासिल गर्न स्थानीय सरकार र प्रदेश सरकार बीच स्पष्ट सन्तुलन कायम गर्नु ज्यादै महत्वपूर्ण हुनेछ । यसका लागि प्रदेश सरकारले आवश्यक समन्वय र सहकार्य गर्नेछ । स्थानिय सरकारबाट पनि समन्वय र सहकार्यको अपेक्षा गरिन्छ ।

सार्वजनिक, निजी र जनता (समुदायहरू) बीच साझेदारीः दिविलहरूमा विविध समूहका परिमाणात्मक लक्ष्य तथा क्रियाकलापहरू रहेका छन् जसका लागि ठूलो धनराशी आवश्यक हुन्छ । दिविलहरू हासिल गर्न यस प्रदेशलाई वार्षिक रूपमा रु २०४ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ । त्यसैकारण, गण्डकी प्रदेशको सरकारले निजी तथा सामुदायिक क्षेत्र जस्ता गैरसरकारी साझेदारहरूलाई संलग्न गराएर लगानीको परिधिलाई विस्तार गर्नेछ । यसको अर्थ दिविलहरूको कार्यान्वयन र आर्थिक प्रायोजनको जिम्मेवारी सार्वजनिक, निजी र जनताबीचको त्रिपक्षीय साझेदारीमाथि रहनेछ । यहाँ विशेषगरी समुदायहरूका लागि, साझेदारी भन्नाले स्रोतको साझेदारी मात्र नभई कार्यान्वयन र प्रशासन भन्ने पनि बुझिन्छ ।

आर्थिक रूपमा सक्षम घरपरिवारहरूले त्यसलाई गोजी खर्चभन्दा बाहिरको रूपमा (Out of pocket expenditure) प्रायोजन गर्न सक्छन् । गैरसरकारी संस्था, सहकारी र सामुदायिक क्षेत्रले सामुदायिक स्तरमा स्रोत परिचालनमार्फत केही दिविलहरूको आर्थिक प्रायोजन गर्न सक्छन् । उनीहरूले समुदायको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरूमा रोजगारी सिर्जना गरेर हस्तक्षेप गर्नुपर्छ, जस्तैः घर निर्माण, सामुदायिक कृषिजन्य उत्पादनमार्फत खाद्य सुरक्षा, सामुदायिक स्वास्थ्य, सामुदायिक वित्त, र सामुदायिक तथा वैज्ञानिक वन व्यवस्थापन जस्ता वातावरणीय सुरक्षा । यसका साथै समुदायहरूको ठोस नैतिक स्वामित्वले परियोजनाको कार्यान्वयनमा आउने व्यवधानहरूलाई कम गर्न मद्दत गर्नेछ ।

निजी क्षेत्रले स्वदेशी बजारका साथै वैदेशिक लगानीमार्फत पनि शेयर र ऋण परिचालन गर्नसक्छ । साथै, निजी क्षेत्रले दिविलहरूको प्राप्तिमा योगदान गर्नसक्ने तरिका भनेको उनीहरूले लगानी गर्ने नमुना व्यवसायमा हो, जसलाई विकासका लक्ष्यहरूको सन्दर्भमा विगतको परोपकारी अभ्यासहरूभन्दा उल्लेखनीय परिवर्तनका रूपमा

**दिविलहरू हासिल गर्न यस प्रदेशलाई वार्षिक रूपमा रू २०४ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ ।**

हेरिनेछ। उदाहरणका लागि, निजी क्षेत्रले मूल्य सिर्जना गर्ने क्रियाकलापहरूका लागि आन्तरिक स्रोत परिचालन गरेर गरिबका लागि सहयोगी आर्थिक वृद्धिलाई द्रुतता दिन काम गर्नसक्छ। मूल्य थप हुने (value addition) क्रियाकलापमा लगानीले रोजगारी सिर्जना र उद्यम विकासलाई सहयोग पुग्नसक्छ। निजी क्षेत्रले पर्यटनसँग सम्बन्धित सामग्री र खाद्यजन्य वस्तुहरूको व्यापार व्यवसायमा लाग्न सक्छ, जसबाट रोजगारी र जीविकोपार्जन प्रोत्साहित हुन जान्छ। साथै, यस क्षेत्रले सामाजिक सुरक्षाका नवीन समाधानहरू ल्याएर, सामाजिक सुरक्षाका कवचका लागि काम गरेर, र निजी-सार्वजनिक साझेदारीमार्फत पूर्वाधारमा लगानी गरेर सरकारसँग साझेदारी गर्नसक्छ। त्यसका अतिरिक्त उनीहरू प्रत्यक्ष रूपमा लघुवित्तसहितको वित्तीय सेवाहरूमा र बाह्य वित्तीय स्रोतको परिचालनमा संलग्न हुनसक्छन्। त्यसैले एकातर्फ निजी क्षेत्रले रोजगारी, जीविकोपार्जन र आधारभूत सेवासुविधाहरूमा पहुँचमार्फत दिगो विकासलाई द्रुत गति प्रदान गर्न सहयोग गर्नसक्छ भने अर्कोतर्फ यसले लगानी भित्राउन सक्छ, सक्षमता हासिल गरी कार्यान्वयन प्रक्रियाको खर्च कम गर्नसक्छ। (रेखाचित्र १३)

**रेखाचित्र १३: दिविलहरूमा निजी क्षेत्र**






**गण्डकी प्रदेशले विद्युतीय शासन (इ-गर्भनेन्स्) लाई लागू गरेर शासकिय प्रणालीलाइ सुदृढ गर्ने योजना बनाइरहेको छ ।**

## ४.५ शान्ति (दिविल १६)

समृद्धि र खुशीको पूर्व शर्त शान्ति हो, जसले समग्रमा मनोवैज्ञानिक र वित्तीय सुखको आधार निर्माण गर्छ । शान्ति र मनोवैज्ञानिक सुख गण्डकी प्रदेशमा घरपरिवारको स्तरबाट सुरु हुनुपर्छ । यो किनभने अन्य प्रदेशहरूको तुलनामा यो प्रदेशमा लैङ्गिक हिंसा (सार्वजनिक भएको र नभएको) का घटनाहरू कमी छन् ।[१४] प्रदेशले आफ्नो योजनामा शान्ति र असल शासनको मूल्यलाई गहिरो रूपमा प्रतिबिम्बित गरेको छ । यो दिविलहरूका लागि विशेष महत्वको छ किनभने मानवअधिकार, समानता र समता, समावेशीकरण, ऐक्यवद्धता, बहुलता र जनता र आफू बस्ने वातावरणका लागि सम्मानका मूल्यमान्यता बिना असल शासन र शान्ति प्रत्याभूत गर्न सकिँदैन ।

न्यायमा पहुँच सुधार गर्ने ठूलो सम्भावना छ, किनभने संविधानले स्थानीय स्तरका विभिन्न विवादहरू समाधान गर्न स्थानीय सरकारलाई अर्धन्यायिक अधिकार प्रदान गरेको छ । नगरपालिकाको उपप्रमुख र गाउपालिकाका उपाध्यक्षले न्यायिक समितिको संयोजकको रूपमा काम गर्छन् । न्यायिक समितिहरूले सीमा, पानीको वितरण, बाँकी ज्याला, घरभाडा, बालीमा नोक्सान र अन्य धेरै विषयसँग सम्बन्धित मुद्दाहरू हेर्ने, र समाधान गर्ने गर्छन् । पहुँचमा कठिनाई वा जटिल विधिका कारण औपचारिक अदालतहरूबाट न्याय असफल भइरहेको अवस्थामा स्थानीय सरकारको हातमा न्यायले महिला, बालबालिका र वृद्धवृद्धा विरुद्ध हुने हिंसालाई कम गर्नसक्छ । स्थानीय न्याय समिति र विस्तारित समुदायको नेतृत्वमा सञ्चालन भइरहेको मेलमिलाप कार्यक्रमबीचको सहकार्यले बृहत शान्ति निर्माणका प्रयासहरूमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

असल शासनले पारदर्शिता, जवाफदेहिता र सक्षमताको माग गर्छ । साथै, आयमा असमानता उच्च रहेको अवस्थामा आर्थिक वृद्धिले गरिबी न्यूनीकरण गर्न पर्याप्त मद्दत गर्दैन । राज्यका नीति तथा कार्यक्रमहरूमाथि टाठाबाठाहरूले लगातार कब्जा जमाएपछि स्रोत र अवसरका साथै "आवाज"मा पनि गरिबको पहुँच कम हुन्छ र विकास प्रक्रियाबाट बहिष्कृत हुन पुग्दछन । त्यसैकारण दिविलहरूले न्याय र शान्तिमा पहुँच र असल शासनमा बढी चासो देखाएका छन् । असल शासन र न्याय तथा शासनमा समुदायहरूको संलग्नता विना प्रदेशले शान्ति, र मानव विकास तथा गरिबी न्यूनीकरणमा दिगो प्रगतिको आशा पनि गर्न सक्दैन । यस सन्दर्भमा गण्डकी प्रदेशले विद्युतीय शासन (इ-गर्भनेन्स्) लाई लागू गरेर शासकिय प्रणालीलाइ सुदृढ गर्ने योजना बनाइरहेको छ ।

[१४] *गण्डकी प्रदेश प्रोफाइल, प्रदेश नीति तथा योजना आयोग, २०१८*

## ४.६ गण्डकी प्रदेशका लागि पहिचान गरिएका लक्ष्य अनुसारका अवसर तथा चुनौतीहरू

तल सङक्षपीकरण गरिए जस्तै लक्ष्य अनुसारका अवसर र चुनौतीहरूको झलकः

**तालिका २ः दिविल लक्ष्य अनुसार अवसर र चुनौतीहरू**

| दिगो विकास लक्ष्य | अवसरहरू | चुनौतीहरू |
|---|---|---|
| **दिविल १** | विभिन्न क्षेत्रहरूबीच अन्तरसम्बन्ध स्थापना गर्ने, र गरिबी न्यूनीकरणलाई परिणामका रूपमा लक्षित गर्ने । | गरिब घरपरिवारको पहिचान गर्ने र लक्षित कार्यक्रम बनाउने । |
| **दिविल २** | प्रदेश, स्थानीय सरकार र समुदायहरूबीच त्रिपक्षीय सम्बन्धमा थप काम गर्ने अवसर छ ।<br><br>जस्तैः स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न समुदायहरू र गैससहरूलाई आमन्त्रण गर्ने ।<br><br>प्रादेशिक नीति तथा योजनामा बहुक्षेत्रीय पोषण योजना दोस्रो ।<br><br>प्रादेशिक तहमा बहुक्षेत्रीय पोषण योजनाको प्रशासन संयन्त्र सुदृढ गर्ने ।<br><br>प्रादेशिक तहमा बहुक्षेत्रीय पोषण योजना दोस्रो संस्थागत संयत्र क्रियाशील गर्ने ।<br><br>सबै बहुक्षेत्रीय पोषण योजना दोस्रोमा अद्यावधिक सूचना व्यवस्थापन प्रणाली क्रियाशील गर्ने । | महिला र बालबालिकासहित कुपोषित व्यक्तिहरूको पहिचान गर्ने ।<br><br>बहुक्षेत्रीय पोषण कार्यक्रमको पहुँच समुदाय र स्थानीय स्तरमा व्यापक बनाउने चुनौती रहेको छ । पूर्व नवपरासी, मुस्ताङ, म्याग्दी, गोर्खा र बाग्लुङ भित्रका गाउँ समुदायहरू केही यस्ता क्षेत्रहरू हुन् जहाँ कुपोषणको अवस्था बढी व्यापक रहेको विश्वास गरिन्छ । |
| **दिविल ४** | माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, सबै तहमा गुणस्तर बढाउने, सीपमा आधारित शिक्षा प्रणाली, विद्यालय बीचमै छाड्ने दर कम गर्ने । शिक्षक तालिम संस्था स्थापना गर्ने, तालिमप्राप्त र सक्षम शिक्षकहरूको उपलब्धता सुनिश्चित गर्ने ।<br><br>साधारण शिक्षालाई प्राविधिक र व्यावसायिकमा रूपान्तरण गर्ने ।<br><br>१० जोड २ मा रहेकाहरूलाई व्यावसायिक तालिम संस्थाहरूमा एकिकृत गर्न सकिन्छ । | मुख्य चुनौती पाठ्यक्रममा विविधता सुनिश्चित गर्नु र सीपहरूलाई औद्योगिक मागसँग मेल गराउनु रहेको छ ।<br><br>शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउनु र सिकाई एक अवसर हो ।<br><br>गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक प्रतिष्ठान बाट दक्ष मानव संशाधनको उत्पादन गर्ने । |
| **दिविल ५** | सूचना प्रविधिले महिलाको स्वतन्त्रता र सशक्तीकरणका लागि नयाँ क्षितिज प्रदान गरेको छ । | साँस्कृतिक तथा मनोवैज्ञानिक प्रवृत्तिहरूले महिला सहभागितामा क्रान्तिकारी परिवर्तन सम्भव हुन नदिन सक्छ ।<br><br>महिलाहरूले खुला रूपमा परिस्थिति विरुद्ध लड्न नसक्ने ।<br><br>समग्रमा लैङ्गिक अनुरूपता कायम गरिएपनि, सामुदायिक विद्यालयहरूमा अझै पनि छात्राहरूको भर्नादर छात्रको भन्दा बढी छ ।<br><br>प्राविधिक शिक्षामा महिलाहरूको भर्ना दर पुरुषहरूको तुलनामा कम छ । |

*तालिका २ः क्रमशः*

<table>
<tr><th>दिगो विकास लक्ष्य</th><th>अवसरहरू</th><th>चुनौतीहरू</th></tr>
<tr><td>दिविल ६</td><td>मर्मतसम्भारको अभावमा उपेक्षित रहेको खानेपानी आपूर्ति प्रणालीलाई पुनर्स्थापित गर्ने ।<br><br>संघीय खानेपानी आपूर्ति तथा सरसफाइ मन्त्रालय अनुसार खुला दिसामुक्त क्षेत्रको मापदण्ड पूरा गरिसकेको प्रदेशहरूमध्ये एक गण्डकी प्रदेश हो ।</td><td>प्रदेशमा खानेपानी आपूर्ति परियोजनाहरूलाई पुनर्स्थापित र नियमित गराउन स्थानीय नागरिकहरूबाट आर्थिक योगदान सङ्कलन गर्ने ।<br><br>खानेपानी तथा सरसफाइ सबै तीन तहको सरकारहरूको प्राथमिकताको सूचीमा रहेको छ । यसले ती लक्ष्यहरूलाई हासिल गर्न कार्यक्रमहरूलाई प्राथमिकता प्रदान गर्ने अवसर प्रदान गर्छ ।</td></tr>
<tr><td>दिविल ७</td><td>मर्स्याङ्दी, बुढीगण्डकी र कालीगण्डकी प्रसारण लाइनको निर्माणले जलविद्युत विकास र लगानीका लागि ठूलो अवसर सिर्जना गर्छ । सैद्धान्तिक रूपमा कुल जलविद्युत क्षमता २० हजार मेगावाट मापन गरिएको छ ।<br><br>वैदेशिक तथा स्वदेशी लगानीकर्ताहरूबाट लगानीको ठूलो सम्भावना ।<br><br>सार्वजनिक-निजी साझेदारीले जलाशययुक्त ठूला जलविद्युत विकासका लागि लगानीका अवसरहरू प्रोत्साहित गर्नसक्छ ।<br><br>विश्वले सवारी साधनहरूका लागि यूरो भिआई उत्सर्जन मापदण्ड घोषणा गरेको छ र यसले गण्डकी प्रदेशलाई वातावरणमैत्री उपभोग नीति अवलम्बन गर्ने पर्याप्त अवसर दिएको छ ।</td><td>करिव २५.६ प्रतिशत घरपरिवार खाना पकाउनका लागि एलपीजी ग्यासको प्रयोग गर्छन् । कुल विद्युत उपभोगमा करिव ०.०१ प्रतिशत यातायातमा उपभोग हुन्छ र हाल प्रदेशले भारतबाट आयातित इन्धनसमेत प्रयोग गर्दछ ।<br><br>विद्युत उपभोगको व्यवहारमा परिवर्तन गरी विद्युतको प्रयोगलाई प्रोत्साहित गर्नु रहेको छ ।</td></tr>
<tr><td>दिविल ८</td><td>राजनीतिक स्थिरता र लगानीमैत्री वातावरणको निर्माण गर्ने प्रतिबद्धता ।<br><br>गैरआवासीय नेपालीहरूबाट लगानी ।<br><br>उर्जाले समृद्ध भूगोलका कारण प्रदेशका लागि राजश्व बढाउने पर्याप्त ठाउँ छ ।<br><br>विप्रेषणलाई उत्पादक क्षेत्रमा परिचालन गर्ने अवसरहरू ।</td><td>गण्डकी प्रदेशको आर्थिक विकासका लागि प्रादेशिक राजश्वको दिगो र प्रभावकारी उपयोग ।<br><br>उपयुक्त राजश्व परिचालन प्रणालीको अभावमा स्थानीय र प्रादेशिक तहबीच दोहोरोपनाको सम्भावना ।<br><br>सङ्घीय प्रणालीको उपयुक्त संयोजनमा वैदेशिक सहायतालाई प्रभावकारी रूपमा परिचालन गर्नु चुनौती रहेको छ ।<br><br>प्रदेशको अद्वितीय भूस्थानिक (geospatial) विशेषताले गर्दा वित्त र बजारमा जनताको दिगो पहुँच सुनिश्चित गर्नु चुनौतीपूर्ण छ ।<br><br>युवा समुदायका लागि रोजगारीका अवसरहरू सिर्जना गर्नु र गुणस्तरीय पूर्वाधार विकासका लागि स्रोतहरूको व्यवस्थापन गर्नु ।<br><br>वित्तीय संस्थाहरूमा लगानीयोग्य रकमको अभाव ।<br><br>सीमित राजश्व परिचालनले आवश्यक स्रोत परिचालनमा थप चुनौती खडा गरेको छ ।<br><br>देशको बढ्दो व्यापार घाटा प्रदेशकै व्यापार घाटाको एउटा प्रतिबिम्व हो । आयात कम गरेर प्रदेशका निर्यातमुखी उद्यो गहरूको प्रवर्द्धन गर्नु चुनौती रहेको छ ।</td></tr>
</table>

*तालिका २: क्रमशः*

| दिगो विकास लक्ष्य | अवसरहरू | चुनौतीहरू |
|---|---|---|
| | | देशको तुलनामा गण्डकी प्रदेश गरिबीको सूचीमा तल भएपनि प्रदेशका ग्रामीण क्षेत्रहरूमा चरम गरिबी छ।<br>रोजगारीका लागि सम्मान प्रवर्द्धन् गर्ने। |
| **दिविल ९** | लगभग ६१ प्रतिशत जनसङ्ख्या नगरपालिकामा मा रहेको हुनाले योजनावद्ध शहर र वस्तीविकासका लागि यो अवसर हो। | प्रदेशका गाउँहरूमा सडक पहुँच चुनौतीका रूपमा रहेको छ।<br>कमजोर अनुसन्धान र प्रमाणमा आधारित पूर्वाधार आयोजनाहरू। त्यस्ता प्रयासहरूलाई दिगो बनाउन आवश्यक क्षमताको अभाव चुनौतीका रूपमा रहेको छ। |
| **दिविल ११** | शहरीकरणले बढी अवसरहरूको सिर्जना गर्छ। | सडकको गुणस्तरमा सुधार, ढल निकासको व्यवस्था, दिगो फोहोर व्यवस्थापन, शतप्रतिशत जनतामा विद्युतको बिस्तार।<br>करिव ६० प्रतिशत वस्तीहरू शहरी विशेषता अनुरूप छैनन्।<br>बुर्तीबाङ्ग, बाग्लुङ र डुम्रे, तनहुँमा नयाँ शहरहरूको निर्माणका लागि अर्थको व्यवस्थापन चुनौतीका रूपमा रहेको छ। |
| **दिविल १२** | भौगोलिक र जैविक विविधता।<br>अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणले कृषिजन्य उपजहरूको अन्तर्राष्ट्रिय बजारमा निर्यात सम्भव बनाउन मद्दत गर्नेछ।<br>बजारमा पहुँच, यातायातमा सहजताले कृषिमा ठूलो अवसर सिर्जना गर्नसक्छ।<br>मुख्यमन्त्री वातावरणमैत्री कृषि कार्यक्रम<br>कृषि र कृषि पर्यटनमा बढ्दो आर्कषण। | तरकारी र धानको उत्पादनले मात्र प्रदेशको खाद्यान्न घाटाको पूर्ति गर्दैन।<br>न्यून उत्पादकत्व र दिगो जीविकोपार्जनमा रहेका चुनौतीहरूले आप्रवासनलाई प्रोत्साहित गरेको छ, जसले गर्दा उत्पादक क्षेत्रमा उद्यमीहरूको सङ्ख्या न्यून छ।<br>यसले प्रदेशमा बाँझो र प्रयोगहीन जग्गाको अनुपातलाई थप बढाउने काम गरेको छ।<br>कृषिलाई जीवनयोग्य व्यवसायका रूपमा पुनर्स्थापित गराउनु चुनौतीपूर्ण रहेको छ।<br>कुपोषित समुदायहरूको वास्तविक अवस्थाको आंकलन गरी सन्तुलित भोजन सुनिश्चित गर्नु चुनौती रहेको छ। |

*स्रोतः गण्डकी प्रदेश स्थितिपत्र, २०१९*

## ४.७ लक्ष्य अनुरूपको कार्यक्रम, कार्यक्षेत्र तथा जिम्मेवार निकायहरू

गण्डकी प्रदेशले आफ्नो समग्र विकासका लागि कार्यसूचीको पहिचान गरी प्राथमिकता निर्धारण गरेको छ। यसले दिविलहरूलाई प्रादेशिक तहमा स्थानीयकरण गरी आफ्नो पहिलो पञ्चबर्षीय विकास योजना तयार गरेको छ। एजेण्डा २०३० को स्थानीयकरणले राष्ट्रिय एजेण्डाको प्राप्तिमा पनि योगदान गर्ने अपेक्षा गरिएको छ। प्रदेशको नेतृत्वमा सञ्चालन हुने कार्यक्रमहरूको निर्माण गर्दा गण्डकी प्रदेशले महत्वकांक्षी राष्ट्रिय योजनालाई आत्मसाथ गरेको छ, र प्रादेशिक प्राथमिकतालाई राष्ट्रिय प्रतिबद्धतामा समाहित गरेको छ। तलको तालिकामा महत्वपूर्ण भावी कार्यक्रमहरू[१५] र त्यसका लागि जिम्मेवार निकायहरू संक्षेपमा प्रस्तुत गरिएको छः

[१५] *केही मुख्य कार्यक्रमहरू राष्ट्रिय योजना आयोगले दिविल खर्च तथा वित्त प्रतिवेदनमा खर्च आंकलन गरेकाबाट लिइएका हुन्। यसले प्रदेश र सङ्घीय सरकारबीच हुनसक्ने परिपूरक प्रयासहरूलाई सकेंत गर्न मद्दत गर्नेछ।*

**तालिका ३ : लक्ष्यअनुसारका कार्यक्रम क्षेत्र**

| लक्ष्य | कार्यक्रम क्षेत्र |
|---|---|
| १ | ✓ गरिब घरपरिवार पहिचान गर्ने ।<br>✓ सीमान्तकृत व्यक्तिका प्रयासहरू समाहित गर्नसक्ने व्यवसाजन्य वातावरणको प्रवर्द्धन् गर्ने ।<br>✓ सीमान्तकृत व्यक्तिहरूलाई स्थानीय पयर्टन क्रियाकलापहरूमा प्रत्यक्ष रूपमा सहभागी हुन प्रोत्साहित गर्ने र पर्यटनको स्थानीय अर्थतन्त्रसँग पश्च र अग्र सम्बन्ध स्थापित गर्ने । उनीहरूका परम्परागत सीपहरू प्रदर्शित गर्ने र उनीहरूलाई रोजगारीका लागि तालिम प्रदान गर्ने । सरकारद्वारा प्रवर्द्धित घरआवास (होमस्टे) पर्यटन र गरिबी न्यूनीकरणबीचको सम्बन्ध हो ।<br>✓ क्षेत्रमा आधारित लक्षित पूर्वाधार र सामाजिक परिचालन क्रियाकलापहरू ।<br>✓ विपद् जोखिम न्यूनीकरणका लागि निवारण र अनुकूलन योजना, अन्यथा त्यसले गरिबीलाई जन्म दिनसक्छ ।<br>✓ रोजगार व्यक्तिको रोजगारीको अवस्था, र आम्दानीको पहिचान गर्ने । सीपमा आधारित रोजगारी थालनी गर्ने ।<br>✓ सीमान्तकृत व्यक्तिहरूमाथि लक्षित लघुवीमा कार्यक्रम । |
| २ | ✓ कृषि उत्पादकत्व बढाउन मद्दत गर्नसक्ने कार्यक्रम सञ्चालन गर्ने । जस्तैः बिना शुल्क भाडामा लिने व्यवस्था, जसअन्तर्गत कृषकहरूले कृषिका लागि उपकरण र ट्र्याक्टर भाडामा लिन सक्छन्, र त्यसलाई खरिद गर्न आवश्यक हुँदैन ।<br>✓ बाली विशिष्टीकरणका लागि बालीको निश्चित पकेट क्षेत्र, ब्लक, जोन र सुपर जोनको प्रवर्द्धन् गर्ने ।<br>✓ उच्च उत्पादकत्व भएको वीउविजन पहिचान गर्ने र वीउविजनको आपूर्तिमा सुधार ल्याउने ।<br>✓ माटो परीक्षण र कृषिमा विविधता प्रवर्द्धन् ।<br>✓ कृषकहरूका लागि घरदैलो प्राविधिक सेवा ।<br>✓ सबैभन्दा सुविधाबाट बञ्चित समूहहरूका लागि खाद्य र पोषण सुरक्षामा सुधार ल्याउने र खाद्य अधिकारको सम्मान गर्ने ।<br>✓ कृषि शिक्षा प्रणालीको सुदृढीकरण ।<br>✓ सिचाइँको विस्तार र सुधार ।<br>✓ मल आपूर्ति तथा वितरण प्रणालीमा सुधार ।<br>✓ कृषिका लगि ग्रामीण सडक सञ्जाल विस्तार गर्ने ।<br>✓ साना तथा मध्यम कृषि-उद्यमहरूको प्रवर्द्धन् ।<br>✓ कृषक र कृषि उद्यमहरूका आवश्यकहरूप्रति संवेदनशील व्यवस्थाको विकेन्द्रीकरण र विस्तार ।<br>✓ मुख्यमन्त्री जलवायुमैत्री कृषि कार्यक्रममार्फत पोषक र नगदे बालीको प्रवर्द्धन् ।<br>✓ विकसित वीउविजन, बाली विविधीकरण र माटो स्वास्थ्य कार्डको थालनी ।<br>✓ निजी क्षेत्र र सामुदायहरूबाट लगानीका लागि गुणस्तरीय र उच्च मूल्य वीउबिजनको पहिचान गर्ने ।<br>✓ फलफुल सङ्कलन तथा वितरण केन्द्रको स्थापना ।<br>✓ सामूहिक तथा व्यावसायिक कृषिको प्रवर्द्धन् ।<br>✓ कृषि वीमा कार्यक्रम ।<br>✓ मोबाइल फोन प्रविधिमार्फत बजार सूचना सम्प्रेषण र कृषिको यान्त्रीकरणमा मद्दत गर्ने ।<br>✓ कृषिकहरूको उत्पादन विक्रीका लागि बजार केन्द्रको सुदृढीकरण ।<br>✓ तरकारी र फलफुलका लागि भण्डारण र शीत भण्डारको व्यवस्था ।<br>✓ छनौट गरिएका नगरपालिकाहरूमा आधुनिक र सुविधासम्पन्न पशुपालन र कुखुरापालन केन्द्रहरूको स्थापना गर्ने ।<br>✓ राज्यद्वारा सञ्चालित कार्यक्रममार्फत विद्यालय जाने बालबालिकाका लागि गुणस्तरीय दुध उपलब्ध गराउने ।<br>✓ नयाँ ऐनहरू तर्जुमा गर्ने, जस्तै चक्लाबन्दी र करार खेतीसम्बन्धी ऐन । |
| ३ | ✓ स्थानीय क्षेत्रमा पर्याप्त सङ्ख्यामा शैया रहेको अस्पतालहरूको व्यवस्था गर्ने ।<br>✓ हरेक वडामा स्वास्थ्य चौकी र प्रसुति केन्द्र । स्वास्थ्य, आमा तथा शिशु स्याहार केन्द्रका लागि पर्याप्त बजेट विनियोजन गर्ने ।<br>✓ ७५ वर्षमाथिका नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा ।<br>✓ सार्वजनिक र निजी स्वास्थ्य संस्थाहरूबीच साझेदारी ।<br>✓ स्वास्थ्य वीमाको पहुँच विस्तार गर्ने ।<br>✓ स्वास्थ्य प्रणाली र सेवा आपूर्ति संयन्त्रलाई सुदृढ गर्ने । |

*तालिका ३ : क्रमशः*

| लक्ष्य | कार्यक्रम क्षेत्र |
|---|---|
| ४ | ✓ बजारमा सीपको माग र विश्वविद्यालयका स्नातकबीच सम्बन्ध स्थापित गर्ने ।<br>✓ सबै पूर्वप्राथमिक र आधारभुत शिक्षाका शिक्षकहरूको लागि व्यावसायिक तथा ब्याबस्थापन सिप विकास तालिम।<br>✓ विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा कार्यक्रम ।<br>✓ युवाहरूलाई खेलकुद र उच्च प्राविधिक शिक्षामा प्रवर्द्धन् गर्ने ।<br>✓ विद्यालय जान प्रोत्साहित गर्न खाजा र सशर्त अनुदान प्रदान गर्ने ।<br>✓ युवा रोजगारी प्रवर्द्धन् गर्न प्राविधिक तथा व्यावसायिक विद्यालयहरूको स्थापना ।<br>✓ गरिब तथा सीमान्तकृत विद्यार्थीहरूका लागि छात्रवृत्ति कार्यक्रम ।<br>✓ शिक्षामा गुणस्तर नियन्त्रण ।<br>✓ मापदण्ड र मूल्यमान्यताहरूको विकास ।<br>✓ गण्डकी विश्वविद्यालयको स्थापना गर्ने र गण्डकी प्राविधिक संस्थानले औद्योगीकरणका लागि प्राविधिक मानवस्रोत उत्पादन गर्ने । |
| ५ | ✓ महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र तेस्रो लिङ्गी<br>✓ महिला सशक्तीकरण, कानुनहरू सही विधिमार्फत तर्जुमा गर्ने ।<br>✓ स्थानीय तहका पालिकाहरूले थालनी गरेको महिला सशक्तीकरण कार्यक्रमहरूलाई प्राविधिक सहायता प्रदान गर्ने ।<br>✓ व्यवहारजन्य भेदभाव उन्मूलन गर्ने । |
| ६ | ✓ खानेपानीका भरपर्दो स्रोतहरूको पहिचान गर्ने, र त्यसको उपयुक्त व्यवस्थापन सुनिश्चित गर्ने ।<br>✓ एक घरपरिवार एक सुरक्षित खानेपानीको धारा प्रदान गर्ने । |
| ७ | ✓ दुई वर्षभित्र सबै घरपरिवारलाई विद्युतमा पहुँच सुनिश्चित गर्ने ।<br>✓ केन्द्र, प्रदेश र स्थानीय तहबीच साझेदारी स्थापित गर्ने । भूमि व्यवस्थापन, निर्माण सामग्री र द्वन्द्व व्यवस्थापनका लागि समन्वय गर्ने ।<br>✓ बायोग्यास र विद्युतीय उर्जाको प्रयोग प्रवर्द्धन् गर्ने ।<br>✓ एक स्थान एक लघु जलविद्युत परियोजनाको प्रवर्द्धन् गर्ने ।<br>✓ विद्युतीय सवारी साधन र खाना पकाउने चुलोको प्रवर्द्धन् गर्ने ।<br>✓ ठूला जलाशययुक्त जलविद्युत र सौर्य उर्जा परियोजना प्रवर्द्धन् गर्ने । |
| ८ | ✓ श्रमप्रधान क्षेत्र जस्तैः कृषि, निर्माण, उत्पादन र पर्यटनमा रोजगारीको सिर्जना ।<br>✓ साना तथा मध्यम उद्यमको प्रवर्द्धन् र साना व्यवसायको वित्त सेवाहरूमा पहुँच बढाउने ।<br>✓ सीप विकास ।<br>✓ रोजगार सूचना प्रणाली ।<br>✓ बालश्रम उन्मूलन ।<br>✓ कार्यस्थलमा हुने चोटपटकबाट सुरक्षा ।<br>✓ कार्यस्थल सुरक्षा सुनिश्चित गर्ने । |
| ९ | ✓ सबै पालिका सदुमुकामलाई प्रदेश राजधानीसँग कम्तीमा पनि दुई लेनको सडकले जोड्ने ।<br>✓ प्रदेशको सबै निर्वाचन क्षेत्रमा कम्तीमा पनि एउटा उत्पादन सडक निर्माण गर्ने ।<br>✓ अपाङ्गमैत्री रणनीतिक सडक निर्माण गर्ने ।<br>✓ मर्मतसम्भार र सञ्चालन खर्चका लागि हरेक तहले १०% व्यवस्था गर्ने । |
| १० | ✓ श्रमिकहरूलाई न्यायसङ्गत र गैर भेदभावपूर्ण ज्याला<br>✓ रोजगारीका लागि समान अवसरमा लगानी<br>✓ प्रगतिशील कर प्रणाली |

*तालिका ३ : क्रमशः*

| लक्ष्य | कार्यक्रम क्षेत्र |
|---|---|
| ११ | ✓ शहरी सडक, नाली र ढल निर्माण<br>✓ पाइपद्वारा खानेपानीको आपूर्ति र ढलको व्यवस्था<br>✓ फोहोर सङ्कलन केन्द्र, बसपार्क, र अन्य शहरी पूर्वाधार<br>✓ गरिब, भूमिहीन, बञ्चित र सीमान्तकृत व्यक्तिहरूका लागि आवास<br>✓ साँस्कृतिक सम्पदा र पुरातत्व केन्द्रहरूको पुनर्निर्माण<br>✓ विपद् पूर्वतयारीको व्यवस्था<br>✓ नमूना स्मार्ट शहरहरूको स्थापना<br>✓ खुला स्थान, खेलकुद मैदान र सार्वजनिक उद्यानको निर्माण |
| १२ | ✓ सबै उत्पादन क्षेत्रमा कच्चा पदार्थको प्रयोगमा सक्षमता<br>✓ रसायन र फोहोरको बिजनेस एज युजुवल (BAU)मा व्यवस्थापन<br>✓ उर्जा किफायत<br>✓ प्रकृतिसँग सुहाउँदो जीवनशैली |
| १३ | ✓ उत्थानशीलता र अनुकूलन क्षमताको विकास<br>✓ सुधारमार्फत उत्सर्जनमा कमी<br>✓ जलवायुसम्बन्धी तथ्याङ्कको सुदृढीकरण<br>✓ पूर्वाधार परियोजनाहरूका लागि जलवायु प्रतिरोधी प्रविधि<br>✓ अनुगमन तथा मूल्याङ्कन, र तथ्याङ्क क्षमता सुदृढ गर्ने । |
| १५ | ✓ वन संरक्षण र जनतालाई आर्थिक लाभको दोहोरो रणनीति<br>✓ वैज्ञानिक वन व्यवस्थापन र जडीबुटी कृषि ।<br>✓ एक व्यक्ति एक फलफुलको वृक्षको अवधारणा प्रवर्द्धन् गर्ने ।<br>✓ समुदायको नेतृत्वमा वनस्रोतको व्यवस्थापन, राज्यको स्वामित्वमा रहेको जग्गामा फलफुल खेती ।<br>✓ वन, ताल, जलाधार, वन्यजन्तु, जैविक विविधता र भूमिको संरक्षण ।<br>✓ प्रतिस्थापन वृक्षरोपण<br>✓ राष्ट्रिय तथा स्थानीय योजना र विकास प्रक्रियामा पारिस्थिकीय प्रणाली र जैविकविविधतामा मान्यताहरूको एकिकरण<br>✓ जलाधारको संरक्षण |
| १६ | ✓ स्थानीयलाई मानवअधिकारका बारेमा जनचेतना<br>✓ न्यायमा पहुँच पुऱ्याउन स्थानीय तहसँग सहकार्य<br>✓ सेवा आपूर्तिमा सुधार<br>✓ योजना, बजेट तथा कार्यान्वयनका लागि क्षमता विकास<br>✓ आचरणजन्य निष्ठा र सेवा प्रवाह प्रभावकारिता सर्वेक्षण<br>✓ अनुगमन तथा मूल्याङ्कन का लागि राष्ट्रिय प्रोफाइलको विकास<br>✓ अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुदृढीकरण |
| १७ | ✓ आन्तरिक राजश्य र स्रोत परिचालनको सुदृढीकरण<br>✓ कर र अन्य राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्न सहयोग गर्ने<br>✓ वैदेशिक लगानीको परिचालन<br>✓ सार्वजनिक-निजी साझेदारीमा संलग्नता र नीति तर्जुमामा सहभागिता<br>✓ दिगो विकास लक्ष्यहरूको कार्यान्वयन र अनुगमन |

*स्रोतः गण्डकी प्रदेश आधारपत्र वा स्थिति पत्र २०७६*



# ५
अध्याय



# अनुगमन तथा मूल्याङ्कन

## ५.१ पाँच पीको अनुगमन तथा मूल्याङ्कन गर्न प्रादेशिक तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरणः

गण्डकी प्रदेशले सङ्घीय निकाय, प्रादेशिक संस्था र गाउँपालिका / नगरपालिकाहरूबीच उपयुक्त समन्वय संयन्त्रलाई संस्थागत गर्ने प्रभावशाली प्रादेशिक तथ्याङ्कीय प्रणालीमा आधारित ठोस अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नेछ। यसको उद्देश्य दिविल अनुगमन र राज्य शासनका लागि सही, सान्दर्भिक र सामयिक तथ्याङ्कहरूको नियमित आपूर्ति सुनिश्चित गर्नु रहेको छ। हाल, प्रदेशले शिक्षा, स्वास्थ्य र कृषिमा व्यवस्थापन सूचना प्रणाली, राष्ट्रिय जीवनस्तर सर्वेक्षण, जनगणना र सङ्घीय सरकारका प्रकाशनहरूजस्ता विद्यमान स्रोतहरूबाट तथ्याङ्कहरू प्राप्त गरिरहेको छ। यद्यपि, यी स्रोतहरूले प्रदेश सरकारको ठोस अनुगमन तथा मूल्याङ्कन प्रणालीका लागि आवश्यक तथ्याङ्क परिपूर्ति गर्दैनन्।

प्रदेश तहमा एउटा सक्षम र क्रियाशील स्थायी तथ्याङ्कीय संस्था (पिएसओ) को स्थापनाका लागि संयन्त्रको संस्थागत गर्नु महत्वपूर्ण छ। प्राविधिक रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्देशित यस संस्थाले प्रदेश सरकारका लागि अग्रणी तथ्याङ्क निकायको काम गर्नेछ। विद्यमान नेपाल नमूना सर्वेक्षण (एनएसएस) ले अधिकांश आधिकारिक तथ्याङ्कहरूको उत्पादन गर्छ जुन प्राविधिक रूपमा स्थानीय तहका सूचकहरूमा खण्डीकरण गर्न सकिंदैन। जनसङ्ख्या, कृषि र आर्थिक गणनाका अतिरिक्त अन्य ठूलास्तरका घरपरिवार सर्वेक्षण जस्तैः नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, बहुसूचक क्लस्टर सर्वेक्षण र नेपाल जनसाङ्ख्यिक तथा घरपरिवार सर्वेक्षणले जिल्लास्तरसम्मको प्राविधिक रूपमा सही आँकलनहरू प्रदान गर्दैनन्। त्यसैकारण, प्रादेशिक तथ्याङ्क कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्य निकायहरूसँग समन्वय गरी राष्ट्रिय जनगणना र सर्वेक्षणहरूबाट अनूकल गरी प्रदेशको लागि आवश्यक तथ्याङ्क पूरा गर्ने हरसम्भव प्रयास गर्नेछ। साथै, सरकारले प्रादेशिक निकायहरूमा अनुगमन तथा मूल्याङ्कन/व्यवस्थापन सूचना प्रणाली इकाई गठन गर्नेछ। आवश्यक प्राविधिक तथा प्रशासनिक सेवा केन्द्रका लागि दक्ष तथा अनुभवी स्रोतको परिचालन अत्यावश्यक हुन्छ।

सेवा आपूर्ति र कार्यक्रम कार्यान्वयनमा सङ्कलन गरिएको प्रशासनिक तथ्याङ्क प्रमाणमा आधारित अनुगमन र सेवा आपूर्तिको प्रभावकारिता समीक्षा गर्न प्रयोग गरिनेछ। यसैगरी, प्रादेशिक तथ्याङ्क कार्यालयमा प्रादेशिक तथ्याङ्क केन्द्र र भविष्यमा क्षेत्रीयस्तरमा संस्थाहरूमा अनुगमन तथा मूल्याङ्कन एकिकृत गराउनु त्यक्तिकै आवश्यक छ।

## ५.२ दिविल अनुगमनका साधनहरू

दिविलहरूको अनुगमनका लागि सूचनाको मुख्य स्रोतमा नेपाल जीवनस्तर सर्वेक्षण (एनएलएसस), नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण (एनडीएचएस), बहुसूचक क्लस्टर सर्वेक्षण (आईसीएस), र जनसङ्ख्या र कृषि गणना हुन्। यी सर्वेक्षणहरू एकात्मक शासन प्रणालीका लागि विकसित गरिएका हुन् र हाल उनीहरूले दिविल अनुगमनका लागि आवश्यक प्रदेश र पालिकास्तरीय सूचना उपलब्ध गराउँदैनन्। दिविल अनुगमनका लागि प्रदेश र स्थानीय स्तरको तथ्याङ्क उत्पादन गर्नका लागि माथि उल्लेखित सर्वेक्षणहरूको (sample size) नमुनाको आकार बढाउनु व्यवहारिक हुन्छ। शासन व्यवस्थामा भएको परिवर्तनपछि प्रदेशमा रहेको तथ्याङ्कको अभावलाई पूर्ति गर्न एकात्मक राज्य प्रणालीका लागि निर्माण गरिएको विद्यमान राष्ट्रिय तथ्याङ्क विकास रणनीतिमा सुधार गरिने अपेक्षा गरिएको छ।

**हाल, प्रदेशले शिक्षा, स्वास्थ्य र कृषिमा व्यवस्थापन सूचना प्रणाली, राष्ट्रिय जीविकोपार्जन सर्वेक्षण, जनगणना र संघीय सरकारका प्रकाशनहरूजस्ता विद्यमान स्रोतहरूबाट तथ्याङ्कहरू प्राप्त गरिरहेको छ।**

प्रदेश सरकारले दिविल अनुगमनका लागि र शासन व्यवस्थालाई बलियो बनाउन सही र सान्दर्भिक तथ्याङ्कको नियमित आपूर्ति सुनिश्चित गर्न केन्द्रीय तथ्याङ्क विभाग र सङ्घीय सरकारका अन्य निकायहरूको समन्वयमा प्रदेशस्तरीय तथ्याङ्कहरूको उत्पादन गर्नेछ। केन्द्रीय तथ्याङ्क विभाग सर्वेक्षण र तथ्याङ्क प्रमाणीकरणको केन्द्रविन्दुमा रहनेछ। यद्यपि, सम्बन्धित मन्त्रालयमा विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, शिक्षा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण र निष्ठा र सेवा प्रवाह प्रभावकारिता सर्वेक्षण, निर्णय प्रक्रियामा महिला र पुरुष सर्वेक्षण, मानवस्रोत आंकलन, दिविल परिणाम अनुगमन तथा सर्वेक्षण (तालिका ४) जस्ता प्रदेशस्तरीय सर्वेक्षणमार्फत आफ्नो सूचना विकास गर्नेछ।

**तालिका ४ः प्रस्तावित दिविल अनुगमन साधनहरू**

| क्र.सं. | प्रस्तावित सर्वेक्षण | अन्तराल | औचित्य | जिम्मेवारी |
|---|---|---|---|---|
| **क. सङ्घीय सरकारले गर्ने सर्वेक्षण र गणना** | | | | |
| १ | राष्ट्रिय जीवनस्तर मापदण्ड सर्वेक्षण | ५ वर्ष | हालको राष्ट्रिय जीवनस्तर मापदण्ड सर्वेक्षणले आय, उपभोगका सम्बन्धमा अनुमानहरू र प्रादेशिक स्तरभन्दा तल धेरै दिविल सम्बन्धित सूचकहरू प्रदान गर्दैन। केन्द्रीय तथ्याङ्क विभागलाई प्रदेशको तथ्याङ्क आवश्यकता सम्बोधन गर्न आग्रह गरिनेछ। यो सर्वेक्षण दिविल १, दिविल२ र दिवल १० र १२ का मुख्य सूचकहरू अनुगमन गर्न महत्वपूर्ण हुनेछ। | यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ।<br>विभागलाई गण्डकी प्रदेशले सहयोग गर्नेछ। |
| २ | राष्ट्रिय श्रमशक्ति सर्वेक्षण | | राष्ट्रिय श्रमशसक्ती सर्वेक्षणले प्रादेशिक सरकारलाई आवश्यक श्रमशक्तिसम्बन्धी तथ्याङ्क उपलब्ध गराउनेछ। साथै, गण्डकी सरकारले दिविल अनुगमनका लागि बाँकी सूचना सङ्कलन गर्न आग्रह गर्नेछ। अल्पवेरोजगारी र वेरोजगारी प्रकारका सूचकहरूले यस सर्वेक्षणबाट सूचना प्राप्त गर्नेछन्। यो सर्वेक्षणले दिविल ८ लाई प्रवर्द्धन् गर्न सहयोग गर्नेछ। | यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ।<br>विभागलाई गण्डकी प्रदेशले सहयोग गर्नेछ। |
| ३ | राष्ट्रिय जनसाङ्ख्यिक र स्वास्थ्य सर्वेक्षण | ५ वर्ष | नेपाल जनसाङ्ख्यिक र स्वास्थ्य सर्वेक्षण र बहुसूचक क्लस्टर सर्वेक्षणमा पर्याप्त स्याम्ल साइज हुँदैन। दिविल ३ अनुगमन गर्नका लागि राष्ट्रिय जनसाङ्ख्यिक र स्वास्थ्य सर्वेक्षण र राष्ट्रिय बहुसूचक क्लस्टर सर्वेक्षणका विशेषताहरू समावेश गरेर आवश्यकता अनुसारको सर्वेक्षण आवश्यक हुन्छ। यो सर्वेक्षणले आंशिक रूपमा दिविल ४, ५, ६ र ७ को प्रगति, र प्रदेश सरकारका लागि शिक्षा, लैङ्गिक समानता, खाने पानी तथा सरसफाई, र उर्जा कार्यक्रम मापन गर्न मद्दत गर्नेछ। पालिकास्तरसम्मको भरपर्दो अनुमानहरू दिन सक्ने पर्याप्त स्याम्पल साइजसहितको राष्ट्रिय जनसाङ्ख्यिक र स्वास्थ्य सर्वेक्षणले प्रदेशमा रहेको तथ्याङ्कको अभावलाई पूर्ति गर्नसक्छ। | यो सर्वेक्षण सङ्घीय सरकार को स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ।<br>गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले सहयोग उपलब्ध गराउने छ। |
| ४ | बहुसूचक क्लस्टर सर्वेक्षण | ५ वर्ष | प्रादेशिक स्तरको खण्डिकृत तथ्याङ्क सहित (यसले दिविलहरू १, २, ३, ४, ५, ६, ७, १० र १२ को अनुगमन गर्न मद्दत गर्नेछ।) | यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ।<br>गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले सहयोग उपलब्ध गराउने छ। |

*तालिका ४ः क्रमशः*

| क्र.सं. | प्रस्तावित सर्वेक्षण | अन्तराल | औचित्य | जिम्मेवारी |
|---|---|---|---|---|
| ५ | औद्योगिक सर्वेक्षण | ५ वर्ष | प्रादेशिक स्तरको खण्डिकृत तथ्याङ्कसहित (यसले दिविलहरू ८ र ९ को अनुगमन गर्न मद्दत गर्नेछ। | यो सर्वेक्षण केन्द्रीय तथ्याङ्क विभागले गर्नेछ।<br>गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सहयोग उपलब्ध गराउने छ। |
| ६ | जनसङ्ख्या तथा कृषि गणना | १० वर्ष | यो सर्वेक्षणले बहुसंख्यक दिविलहरूको अनुमगन गर्न मद्दत गर्नेछ। | यो सर्वेक्षण सङ्घीय सरकारले गर्नेछ।<br>गण्डकी प्रदेशको सरकारले सहयोग उपब्ध गराउने छ। |
| **ख. गण्डकी सरकारले गर्ने सर्वेक्षण** | | | | |
| १ | निष्ठा र सेवा प्रवाह प्रभावकारिता सर्वेक्षण | ५ वर्ष | यो सर्वेक्षणले शासन व्यवस्था र शान्ति समावेश रहेको दिविल १६ का केही मुख्य सूचकहरूको अनुगमन गर्नेछ। | गण्डकी प्रदेश सरकार |
| २ | निर्णय प्रक्रियामा महिला र पुरुष सर्वेक्षण | ५ वर्ष | यो सर्वेक्षण ले सार्वजनिक, निजी र गैससहरूको निर्णय प्रक्रियामा महिलाहरूको हैसियतको अनुगमन गर्नेछ। साथै, यसले दिविल ५ र दिविल १६का धेरै सूचकहरूको पनि अनुगमन गर्छ। | गण्डकी प्रदेश सरकार |
| ३ | मानवस्रोत प्रक्षेपण | ५ वर्ष | यो सर्वेक्षणले दिविलहरू ४, ८ र १६ को अनुगमन गर्न मद्दत गर्नेछ। | गण्डकी प्रदेशको नीति तथा योजना आयोग |
| ४ | दिविल परिणाम अनुगमन सर्वेक्षण | ५ वर्ष | यो सर्वेक्षणले गण्डकी प्रदेशमा सबै दिविल सूचकहरूको अनुगमनमा मद्दत गर्नेछ। | गण्डकी प्रदेशको नीति तथा योजना आयोग |
| ५ | प्रशासनिक तथ्याङ्क | वार्षिक | जनसङ्ख्या तथा स्वास्थ्य, पोषण, शिक्षा, बालबाकिालको विद्यालय भर्नादर, कृषि उत्पादन, पर्यटक आगमन, यातायात, भौतिक पूर्वाधारसम्बन्धी तथ्याङ्क स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, शिक्षा व्यवस्थापन सूचना प्रणाली र सवारी साधन तथा उद्योग दर्ताको अभिलेख आदिबाट सङ्कलन गरिनेछ। | गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय, भूमिसुधार, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयले वार्षिक रूपमा सेवा तथ्याङ्कको सङ्कलन गर्नेछन्। |



# परिशिष्ट

## परिशिष्ट १[१६]

| दिदिल १. सबै ठाउँबाट सबै स्वरूपका गरिबीको अत्य गर्ने | | | | | | | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिमाणात्मक लक्ष्य र सूचकहरू | | राष्ट्रिय | | | गण्डकी | | | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा तथ्याङ्कको स्रोत | तथ्याङ्क वर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | | | | | | |
| परिमाणात्मक लक्ष्य १.१ सन् २०३० सम्ममा जहाँसुकै रहेका भएपनि सबै जनताको चरम गरीबी उन्मूलन गर्ने (हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको रूपमा मापन गरिएको) | | | | | | | | | | | | | |
| १.१.१ | लिङ्ग, उमेर, रोजगारीको अवस्था र भौगोलिक अवस्थिति (शहरी/ग्रामीण) अनुसार अन्तर्राष्ट्रिय गरीबीको रेखामुनि रहेका जनसङ्ख्याको अनुपात | | | | | | | | | | | | |
| १ | गरिबी प्रतिदिन १.९ डलर (PPP मूल्य क्रयशक्तिको आधारमा) | १५ | १०.३ | ८ | ११.०१ | १० | १ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| ३ | प्रति व्यक्ति कुल राष्ट्रिय आम्दानी (अमेरिकी डलरमा) | ७६६ | २०२९ | २५०० | १०४३ | १९५६ | ३७२१ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| परिमाणात्मक लक्ष्य १.२ सन् २०३० सम्ममा राष्ट्रिय परिभाषाहरू बमोजिम गरीबीका सबै आयामहरूमा बाँचिरहेका (जीवन निर्वाह गरिरहेका) सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपात कम्तीमा आधा घटाउन | | | | | | | | | | | | | |
| १.२.१ | राष्ट्रिय गरीबी रेखामुनि रहेका जनसङ्ख्याको अनुपात (प्रतिशत) | २१.६ | १०.५ | ४.९ | १४.९१ | ७.४१ | २ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान, सानो क्षेत्र गरिबी आंकलन, | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| १ | राष्ट्रिय गरीबी रेखामुनि रहेका सबै उमेरका महिलाको अनुपात (प्रतिशत) | २५.३ | | ५ | २०.९ | १० | २ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| १.२.२ | राष्ट्रिय परिभाषाहरू बमोजिम गरीबीका सबै आयामहरूमा बाँचिरहेका (जीवन निर्वाह गरिरहेका) सबै उमेरका पुरुष, महिला र बालबालिकाको अनुपात | | | | | | | | | | | | |
| १ | बहुआयामिक गरिबी सूचकाङ्क (ब.ग.सू) | २८.६ | २१.४ | १० | १४.२ | ६.७ | २ | ब.सू.क्ल.स. | रा.यो.आ. | २०७१ | जिल्ला | ५ वर्ष | प्रा.यो.आ. |
| २ | राष्ट्रिय गरीबी रेखामुनि रहेका बालबालिकाको अनुपात (५ वर्षमुनि, प्रतिशत) | ३५.४ | १५.३ | ५ | २८.३ | ११ | २ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| परिमाणात्मक लक्ष्य १.३ राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र फ्लोर्स (Floors) सहितका उपायहरू सबैका लागि लागू गर्ने र सन् २०३० सम्ममा गरीब र संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने | | | | | | | | | | | | | |
| १ | कुल बजेटमा सामाजिक सुरक्षा खर्च (प्रतिशत) | ११ | १३.७ | १५ | | | | प्रतिवेदन | दिदिल मार्गचित्र (राष्ट्रिय) | | प्रदेश | बार्षिक | PPC/MOPEA प्र.यो.अ./आ.मा.यो.म. |

*परिशिष्ट १: क्रमशः*

*[१६] स्रोत र जानकारी गराइएको वर्षमा हुने भिन्नताले राष्ट्रियस्तरमा तथ्याङ्क आधार फरक हुनसक्छ। राष्ट्रियस्तरमा 'मात्र' तथ्याङ्क उपलब्ध भएको अवस्थामा सूचकहरू राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको दिदिल मार्गचित्रबाट लिइएको हो। यो उदाहरणमा (मात्र) तथ्याङ्क वर्षले सम्बन्धित वर्षमा सूचकको अवस्थालाई संकेत गर्दैन।*

| दिदिल १. सबै ठाउँबाट सबै स्वरूपका गरिबीको अन्त्य गर्ने | | | | | | | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिमाणात्मक लक्ष्य र सूचकहरू | | राष्ट्रिय | | | गण्डकी | | | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा तथ्याङ्कको स्रोत | तथ्याङ्क वर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | | | | | | |
| २ | PPP मूल्यमा प्रतिदिन १.९ अमेरिकी डलरभन्दा कम आम्दानी गर्ने रोजगारी प्राप्त व्यक्तिहरू (प्रतिशत) | १६.५ | ६.३ | १ | ११.८ | ५ | १ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि |
| परिमाणात्मक लक्ष्य १.४ सन् २०३० सम्ममा सबै महिला तथा पुरुष,विशेषगरी गरीब र संकटासन्न अवस्थामा रहेकाहरूको आर्थिक स्रोतसाधनमा समान अधिकारकासाथै आधारभूत सेवासुविधाहरूमा पहुँच, भूमि र अन्य प्रकारका सम्पत्तिमाथिको स्वामित्व र नियन्त्रण, उत्तराधिकार, प्राकृतिक स्रोत, उपयुक्त नयाँ प्रविधि र लघुवित्तसहित वित्तीय सेवाहरूमा यिनीहरूको पहुँच सुनिश्चित गर्ने | | | | | | | | | | | | | |
| १.४.१ | आधारभूत सेवाहरूमा पहुँच भएका घरपरिवारहरूमा बस्ने जनसङ्ख्याको अनुपात | | | | | | | | | | | | |
| १ | ३० मिनटको पैदलयात्रामा बजारसम्म पहुँच भएका घरपरिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ४४.७ | ७५ | ९० | ३३.८ | ७२ | ९० | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| २ | बैंक खाता भएका घरपरिवारहरू (कुल जनसङ्ख्याको प्रतिशत) | ६८.३ | ७६.१ | ८० | ७५.९ | ७९ | ९५ | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०७३ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| ३ | औपचारिक वित्तीय सेवाले समेटेका घरपरिवारहरू | ४०ⁱ | ६६.७ | ८० | | | | ने.जी.स. | दिदिल मार्गचित्र (राष्ट्रिय) | | प्रदेश | ५ वर्ष | के.त.वि. |
| १.४.२ | कानूनी रूपमा मान्यताप्राप्त कागजातसहितका जमिनमाथि मोहियानी हक भएका र जमिनमाथिको आफ्नो अधिकारलाई सुरक्षित ठान्ने कुल बयस्क जनसङ्ख्याको अनुपात (लिङ्ग र मोहियानीको किसिमअनुसार) | | | | | | | | | | | | |
| १ | तल्लो पञ्चमक (Bottom quintile) को राष्ट्रिय उपभोगमा हिस्सा (प्रतिशत) | ७ | १०.५ | १२ | ६.९ | ११ | २० | ने.जी.स. | ने.जी.स.-विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| २ | आफ्नो आम्दानीको ३० प्रतिशत भन्दा बढी आवासमा खर्च गर्ने सबैभन्दा तल्लो पञ्चमकमा रहेको शहरी जनसङ्ख्याको अनुपात | | | | | | | | | | | | |
| ३ | आफ्नो आम्दानीको १० प्रतिशत भन्दा बढी आधारभूत सेवाहरू (खानेपानी, सरसफाइ, उर्जा, शिक्षा, स्वास्थ्य, यातायात)मा खर्च गर्ने सबैभन्दा तल्लो पञ्चमकमा रहेको जनसङ्ख्याको अनुपात | | | | | | | | | | | | |

*परिशिष्ट १: क्रमशः*

| दिदिल १. सबै ठाउँबाट सबै स्वरूपका गरिबीको अन्त्य गर्ने | | | | | | | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिमाणात्मक लक्ष्य र सूचकहरू | | राष्ट्रिय | | | गण्डकी | | | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा तथ्याङ्कको स्रोत | तथ्याङ्क वर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | | | | | | |
| परिमाणात्मक लक्ष्य १.५ सन् २०३० सम्ममा गरिब र संकटासन्न अवस्थामा रहेका मानिसहरूको उत्थानशीलता निर्माण गर्ने र त्यस्ता व्यक्तिहरूको जलवायुसँग सम्बन्धित विषम घटनाका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू र विपद्का जोखिम तथा कमजोरपनालाई कम गर्ने | | | | | | | | | | | | | |
| १.५.१ | विपद्का कारण मृत्यु हुने, बेपत्ता भएका र प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिहरूको सङ्ख्या (प्रति १ लाख जनसङ्ख्यामा) | | | | | | | | | | | | |
| १ | विपद्का घटनाहरूबाट मृत्यु (सङ्ख्या) | ८८९१ | २०५ | १०० | ५० | २० | ५ | प्रशासनिक तथ्याङ्क | दिदिल मार्गचित्र (राष्ट्रिय) | | जिल्ला | वार्षिक | गृ.म./आ.मा.का.म. MOHA/MOIAL |
| २ | हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू (सङ्ख्या, प्रति १ लाख जनसङ्ख्यामा) | ४१५ | ३८२ | ५० | २० | १० | ५ | प्रशासनिक तथ्याङ्क | दिदिल मार्गचित्र (राष्ट्रिय) | | जिल्ला | वार्षिक | MOHA/MOIAL गृ.म./आ.मा.का.म. |
| १.५.४ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीतिअनुरूप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति लागू गर्ने स्थानीय सरकारहरूको अनुपात | | | | | | | प्रशासनिक तथ्याङ्क | | | जिल्ला | वार्षिक | MOIAL/MOITFE आ.मा.का.म / उ.प.व.वा.म. |

## परिशिष्ट २

| दिविल २. भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने । | | | | | | | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिमाणात्मक लक्ष्य र सूचकहरु | | राष्ट्रिय | | | गण्डकी | | | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा तथ्याङ्कको स्रोत | तथ्याङ्क वर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | | | | | | |
| परिमाणात्मक लक्ष्य २.१ सन् २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र शिशुसहित खासगरी गरीब र संकटासन्न अवस्थामा रहेका व्यक्तिहरूसहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने | | | | | | | | | | | | | |
| २.१.१ | न्यून पोषित दर | ३८ | १४ | ३ | ४१.७ | १६ | १ | ने.जी.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | प्र.त.का. |
| २ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | १९७.० | ४१९.० | ५३० | २३४ | ४०० | ५०० | MIS/ report | कृषि तथ्याङ्क | २०७४ | जिल्ला | वार्षिक | कृ.वि.म/कृ.प.वि.म |
| ३ | आफ्नो आयको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्याको प्रतिशत | ४३.४३ | २५ | ३ | ४४.२ | १७ | ३ | | | | | | |
| ३ | सुकाउने, भण्डारण गर्ने र प्रशोधन गर्ने सुविधामा पहुँच | | | | | | | प्रशासनिक तथ्याङ्क | | | जिल्ला | वार्षिक | कृ.प.वि.म. |
| परिमाणात्मक लक्ष्य २.२ सन् २०३० सम्ममा सबै प्रकारका कुपोषण अन्त्य गर्ने, र त्यसका लागि सन् २०२५ सम्ममा ५ वर्षमुनिका बालबालिकाहरूको वृद्धि अवरोध र उचाइअनुसार कम तौल हुने सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमै सहमत भएका लक्ष्यहरू हासिल गर्ने र किशोरी, गर्भवती र स्तनपान गराउने महिला तथा ज्येष्ठ नागरिकहरूका पोषणसम्बन्धी आवश्यकताहरूलाई सम्बोधन गर्ने | | | | | | | | | | | | | |
| २.२.१ | पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपना (२ वर्षसम्मका लागि उचाई विश्व स्वास्थ्य सङ्गठनको बालबालिका वृद्धि मानकको मध्यमबाट मानक विचलन) को अवस्था | ३५.८ | २० | १५ | २८.९ | १७ | १ | ब.सू.क्ल.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०७३ | जिल्ला | ५ वर्ष | सा.वि.म./प्र.त.का |
| २.२.२ | पाँच वर्षमुनिका बालबालिकामा कुपोषणको दर (उचाइअनुसार तौल कम हुने र बढी तौल र विश्व स्वास्थ्य सङ्गठनको बालबालिका वृद्धि मानकको मध्यमबाट मानक विचलन) | ९.७ | ५ | ४ | ५.८ | १ | ०.५ | ब.सू.क्ल.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०७३ | जिल्ला | ५ वर्ष | सा.वि.म./प्र.त.का |
| २ | प्रजनन् उमेरसमूहका महिलाहरूमा रक्तअल्पताको स्थिति (व्यापकता) | ३३.५ | १८ | १० | २८.२ | १६ | १ | ब.सू.क्ल.स. | रा.ज.घ.स. | २०७३ | जिल्ला | ५ वर्ष | स.वि.म. |
| ३ | ५ वर्षमुनिका बालबालिकामा रहेको रक्तअल्पताको स्थिति | ५२.७ | २३ | १० | ४६.२ | १० | ५ | ब.सू.क्ल.स. | | | जिल्ला | ५ वर्ष | /प्र.त.का |
| ४ | सिकल सेल रक्तअल्पताबाट प्रभावित जनससङ्ख्या | | | | | | | ब.सू.क्ल.स. | | | जिल्ला | ५ वर्ष | स.वि.म. |
| परिमाणात्मक लक्ष्य २.३सन् २०३० सम्ममा विशेषत महिला, आदिवासी जनजाति, पारिवारिक कृषकहरू, पशुपालनमा संलग्न व्यक्ति र माझीहरूको जमिन, अन्य उत्पादनशील स्रोतहरू तथा लगानी, ज्ञान, वित्तीय सेवा, बजारका साथै मूल्य थप र गैरखेतीरोजगारी जस्ता सुविधा/अवसरहरूमा सुरक्षित र समान पहुँचको माध्यमबाट सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषि उत्पादकत्व तथा आम्दानीहरू दोब्बर पार्ने | | | | | | | | | | | | | |
| २.३.१ | कृषि खेती/पशुपालन/वन उद्यमीहरू अनुसार प्रतिकामदार एकाइ उत्पादनको मात्रा | | | | | | | | | | | | |

*परिशिष्ट २ : क्रमशः*

| दिदिल २. भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने । | | | | | | | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| परिमाणात्मक लक्ष्य र सूचकहरू | | राष्ट्रिय | | | गण्डकी | | | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा तथ्याङ्कको स्रोत | तथ्याङ्क वर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | | | | | | |
| २.३.२ | लिङ्ग र आदिवासी पहिचान/हैसियत अनुसार सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत वार्षिक आय | | | | | | | | | | | | |
| २.३.२.१ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. मा | ३५५६० | | | ४४७०९ | ८३५५४ | १६२४३३ | ने.जी.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०७३ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| २.३.२.२ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. माः पुरुष | ४०१४८ | | | ४९६४२ | ९२५५० | १८०३५५ | ने.जी.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| २.३.२.३ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. माः महिला | स.वि.म. ३९८३७ | | | ५०१२४ | ८३४४९ | १८२१०६ | ने.जी.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| २.३.२.४ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. माः आदिवासी | ३३३८७ | | | ३८९५४ | ७२६२४ | १४१५२४ | ने.जी.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| २.३.२.५ | सानास्तरका खाद्यान्न उत्पादकहरूको औसत आय रु. माः गैरआदिवासी | ४३२०६ | | | ५४७३० | १०२०३६ | १९८८४८ | ने.जी.स. | ने.जी.स.- विश्व बैंक अनुमान | २०६८ | प्रदेश | ५ वर्ष | के.त.वि. |
| परिमाणात्मक लक्ष्य २.४ सन् २०३० सम्ममा दिगो खाद्यान्न उत्पादन प्रणाली सुनिश्चित गर्ने र उत्पादकत्व तथा उत्पादन वृद्धि गर्ने, पारिस्थितिकीय प्रणाली कायम राख्न सहयोग गर्ने, जलवायु परिवर्तन, विषम मौसम, सुख्खा, बाढी र अरू विपद्प्रति अनुकूलन गर्ने क्षमता बढाउँने र जमिन तथा माटोको गुणस्तरमा प्रगतिमूलक रूपमा सुधार ल्याउने उत्थानशील कृषिजन्य अभ्यासहरू कार्यान्वयन गर्ने | | | | | | | | | | | | | |
| २.४.१ | उत्पादनशील र दिगो कृषिअन्तर्गत रहेको कृषि क्षेत्रको अनुपात | | | | | | | | | | | | |
| १ | हाल कायम रहेको कुल कृषिभूमि (हजार हेक्टरमा) | २५४८ | २६४१ | २६४१ | ३६२ | ३७५ | ३९० | प्रशासनिक तथ्याङ्क | ने.रा.बैं. | २०७४ | जिल्ला | वार्षिक | कृ.वि.म/कृ.प.वि.म |
| २ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरि सिचाइँ सुविधा पुगेको भूमि (प्रतिशत) | | | | ४६ | ५५ | ६५ | | | | | | |
| ३ | कुल कृषिभूमिमध्ये बाली लगाइएको भूमि (प्रतिशत) | | | | ७५ | ७७ | ८० | | | | | | |

## परिशिष्ट ३

| लक्ष्य ३. सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने | | | | | | | | अनुगमन ढाँचा/खाका | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दिविल परिमाणात्मक लक्ष्य र सूचकहरू | | राष्ट्रिय | | | गण्डकी | | | प्रस्तावित तथ्याङ्क स्रोत | प्रतिवेदनमा तथ्याङ्कको स्रोत | तथ्याङ्क वर्ष | खण्डीकरणको तह | समयको अन्तराल | जिम्मेवार निकाय |
| | | २०१५ | २०२५ | २०३० | २०१५ | २०२३ | २०३० | | | | | | |
| ३.१ सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदर प्रत्येक १ लाख जीवित जन्ममा ७० भन्दा कम गर्ने | | | | | | | | | | | | | |
| ३.१.१ | प्रति १००,००० जीवित जन्ममा मातृ मृत्युदर | २५८ | ९९ | ७० | २३९ | ९९ | ३५ | ब.सू.क्ल.स. | गण्डकी प्रदेश स्थितिपत्र | २०७५ | शहरी-ग्रामीण (प्रदेश) | ५ वर्ष | स.वि.म./प्र.त.का. |
| ३.१.२ | दक्ष प्रसुतीकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | ५८ | ७९ | ९० | ६९.९ | ८० | ९४ | ब.सू.क्ल.स. | ने.ज.घ.स. | २०७३ | जिल्ला | ५ वर्ष | सा.वि.म./प्र.त.का. |
| ३.१.३ | पाठेघर खस्ने समस्या भएका महिलाहरूको सङ्ख्या | | | | | | | HMIS स्वा.व्य.सू.प्र. | | | जिल्ला | वार्षिक | सा.वि.म./प्र.त.का. |
| ३.२ सबै देशको नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) लाई कम्तीमा २५ पुऱ्याउने लक्ष्यसहित सन् २०३० सम्ममा नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको निवारण गर्न सकिने मृत्युको अन्त्य गर्ने | | | | | | | | | | | | | |
